# सर्पको बीउ

प्रिय परमेश्वर, महान र शक्तिशाली परमेश्वर, जसले आफ्नो आत्माको शक्तिद्वारा सबैथोक बनाउनुभयो, र येशू ख्रीष्टलाई ल्याउनुभएको छ, उहाँको एकलौटे पुत्र, जो हाम्रो निम्ति स्वतन्त्र रूपमा मर्नुभयो, अधर्मीको निम्ति धार्मिक, हामीलाई यो अद्भूत संगतिमा फेरी मिलापमा ल्याउनको निम्ति जुन परमेश्वरसंग हाम्रो फेरी पनि छ, जसरी हामीलाई आशिषित वचनमा सिकाईएको छ, कि उहाँसंग हाम्रो संसारको जग बसालिनुभन्दा पहिले नै संगति थियो: "जब बिहानको ताराले एकसाथ गाएका थिए, र परमेश्वरको छोराहरुले आनन्दले कराए, जुन संसारको उत्पत्ति हुनभन्दा धेरै अगाडि थियो।" कसरी हामीले थाहा पाउछौ कि त्यो उहि समय थिएन जुन बेलामा थूमा मारिएको थियो; कि जब परमेश्वरले, उहाँको महान विचारमा, हामीलाई येशूद्वारा मुक्तिमा कराईरहेको र आनन्द मनाईरहेको देक्नुभएको थियो?

2 र, आजराति, हामीले उहाँको दोस्रो आगमनमा प्रकट हुने महान ईश्वरीय महिमाको पूर्वाभास मात्रै पाएका छौ। सबै रोग र दु:ख हट्नेछ। त्यसपछि हामीसंग उहाँको आफ्नै महिमित शरीर जस्ता हाम्रो एउटा शरीर हुनेछ, किनकि हामीले उहाँलाई उहाँ जस्तो हुनुहुन्छ त्यस्तै देख्नेछौ। यहाँ हामी हाम्रा हातहरु मुर्झाइरहेको, हाम्रा केशहरु फुल्दै गरेको, र काँधहरु कुप्रिरहेको देख्दा, हामी सचेत छौ कि हामीहरु मरणशील छौ र धुलो तर्फ बढिरहेका छौ जहाँबाट अहिले हाम्रा शिरहरु झुकेका छन्, र हामी कहाँबाट आएका छौ। तर, प्रभु परमेश्वर, जत्ति निश्चित रुपमा तपाई परमेश्वर हुनुहुन्छ, तपाईले एउटा प्रतिज्ञा गर्नुभएको थियो कि अन्तिम दिनहरुमा हामी फेरी उठ्नेछौ, र हामी यो विश्वास गर्छौ।

3 हामी आज राति सच्चा विश्वासका साथ तपाईको उपस्थितिमा उभिन्छौ, साहसका साथ आउँदै किनभने येशूले हामीलाई यो गर्नको निम्ति निर्देशन दिनुभएको छ। हामीले गरेका असल कुरामा होइन, किनकि हामीले केहि पनि सहि गरेका छैनौ; तर हामी नम्रताका साथ आउँछौ, हाम्रो पुल्टोमा पारिएको उहाँको अनुग्रहको कारणले यो खजाना हामीसंग छ भनि घोषणा गर्दै आउँछौ। त्यसैकारणले, तपाईको वचन ल्याउने क्रममा तपाईले हामीलाई आशिष दिनुहुनेछ भनि विन्ती गर्दै आउँदछौ। किनकि यो

लेखिएको छ, कि, “मानिसहरु रोटिले मात्रै होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ।” र परमेश्वरको मुख आज बोलिएको होस्। वचन आउन दिनुहोस्, र यो हामी सुन्नेहरुका, हृदयका गहिराईमा जान सकेको होस्, र तपाईको आत्मा र उपस्थितिले भरिएको होस्। किनकि हामी माग्छौ येशूको नाउँमा। आमेन।

4 आ—आज र हिजो, गत राति, अझै, र आज, हामीहरु यो विषयमा बोल्दै थियौ, पहिलो, यसमा अगाडि बढ्नको लागि, *किन हामीहरु एक नामधारी संगठित मण्डली होइनौ।* र बरु हामीले यसलाई अझै बलियो बनाएका छौ, हामीहरु किन एउटा सम्प्रदाय होइनौ, र किन हामीहरु संगठित सम्प्रदायहरुमा विश्वास गर्दैनौ। किनभने, हामीले यो बाईबलमा पाउँछौ, कि संगठित सम्प्रदाय कहिल्यै पनि परमेश्वरबाट नियुक्त गरीएको थिएन; यो शैतानद्वारा नियुक्त गरिएको हो; र बाईबलबाट प्रमाणित गरिएको छ। र कसरी त्यो, संगठित सम्प्रदायहरु मार्फत, त्रुटी ल्याउँछ। अब हामीले सच्याउन र परमेश्वरको आशिषित वचनको संगतिमा यस मण्डलीलाई ल्याउनको निम्ति यो भनिरहेका छौँ। कि, हाम्रा आशाहरु नामधारी सम्प्रदायले के भन्छ, वा मानिसले के भन्छ त्यसमा निर्माण भएको छैन; यो परमप्रभु परमेश्वरले के भन्नुभएको छ त्यसमा निर्माण भएको छ। र त्यो मात्रै एउटा तरिका हो जसबाट हामी सच्चिन सक्छौ।

5 र यस बिहान, मसंग पाँचवटा थिए, म विश्वास गर्छु, भिन्न लेखहरु जुन नामधारी सम्प्रदायहरु मार्फत बाहिर आएको छ, जुन कुरा बाईबलमा बिल्कुलै भनिएको छैन, कि प्रोटेस्टेन्ट मण्डलीहरु झुकिरहेका छन्, र सिद्धान्तको लागि शिक्षा दिईरहेका छन्: उहि कुरा जुन पुरानो आमा वेश्या, क्याथोलिक मण्डलीले प्रचार गर्छ, र प्रोटेस्टेन्ट मण्डलीमा आउँछ। र हामी उहि कुरामा झुक्दछौ जुन परमेश्वरको वचनमा सबैतरिकाले विपरित छ।

6 पहिलो नामधारी संगठित मण्डली, हामीले यस दिउसोमा माथि नाईसिन पिताको इतिहासमा हेर्यौ, नाईसिन मण्डलीको बारेमा। प्रेरितहरुको मृत्युको बेलामा, त्यहाँ नाईसिन पिताहरु आए, र तिनीहरु धेरै वर्षसम्म गए। तिन सय पच्चीस वर्ष, अन्ततः नाई—नाईसियामा आए, फ्रान्समा, जहाँ तिनीहरुको महान—महान नाईसिन सभा भयो। र त्यहाँ तिनीहरुले यो सिद्धान्त बनाए जुन अहिले क्याथोलिक मण्डलीसंग छ, र त्यो प्रोटेस्टेन्टहरुलाई पनि हस्तान्तरण गरिएको छ।

7 र आज बिहानको शिक्षामा जसरी मैले—मैले भने, "ती मण्डलीका युगहरु मध्ये हरेक, त्यो—त्यो थेसलोनिकीको मण्डलीको युगसम्म, पन्ध्रसय वर्षसम्मको कालो युगहरु, त्यहाँ उहाँले भनेको बाहेक कुनै समय छैन, 'तिमीहरुसंग अझै पनि मेरो नाम छ।'"

8 र अर्को तर्फ, तिनीहरु अब ख्रीष्टमा थिएनन्, तिनीहरु एउटा नामधारी साम्प्रदायिक नाममा बाहिर आउँछन्, "क्याथोलिक, लूथर, वेस्ली, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, पेन्टिकोष्टल," तल आउँछन्।

9 तर युगको अन्त्य हुनुभन्दा अगाडि, उहाँले भन्नुभयो, "मैले तिमीहरुमा खुला ढोका राखिदिए।" बुझ्नुभयो? र हामी विश्वास गर्छौं कि हामी ठिक त्यहि युगमा छौ अहिले, खुला–द्वारको युग, लाऊडिकिया मण्डलीबाट अन्तिम बाहिर जाने बीचमा।

10 र यो लाउडिकिया सभाको लागि ठिक तिनसय पच्चीस वर्ष भयो। र त्यहाँनिर तिनीहरुले यी रुपहरु अपनाए जस्तै छिर्काउने, खन्याउने, र झुटा बप्तिष्मा, झुटा पवित्र आत्मा, सबै यी कुराहरु। तिनीहरुले यसलाई अपनाए।

11 र त्यसपछि जब लूथर, एउटा पूजाहारी, क्याथोलिक मण्डलीबाट बाहिर आए, यी कुराहरु यसैसंग लिएर आए। र त्यहाँबाट बाहिर ज्विंग्ली निस्कि आए, ज्विंग्लीबाट बाहिर क्याल्भिन आए, क्याल्भिनबाट बाहिर वेस्ली निस्कि आए, ओ, तल आए। र तिनीहरुले ती सिद्धान्तहरु ल्याई नै रहे। र कसरी परमेश्वरले आफ्नो मण्डलीलाई अगुवाई गर्नसक्नुहुन्छ, जब कि तिनीहरुले त्यस बाटोलाई पच्छ्याईरहे जुन तिनीहरुलाई अगुवाई गर्नको लागि उहाँले ल्याउनुभएको थिएन?

12 र याद गर्नुहोस्, प्रकाश १७ मा, हामीले "स्त्री" पाउँछौ। अब यी शब्दहरु स्पष्ट छन्। ती बाईबलमा लेखिएका छन्, त्यसैले मलाई लाग्छ मैले यो भन्न सक्छु। यसले भन्छ कि यो स्त्री एउटा "वेश्या" थियो। त्यसको अर्थ उनी एक बदनाम स्त्री थिईन्; कि उनी एउटा श्रीमानसंग विवाह हुनपर्ने थियो, र संसारसंग व्यभिचार गरिन्। र उनीसंग एउटा...उनी एउटा "वेश्याहरु कि आमा," थिईन् त्यसैकारणले उनको छोरीहरु थिए। र हामीले भौगोलिक रुपमा त्यसलाई कोरेका छौ, यसमा भएर...र त्यहाँ, म आफैले, यसलाई धर्मशास्त्रमा देखेर, तिनको सिद्धान्तहरु र सबैकुरा देखेर, म विश्वास गर्छु कि प्रभुले यसलाई पूर्ण रुपमा रेखामा राख्नुभएको छ, त्यो

अरु केहि नभएर क्याथोलिक मण्डली हो। हुनसक्ने यो मात्रै हो। र उनले के लाई जन्म दिईन्? प्रोटेस्टन्ट मण्डली। ठ्याक्कै, उनले गरिन्।

13 र उनको हातमा उनको व्यभिचारको दाखरसको कचौरा थियो, र उनले यसलाई पृथ्वीको राजाहरुलाई दिईरहेकी थिईन्। रआत्मिक रूपमा भन्दा, उनी संसारभरिकै शासक थिईन्। र त्यो एकदम सहि हो। त्यहाँ अर्को छैन...

14 हेर्नुहोस्, आउनुहोस्, हामी पछाडि फर्केर दानिएलमा जानसक्छौ र प्रतिरूप पाउनसक्छौ। प्रतिरूपलाई हेर्नुहोस्: सुनको टाउको, बेबिलोनको राज्य; काँसा...या चाँदी, मादी–र–फारसी; काँसा, एलेकजेन्डर महान, र त्यस्तै अन्य, युनानी राज्य; त्यसपछि रोमन साम्राज्य, पूर्वीय र पश्चिमी रोम, दुईवटा खुट्टाहरु।

15 र ध्यान दिनुहोस् यी दस राज्यहरुमा, जुन ठिक ती दसओटा सिङहरु संग आउँछ जुन हामीले यस बिहान कुरा गरिरहेका थियौ, उठ्न पर्ने ती दसवटा राज्यहरुमा, त्यहाँ फलाम र माटो मिसिएको थियो। र त्यो फलाम खुट्टाबाट आउँछ, जुन रोम हो। र क्याथोलिक मण्डलीको मार्फतबाट, स्वर्ग मुनि रहेको सबै देशमा त्यहाँ एउटा रोमनवादको धार मिसीएको छ। त्यो एकदम सहि हो। र तिनीहरु कहिँ पनि, मिसीदैनन्।

16 र तिनीहरुले एक अर्कामा, अन्तरविवाह गर्थे। बाईबलले भनेको थियो तिनीहरुले त्यसो गर्नेछन्। र आज तिनीहरुलाई हेर्नुहोस्। तपाईको केटा क्याथोलिकको केटिसंग जान्छ; जब तिनीहरु विवाह गर्नलाई जान्छन्, तिनीहरुले आफ्नो बच्चालाई क्याथोलिक बनाई हुर्काउने वाचा गर्नुपर्छ; हेर्नुहोस्, विपरित। हेर्नुहोस्, यो अरुको शक्ति तोड्नको लागि हो।

17 तर यो के हो? यो सबै कुरा वेश्यापन हो भनि बाईबलले दावी गर्छ। अब तपाई के गर्न जानुहुनेछ? त्यो सहि हो। र कसरी मानिसहरुको पापले भेट गर्नेछ...हामीहरु फर्केर व्यवस्थामा गयौ, र एउटा नाजायज बच्चा देखायौ, हरामी बच्चा, प्रभुको मण्डलीमा चौध पुस्तासम्म पनि प्रवेश गर्न पाउँदैन थियो। त्यो व्यवस्था भित्र थियो। र ख्रीष्ट व्यवस्थालाई आवर्धन गर्न आउनुभयो। यो कति छ त अहिले?

18 र यिनीहरुलाई के भईरहेको छ, यी बाटाका साना शौकिन महिलाहरुलाई के भएको आज, यी साना चुरोट–पिउने महिलाहरु, छोटो लुगा लगाउने, छोटा–कपाल भएका महिलाहरु, र अन्य त्यस्तै? यसमा के भएको? यो कारण हो तिनीहरुको आमाले यस्तो व्यवहार गरे। यो भ्रमण,

अधर्म, एउटा पुस्ता देखि अर्कोमा। त्यो नै यो हो। र हामीले के पाएका छौ? हामी एउटा ठाउँमा आएका छौ, जुन अरु केहिको नभएर फोहोरी पापको एउटा जमात मात्रै हो।

19 त्यहि नै कारणको परमेश्वरले रूसलाई, पारी, उसलाई मेटाउनको लागि परमाणु बम सहित उठाउनुभयो, पुरानो बाढी जस्तै, जब उहाँले बादलहरु उठाउनुभयो। निश्चय नै, उहाँले उठाउनुभयो। र बाईबलले यसो भन्छ। रूस, तिनीहरु जस्तै नास्तिक देश, नास्तिक, शक्तिशाली परमेश्वरको हातमा ठिक तरिकाले खेलिरहेको छ। उस्तै नै जस्तो राजा नबुकदनेसरले इस्राएललाई नष्ट गर्न पर्ने थियो किनभने तिनीहरु परमेश्वरसंग हिड्न असफल भए, क्याथोलिक मण्डलीको "सन्तहरुको बदला लिन," रूस ठिक माथि उठिरहेको छ, त्यसले सन्तहरुको बगाएको रगतको लागि। बाईबलले त्यसो भनेको छ। यसले सबैकुरा लिन जानेछ।

20 त्यसैले यहाँ हेर्नुहोस्, यदि तिनीहरुको आमा एउटा सुत्रधार केटि थियो, र तिनीहरुको हजुरआमा, र उसको आमा चाहि एउटा शौकिन महिला थियो, उनी आज को हुन्? एउटा रक–एन–रोलमा कपडा उतारेर नाच्नेवाला। उनको बच्चाहरु कस्तो हुनेवाला छ?

र तपाई भन्नुहुन्छ, "के परमेश्वरले त्यो गर्नुहुन्छ?" हो, श्रीमान।

21 परमेश्वरले सन्तान, पिढी, यहाँसम्म कि चौध पुस्तासम्मको अधर्मलाई दण्डित गर्नुहुन्छ। र यदि ख्रीष्ट यसको आवर्धन गर्न आउनुभएको हो भने, हामीले भन्छौ, "एक सय पुस्ता, वा पाँचसय पुस्ताहरु।" किन, उहाँले भन्नुभयो, "तिनीहरु पुरानो, तिनीहरुले भनेका तिमीहरुले सुनेका छौ, पुरानो समयमा, 'तैले हत्या नगर्नु।' म भन्छु, 'तिमी, जो आफ्नो भाईसंग क्रोधित भएको छ, कुनै एउटा कारण बिना, त्यसले पहिले नै हत्या गरिसकेको छ।' तिनीहरुले भनेका तिमीले सुनेको छौ, ती पुराना समयका मानिसहरुले, 'तैले व्यभिचार नगर्नु।' तर कामबासनाको कुदृष्टिले एउटा स्त्रीलाई जसले हेर्दछ, त्यसले पहिले नै व्यभिचार गरिसकेको छ।" उहाँले यो बनाउनुभयो…*आवर्धन* भनेको के हो? "यसलाई धेरै गुणा ठूलो पार्नु हो।" र यदि व्यवस्थाको अधिनमा यो चौध वर्ष छ भने, यहि कुराले आज झन् कति धेरै समय लाग्छ होला?

22 र जवान युवकहरु, अध–वैश पुरुषहरु, र विवाहित पुरुषहरुले उनीहरुको विवाह वाचाको सम्मान गर्दैनन्। किन, तिनीहरु यत्तिकै स्त्रीहरु

लिन्छन् र जता पनि संगै बस्दिन्छन्, र सामान्य कुकुरहरु जस्तै। एउटा कुकुरमा केहि मानिसहरुको तुलनामा राम्रो सम्मान र राम्रो नैतिकता छ। र मलाई थाहा छ कि त्यो एकदम कडा छ, तर त्यो सहि हो।

23 किन? र मण्डलीहरु संगै जान्छ र यसको बारेमा केहि बोल्दैनन्। किन? तिनीहरुले उस्तै व्यवहार गर्दैछन् जस्तो तिनीहरुको आमाले गरे। मण्डलीले यो विरासतमा पाएको छ। किनकि, मण्डली र यो प्रोटेस्टेन्ट मण्डली क्याथोलिक मण्डलीबाट निस्किएको हो, क्याथोलिक मण्डलीको पापहरु प्रोटेस्टेन्टहरुमा भेटिन्छ। निश्चित रूपमा, यो छ, त्यसैले भाँडाले कित्लीलाई "फोहोर" भन्न सक्दैन। यो एकदम सहि हो।

24 अब हामीले पाउँछौ, र धर्मशास्त्रमा, हामीले यो पाउँछौ...र मैले यस मेचमा कहिल्यै पनि नोट देखेको छैन। मैले भने, "मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ परमेश्वरले कहिल्यै एउटा नामधारी संगठनलाई नियुक्त गर्नुभएको छ। मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ परमेश्वरले कहिल्यै एउटा महिला प्रचारकलाई नियुक्त गर्नुभएको छ। मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ परमेश्वरले कहिल्यै छिर्काउको व्यवस्था गर्नुभएको होस्। मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ परमेश्वरले खन्याउने व्यवस्था गर्नुभएको होस्। मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ परमेश्वरले कहिल्यै कसैलाई 'पिता, पुत्र, पवित्र आत्मा' को नाउँमा बप्तिस्मा गराएको होस्। यी कुराहरु खोज्नुहोस्।" र अझै पनि हामी तिनीहरुलाई निरन्तर गरि नै रहन्छौ। यो ठिक मण्डलीको तल छ।

25 अब, मैले तपाईलाई भने, "बाटो, वा, हामी ब्याप्टिष्ट हुन नसक्नुको कारण, हामी तिनीहरु प्रभु येशू ख्रीष्टको नाममा बप्तिष्मा भएको विश्वास गर्छौ। त्यहाँ कोहि कहिल्यै पनि, बाईबलमा, अर्को कुनै तरिकाले बप्तिष्मा भएको छैन। तपाईले मलाई एउटा ठाउँ देखाउनुहोस् जहाँ एक जना व्यक्ति 'पिता, पुत्र, पवित्र आत्मा' को नाउँमा बप्तिष्मा भएको होस्, म मेरो हात उठाउनेछु र भन्नेछु कि म एउटा झुटा अगमवक्ता हुँ।"

26 "र यदि बाईबलले भन्छ कि तपाई 'येशू ख्रीष्टको नाउँमा,' बप्तिष्मा लिनुपर्दछ त्यसको अर्थ हो तपाईले त्यहि तरिकामा गर्नुपर्दछ। पावलले तिनीहरुलाई बप्तिष्मा फेरी लिनको लागि भने। तिनीहरुले कसरी बप्तिष्मा लिएका थिएले कुनै अर्थ राख्दैन, तिनीहरु आउन पर्ने थियो, र फेरी बप्तिष्मा लिनुपर्थ्यो। तिनीहरु उहि मानिसद्वारा बप्तिष्मा दिलाईएको थियो जसले येशू

ख्रीष्टलाई बप्तिष्मा दियो; बप्तिष्मा दिने यूहन्ना। उसले भन्यो, 'त्यसले अब काम गर्दैन। तपाई आउनुपर्छ, फेरी बप्तिष्मा लिनुपर्दछ।' र तिनीहरु यो पवित्र आत्मा प्राप्त गर्न भन्दा अगाडि गर्नुपर्थ्यो। यो परमेश्वरको कार्यक्रम थियो।"

27 म त्यो भन्दा पनि थोरै गहिराईमा जान सक्छु, आज राति। किन? येशूले आफ्नो वचन पूरा गर्नुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? अब, यस बिहान तपाई सबैजना यसको नजिक नै हुनुहुन्थ्यो, तर म त्यसमा अझै थोरै राख्न चाहन्छु।

28 पावलले किन आज्ञा...यो गरिसके पछि पनि किन आज्ञा दिन्थ्यो? पावलले भने, "स्वर्गबाट एउटा स्वर्गदूत नै आएर अर्को सुसमाचार प्रचार गर्यो भने, त्यो पनि श्रापित होस्।"

29 अब तपाई भन्नुहुन्छ, "हामीले यसमा नयाँ प्रकाश पाएका छौ।" होइन, तपाईले पाउनुभएको छैन। त्यसरी नै शैतान हव्वाको नजिक आएको थियो, कुनै नयाँ प्रकाशको साथ। तपाईलाई कुनै नयाँ प्रकाश चाहिदैन। तपाई त्यो ज्योतिमा हिड्न जरूरी छ जुन परमेश्वरले यहाँ राखिसक्नुभएको छ, त्यो नै सबै हो।

30 अब यो हेर्नुहोस्, केवल कति सरल छ। जब तिनीहरु परिवर्तनको डाँडाबाट तल आए, येशूले भन्नुभयो, उहाँको चेलाहरुलाई, "म मानिसको पुत्रलाई मानिसहरुले के भन्छन्?"

"एउटाले भन्यो तपाई 'मोसा, वा एलिया, अगमवक्ताहरु मध्ये एक।' भन्यो"

उहाँले भन्नुभयो, "तिमी के भन्छौ?"

31 उसले भन्यो, पत्रुसले भन्यो, "तपाई ख्रीष्ट, जीवित परमेश्वरको पुत्र हुनुहुन्छ।"

32 उहाँले भन्नुभयो, "धन्यको हौ तिमी, सिमोन, जोनासको छोरा; किनकि मासु र रगतले तिमीलाई यो प्रकट गरेको होइन।" बुझ्नुभयो, यो सेमिनारीहरुबाट आउदैन। यो नामधारी संगठित मण्डलीबाट आउँदैन। "मासु र रगतले तिमीलाई यो प्रकट गरेको होइन। तिमीले यो ईश्वरशास्त्रको विद्यालयबाट सिकेको होइनौ। तर स्वर्गमा हुनुहुने, मेरा पिताले, तिमीलाई यो कुरा प्रकट गर्नुभएको छ। र यस चट्टान माथि म मेरो मण्डली बसाल्नेछु;

र नरकको ढोकाले यसको विरुद्ध विजय पाउनेछैन," उहाँ को हुनुहुन्छ भन्ने एउटा आत्मिक प्रकाश।

33 ध्यान दिनुहोस्, "र म भन्छु तिमी पत्रुस हौ। र म तिमीलाई राज्यको साँचो दिनेछु। र जे पनि तिमीले पृथ्वीमा बाँध्छौ, म त्यो स्वर्गमा बाँध्नेछु; जे पनि तिमीले पृथ्वीमा फुकाउँछौ, म त्यो स्वर्गमा फुकाउँनेछु।" अब, उहाँले आफ्नो वचन पूरा गर्नुपर्दछ नभए उहाँ परमेश्वर हुनुहुन्न। अब, र जब उहाँले त्यो गर्नुभयो, केहि दिन पश्चात, उहाँ क्रूसमा टाँगिनुभयो, बौरी उठ्नुभयो, स्वर्गमा माथि उचालिनुभयो, र पत्रुसले पेन्टिकोष्टको दिनमा सुसमाचार खोले। के उसले त्यो गर्यो? उसले, निश्चय नै, उसले त्यो गर्यो। अब हेर्नुहोस्, जब उसले...

34 तिनीहरु सबैले उनीहरुलाई गिल्ला गरिरहेका थिए, किनभने तिनीहरु पवित्र आत्माले भरिएका थिए। तिनीहरुलाई "विधर्मी, पवित्र–भनाउदाहरु," वा कुनै त्यस्तै प्रकारका नामहरुले बोलाईएका थिए। यहाँसम्म कि तिनीहरु प्रति हाँसे पनि, र भने, "यिनीहरु नयाँ रक्सी खाएर मातेका छन्।"

35 र तिनीहरुको विचमा पत्रुस उभिए, आफ्नो आवाज उठाए, र उनले भने, "मानिसहरु र दाजुभाईहरु, मेरो आवाज सुन्नुहोस्। मेरा शब्दहरु सुन्नुहोस् र मेरा कुरामा ध्यान दिनुहोस्। तिमीहरुले ठानेका झैँ यिनीहरु रक्सीले मातेका छैनन्; यो केवल दिनको तेस्रो घण्टा हो। तर यो अगमवक्ता योएलद्वारा भनिएको कुरा हो, 'अन्तिम दिनहरुमा, म मेरो आत्मा खन्याउनेछु,' र जे उहाँले आफ्ना छोराहरु, र छोरीहरु, र उहाँका दासीहरु, र अन्यलाई गर्नुहुनेछ, त्यसदिनमा।"

36 र जब तिनीहरुले यो सुन्न थाले, तिनीहरुको हृदय छिया–छिया भयो। किनकि, तिनीहरुले एकजना मानिसलाई सुने जसलाई आफ्नो एबिसी हरु आउँदैन थियो, तरै पनि तिनीहरुले उनलाई ध्यान दिनुपर्ने थियो, उनी भित्र केहि कुरा छ भनि जान्दथे, उनलाई जलाईरहेको थियो, पवित्र आत्माले। उनलाई रोक? किन, यो एउटा वतास चल्ने दिन, सुक्खा भवनमा, एउटा आगो राख्न खोजेको सरह हुनेछ। तपाईले यो गर्न सक्नुहुन्न। उनी पवित्र आत्माले भरिएका थिए। र अब उनले के गरे?

37 तिनीहरुले भने, "ठिक छ, मानिसहरु र दाजुभाईहरु, हामीले बाँच्नको लागि के गर्नुपर्छ?"

38 अब होशियार, पत्रुस, तिमीसंग राज्यको साँचाहरु छन्। बुझ्नुभयो?

39 अब, जब येशू तेस्रो दिनमा बौरी उठ्नुभयो, उहाँसंग स्वर्गको राज्यको साँचाहरु थिएन। के तपाईलाई त्यो थाहा छ? उहाँले भन्नुभयो, “मसंग मृत्यु र नरकको साँचाहरु छन्,” तर राज्यको होइन, किनभने त्यो पत्रुसलाई दिईएको थियो।

40 अब उहाँले भन्नुभयो, “पत्रुस, तिमीले पृथ्वीमा जे पनि फुकाउँछौ, म त्यो स्वर्गमा फुकाउँनेछु। जे तिमीले पृथ्वीमा बाँध्छौ, त्यो म स्वर्गमा बाँध्नेछु।”

41 अब यहाँ ऊ साँचाहरु सहित उभिन्छ, यो आशिषित कुरा संसारलाई खोल्नको लागि। र यहाँ ऊसंग आफ्नो हातमा साँचाहरु छन्। र तिनीहरु सोध्दैछन्, “हामीले बाँच्नको लागि के गर्नुपर्छ?” अब, प्रेरितहरुले जे गर्नलाई भने पनि केहि फरक पर्दैन, यदि उहाँले उसलाई त्यो अधिकार दिनुभएको छ भने, परमेश्वरले त्यो स्वर्गमा स्विकार्नुपर्छ।

42 अब पत्रुसले भन्यो, “पश्चाताप गर, तिमीहरु प्रत्येकले, आफ्ना पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ, र तिमीहरुले पवित्र आत्माका वरदानहरु प्राप्त गर्नेछौ।” के त्यो सहि हो? र यहि कारणले हो कि साँचाहरु अर्कै नाममा, कुनै अर्कै तरिकामा, कुनै अर्कै—कुनै अर्कै रूपमा स्वर्गमा परिणत भयो। यो पृथ्वीमा परिणत भयो, र यो स्वर्गमा परिणत भयो, नभए येशूले आफ्नो वचन पत्रुसमा राख्नुभएन। र बाईबलमा हरेक ठाउँमा तिनीहरुको बप्तिष्मा, त्यसपछि, तिनीहरुको येशू ख्रीष्टको नाउँमा बप्तिष्मा भयो। र तिनीहरु जो त्यो घटनाभन्दा पहिले बप्तिष्मा भएका थिए, पवित्र आत्मा प्राप्त गर्नको लागि, येशू ख्रीष्टको नाममा, आएर फेरी बप्तिष्मा लिनु पर्ने थियो। त्यो सहि हो। यो अझै पनि त्यस्तै नै चलिरहेको छ।

43 त्यसैले, यदि हामीले “पिता, पुत्र, र पवित्र आत्मा,” को नाममा बप्तिष्मा सिकाईरहेका छौँ भने यो झुटो अगमवाणी हो। अब म तपाईलाई चोट पुराउन चाहन्न, तर मैले यो किल्ला ठोक्नुपर्छ ताकी यो मण्डलीले के हो जान्न सकोस्। हामीहरु यहाँ अशिक्षित अन्धोभक्तका झुण्डहरु होइनौ; हामीलाई थाहा छ कि हामी परमेश्वरको वचनमा कहाँ उभिरहेका छौ। हेर्नुहोस्, हामी जान्दछौ। म जो कोहिलाई पनि एउटा ठाउँ देखाउनको लागि चुनौती दिन्छु जहाँ कहिल्यै कोहि “पिता, पुत्र, पवित्र आत्मा” को नाममा बप्तिष्मा लिएको होस्। अब तपाई झुटो अगमवाणी सुन्ने कि सत्य? धर्मशास्त्रमा खोज्नुहोस्।

यो तपाईमा भरपर्छ।

44 मलाई देखाउनुहोस् कि बाईबलमा एकजना व्यक्ति कहाँ छ, जहाँ मण्डलीलाई एउटा नामधारी संगठनमा नियुक्त गरेको थियो—बाईबलमा। मलाई बाईबलमा देखाउनुहोस् कि तिनीहरुले कहिले एउटा महिला प्रचारकलाई नियुक्त गरेको छ। मलाई बाईबलमा देखाउनुहोस् यी सबैकुराहरु कता छन्, जसको बारेमा हामीले बोलिरहेका छौ, बाईबलमा कहिले नियुक्त गरेको थियो। ती त्यहाँ छैनन्। मलाई एउटा ठाउँ भनिदिनुहोस्। तपाई एउटा नामधारी संगठित मण्डलीमा जानुहोस्...

45 ठिक छ, जब मेथोडिष्ट माथि उठ्यो, तिनीहरुले पवित्रीकरण प्रचार गरे। त्यो राम्रो हो। तर, जब तिनीहरुले त्यसो गरे, तिनीहरुले एउटा संगठन बनाए, र त्यो नै काफि छ। त्यहि नै कारणले बाईबलले भनेको छ, "तिमीले एउटा नाम पाएको छौ।"

तपाई भन्नुहुन्छ, "म एउटा इसाई हुँ।"

"ठिक छ, कुन संगठित मण्डलीको हुनुहुन्छ तपाई?"

46 तपाई भन्नुहुन्छ, "एक मेथोडिष्ट," किन, त्यसोभए तपाई एउटा वेश्या हुनुहुन्छ। "म एउटा ब्याप्टिष्ट हुँ," वेश्या। "पेन्टिकोष्टल," तपाई एउटा वेश्या हुनुहुन्छ। तपाई त्यो मण्डलीको हुनुहुन्छ।

47 तपाई ख्रीष्टको हुनपर्ने हो। "मेथोडिष्ट," "ब्याप्टिष्ट" भन्नुमा कुनै सरोकार नै छैन। यदि तपाई एउटा इसाई हुनुहुन्छ भने, तपाई हृदयमा एउटा इसाई हुनुहुन्छ।

48 ती संगठित सम्प्रदायहरु मध्ये हरेकले सन्तान पैदा गर्नसक्छ, परमेश्वरको सन्तान, त्यो सहि हो। तर जब तपाई सोच्नुहुन्छ कि तपाई स्वर्ग जानुहुनेछ किनभने तपाई एउटा मेथोडिष्ट वा ब्याप्टिष्ट हुनुहुन्छ, तपाई गलत हुनुहुन्छ। र त्यहि नै कारण हो हामी त्यस कुराबाट बाहिर बस्यौ।

किन ब्याप्टिष्टले देख्न सक्दैन?

49 मैले एउटा मेथोडिष्ट मानिसलाई यहाँ सोधे, एउटा थेसिस लेखिरहेको, केहि अगाडि लेखिसकेको। उहाँले भन्नुभयो, "तपाईको विरुद्धमा एउटा मात्रै कुरा हामीसंग छ, कि तपाई पेन्टिकोष्टलहरुसंग हिडिरहनुहुन्छ।"

मैले भने, "'हामी' को हो?"

"हामी, मेथोडिष्टहरु।"

50 मैले भने, “ठिक छ, म के गर्नेछु म तपाईलाई भन्छु। म तपाईको शहरमा आउँछु अनि तपाई मेथोडिष्टलाई यो प्रायोजन गर्न दिनुहोस्।”

“ओ,” भन्नुभयो, “अवश्य पनि, हामीले त्यसो गर्न सक्दैनौ।”

51 मैले भने, “त्यहि नै भर्खरै मैले सोचेको थिए। म पेन्टिकोष्टलसंग बस्छु किनकि पेन्टिकोष्टलले यो विश्वास गर्छ। त्यो सहि हो। तिनीहरु यसको वरिपरी जम्मा हुन्छन्। तिनीहरुले यसका फाईदाहरु लिईरहेका छन्।”

52 कतिजनाले *लाईफ* पत्रिकामा पेन्टिकोष्टल मण्डलीको बारेमा, हालसालै, आएको लेख पढ्नुभयो? यो यस युगको सबैभन्दा महान घटना हो। तिनीहरुले एक वर्षमा अन्य सबै मण्डलीहरु मिलाएको दाजोमा धेरै धर्मान्तरण गरे। किन? तिनीहरुको त्रुटीमा समेत, परमेश्वरले तिनीहरुलाई अगाडि बढाउदै हुनुहुन्छ, किनकि तिनीहरुले सत्यलाई विश्वास गर्छन् र त्यसैसंग अघि बढिरहेका छन्। यो सत्य हो।

53 तर हामीले अहिले के गरिरहेका छौ? बुझ्नुभयो? त्यहि नै कारण हो कि हामी संगठित मण्डली होइनौ। र जसरी पेन्टिकोष्टल साम्प्रदायिक भएको निश्चित छ...

54 र जब पछाडि, जब पवित्र आत्मा पहिलो पटक पेन्टिकोष्टल मण्डलीमा पोखिनुभएको थियो, चालिस वर्ष पहिले, र तिनीहरु अन्यभाषाहरुमा बोल्न थाले, वरदानहरु मध्ये एक। त्यो वरदानहरु मध्ये सबैभन्दा सानो हो। पावलको अनुसार, अन्यभाषामा बोल्नु, वरदानहरुमा सबैभन्दा सानो हो। र यो खस्ने बित्तिकै, “ओ,” तिनीहरुले भने, “हामीले अब यो पाएका छौं,” र तिनीहरुले एउटा सम्प्रदाय बनाए, साधारण सभा, जुन अहिले एसेमब्लिज अफ गड हो। “ओ, कसैले पनि यो पाएको छैन जबसम्म तपाईले अन्य भाषामा बोल्नुहुन्न,” र परमेश्वर ठिक तिनीहरुबाट टाढा जानुभयो, र तिनीहरुलाई त्यहाँ बस्न दिनुभयो। निश्चय नै। हो, श्रीमान।

55 साथमा एकवाद आए, र येशूको नाममा बप्तिष्मा फेला पारे। तिनीहरुले भने, “ओ, हामीले यो पाएका छौ,” तिनीहरु संस्थागत भए। तिनीहरुले के गर्ने थिए? परमेश्वर ठिक त्यहाँबाट बाहिर निस्किनुभयो र तिनीहरुलाई त्यहि बस्नलाई छोडिदिनुभयो।

यसको लागि हो, “जसले चाहन्छ, उसलाई आउन देऊ।”

56 हेर्नुहोस्, एकवाद एसेमब्लिज कहाँ जान सक्दैनन्। एसेमब्लिज एकवादमा जान सक्दैनन्। मैले तिनीहरुसंग भएका केहि उत्तम

मानिसहरुसंग कुरा गरेको थिए, श्रीमान. गस, र डा.पप, र अन्य धेरै। ती मानिसहरु जो महान मानिस हुन्...म तिनीहरुसंग बसेको थिए। मैले भने, "एउटा विद्वानको रूपमा, तपाईले प्रारम्भिक प्रमाणको रुपमा कसरी सिकाउन सक्नुहुन्छ?"

57 "ठिक छ," भन्नुभयो, "भाई ब्रन्हाम," तिनीहरु मध्ये एउटा, दुई वा तिनजना जस्तो वास्तवमै इमानदार थिए, भन्नुभयो, "हामी जान्दछौ कि त्यो गलत हो, तर हामीले के गर्नसक्छौ? यदि हामीले यसको बारेमा अहिले केहि भन्यौ भने, किन, यसले सबै कार्यक्रम नै अवरोध गरिदिन्छ।" पक्का, र तपाई अब बिशप, वा सामान्य पर्यवेक्षक नै हुनुहुनेछैन। त्यो विचार हो।

58 भाई, म बरु सत्य आफुसंग भएर, कुनामा एउटा सानो मिसन भएको चाहन्छु, या एउटा धुपीको रुख मुनि प्रचार गर्छु, निश्चय नै, र तपाईले सत्य भनेको थाहा गर्छु। मानिसले सत्यता चाहन्छन्। र तपाई एउटा इसाई भएको नाताले, सत्यताको साक्षी दिन दायित्वबद्ध हुनुहुन्छ। परमेश्वरले तपाईलाई यसको निम्ति जिम्मेवारी ठहराउनुहुनेछ।

59 त्यसपछि, यी कुराहरुमा, यदि तपाई येशूको नाममा बप्तिष्मा हुनुभएको छैन भने, र तपाईले यी कुराहरु गर्नुभएको छैन भने, र तपाईले पवित्र आत्मा प्राप्त गर्नुभएको छैन...

60 तपाई भन्नुहुन्छ, "ओ, मैले अन्यभाषाहरुमा बोले।" त्यसको अर्थ यो होइन कि तपाईले पवित्र आत्मा पाउनुभएको छ।

61 मैले बोक्सीहरु, जादुगरहरु, दुष्टहरु, र अन्य सबैकुराहरुले, अन्यभाषाहरुमा बोलेको देखेको छु। पक्कै पनि। तिनीहरुले पवित्र आत्मा पाएका छैनन्, र तपाईलाई त्यो थाहा छ। एउटा मानिसको खोपडीबाट रगत पिउँछ, र नाच्छ, र दुष्टलाई बोलाउँछ, र अन्यभाषाहरुमा बोल्छ। निश्चित रूपमा। तिनीहरुले पवित्र आत्मा पाएका छैनन्।

62 त्यसैले, तपाईले अन्यभाषाहरुमा बोल्नुभएको कारणले, तपाईले यो पाउनुभएको छ भनि जनाउदैन। तपाईले यो पाउनुभएको छ भनि थाहा पाउने एउटै मात्र तरिका, जब तपाईको आत्माले उहाँको आत्माको साक्षी दिन्छ, र पवित्र आत्माको फलहरुले तपाईलाई पछ्याँउछ: प्रेम, विश्वास, आनन्द, शान्ति, सहनशीलता, भलाई, नम्रता, कोमलता। त्यति खेर हो जब तपाईले जान्नुहुन्छ कि तपाईले पवित्र आत्मा पाउनुभएको छ। यसले आफ्नो साक्षी दिन्छ।

63 अब, तपाई ढुक्क हुन खोज्दै हुनुहुन्छ, किनभने तपाई एसेमब्लिज, वा ब्याप्टिष्ट, वा प्रेस्बिटेरियनको हुनुहुन्छ, तपाई देख्नुहुन्छ तपाईले के गर्दै हुनुहुन्छ? तपाईले वेश्याको नामलाई लिदै हुनुहुन्छ। त्यो एकदम ठिक हो। त्यसबाट बाहिर निस्किनुहोस्। यसबाट टाढा आउनुहोस्। मैले तपाईको मण्डली वा कुनैबाट बाहिर निस्किने अर्थ लगाको होइन, यसको बारेमा तपाईले जे चाहनुहुन्छ त्यो गर्नुहोस्। तर यो भरपर्ने कुराबाट टाढा आउनुहोस्, "ओ, म प्रेस्बिटेरियन हुँ। हामीहरु आश्चर्यको कामहरुको दिनमा विश्वास गर्दैनौ।" किन तपाई यो विश्वास गर्नुहुन्न? बाईबलले यो सिकाउँछ। "ओ, म चर्च अफ क्राईस्टको हुँ। तिनीहरुले भन्छन् आश्चर्य कर्मका दिनहरु वितेका छन्।" तिनीहरु झुटा अगमवक्ताहरु हुन्।

64 म तपाईलाई देखाउनसक्छु कि येशू ख्रीष्टले कहाँ मण्डलीलाई शक्ति दिनुभयो, रोगीलाई निको पार्न, र मरेकालाई उठाउन, र दुष्टआत्माहरुलाई हटाउन। म चुनौती दिन्छु कि कसैले मलाई बाईबलमा एउटा पद देखाउन कि उहाँले मण्डलीबाट यो कहिले लिएर जानुभयो। के ले यो दूर लग्यो? तपाईको आफ्नै सिद्धान्तले, ठिक हो, परमेश्वरको वचनले होइन। पवित्र आत्माले अझै पनि काम पूरा गरिरहनुभएको छ, पहिले जस्तै गरी गईरहनुभएको छ, र उहाँले सधै गर्नुहुनेछ।

65 त्यहि नै कारणले गर्दा हामी एउटा संगठित मण्डली होइनौ, "ईश्वर भक्तिको भेष लगाउने, र शक्तिलाई इन्कार गर्ने; त्यसबाट टाढा जाओ।" हामीहरु त्यस कुरामा विश्वास गर्दैनौ।

66 अब, यो कसरी शुरू भयो? हामीले चाडो गर्नुपर्छ र यसमा जति हुन्छ चाडो जानुपर्छ अहिले, यो कसरी शुरू भयो। अब हामीसंग पवित्र आत्माको बारेमा लेखिएको धेरै धर्मशास्त्रहरु पाउँछौ।

67 र अर्को कुरा, हामीले गत राति एउटा चुनौती बनायौ, "सन्तहरुको दृढता" मा, ब्याप्टिष्टले यो विश्वास गरेको जस्तो तरिकामा होइन। होइन, श्रीमान। म पक्का पनि ब्याप्टिष्ट र तिनीहरुको विचारमा फरक छु, तिनीहरुको क्याल्भिनवादको सिद्धान्तमा। म निश्चित रुपमा प्रेस्बिटेरियनहरुसंग असमत छु। म मेथोडिष्टको अर्मिनीयन सिद्धान्त प्रतिको तरिकामा असहमत छु। हो, श्रीमान। तर तिनीहरु दुवैसंग एउटा सत्य छ, तर तपाईले आफैलाई फर्काएर *यहाँ* ल्याउनुपर्छ जहाँ यो सत्य छ। जब तपाई त्यहाँ दगुर्नुहुन्छ, तपाई यसको साथमा जंगली भई भाग्नुहुन्छ। निश्चय नै।

68 ब्याप्टिष्ट भित्र आउँछ, यहाँनिरको एउटा जोडिलाई बप्तिष्मा दिन्छ, डुबाएर; र प्रचारकले तिनीहरुलाई बप्तिष्मा दिन्छ, दसजना मध्ये नौजनाले चुरोट पिउँछन्, फर्केर बाहिर जान्छन् र त्यहाँ बाहिर उभिन्छन्, र तास खेल्छन्, रातीभरि जुवा खेल्छन्, वरिपरी भाग्छन्, र टेडो व्यापारिक सम्झौता गर्छन्; र सबै महिलाहरु छोटा लुगा लगाईरहेका छन् यहाँ, बाटोमा त्यसरी नै हिड्दै, र तिनीहरुको केश छोटा पारेका छन्, र—र धुम्रपान गर्दै र कुरा गर्दै, र सानो स्टिच–एण्ड–स्यु भित्रि वस्त्र सहित, र फोहोरी मजाकहरु सुनाउदै हुन्छन्। तपाईले त्यसलाई इसाई धर्म भन्नुहुन्छ? र तपाई सोच्नुहुन्छ कि तपाईमा अनन्त सुरक्षा छ? तपाई त्यसरी नरक जाँदैहुनुहुन्छ। त्यस तरिकामा तपाईले स्वर्गमा आनन्द लिनुहुनेछैन। निश्चित रूपमा छैन। त्यो अनन्त सुरक्षा होइन।

तर जब एउटा मानिस पवित्र आत्माद्वारा नयाँ गरि जन्मन्छ...

69 र तपाई पेन्टिकोष्टल, तपाई माथि–र–तल उफ्रने, अन्य भाषामा बोल्ने, गलियारमा माथि–र–तल दौडने कारणले, त्यसले तपाईले अनन्त सुरक्षा पाउनुभएको छ भन्ने अर्थ दिदैन। तपाईले त्यो कहिल्यै पनि आफ्नो दिमागमा नल्याउनुहोस्। होइन, श्रीमान। यसले निश्चित रूपमा गर्दैन। किनभने, तपाईलाई थाहा छ कि तपाईको आफ्नै—तपाईको आफ्नै जीवनले, तपाईको साक्षी दिन्छ, कि तपाई परमेश्वरसंग सहि हुनुहुन्न। त्यो सहि हो। तपाई सहि हुनुहुन्न। अझै पनि, त्यो अनन्त सुरक्षा होइन।

70 तर म तपाईलाई केहि कुरा सोध्न चाहन्छु। के त्यहाँ अनन्त सुरक्षा छ? बाईबलले त्यसो भन्छ। बाईबलले भन्छ कि हाम्रो नामहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि नै थूमाको जीवनको पुस्तकमा लेखिएको थियो।

71 जसरी मैले यो बिहान भनेको थिए, म फेरी पनि भन्छु। त्यो मानिस जसले गित लेख्यो, "त्यहाँ महिमामा आजराति एउटा नयाँ नाम लेखिएको थियो, र यो मेरो हो," उनको विचार सबै ठिकै थियो, तर धर्मशास्त्रीय रूपले, उनी गलत थिए। तपाई बचाईएको रातमा तपाईको नाम राखिएको थिएन।

72 तपाईको नाम, बाईबलको अनुसार, प्रकाश १३, १७, र अन्य अनुसार, "संसारको उत्पत्ति हुनुभन्दा अगाडि त्यहाँ राखिएको थियो; र येशू ख्रीष्ट संसार जग बसालिनुभन्दा अगाडि मारिनुभएको थियो।"

73 कसरी परमेश्वर, जो असीम हुनुहुन्छ, कसरी असीम परमेश्वरले,

शुरूबाट अन्त्य जानेर, कसरी उहाँले पापलाई पृथ्वीमा आउन अनुमति दिनुभयो, यदि त्यो एउटा कारणको लागि थिएन भने?

74 हामीले भनेका केहि चिजहरुलाई थप समर्थन गर्नको लागि मात्रै। पहिलो के थियो, मुक्तिदाता वा एउटा पापी? [कसैले भन्छ, "मुक्तिदाता।"—सम्पा।] मुक्तिदाता, पक्कै पनि। कुन चाहि बढि शक्तिशाली, एउटा मुक्तिदाता या पापी? यदि मुक्तिदाताले पापलाई दूर लान सक्नुहुन्छ भने, उहाँ नै बढि शक्तिशाली हो। ठिक छ, किन उहाँले पहिलो स्थानमा पाप हुन दिनुभयो? यो देखाउनको लागि कि उहाँ एउटा मुक्तिदाता हुनुहुन्छ। कुन चाहि बढि शक्तिशाली, एउटा चंगाईदाता वा रोग? एउटा चंगाईदाता। त्यसोभए किन उहाँले रोगलाई आउन दिनुभयो? उहाँ एउटा चंगाईदाता हुनुहुन्छ भनि देखाउन। म अहिले धार्मिक महसूस गरिरहेको छु। हो, श्रीमान। ओ, मेरो! त्यो उहाँको गुणहरु हो।

75 त्यसैले उहाँले समस्याहरु आउन दिनुभयो। त्यसैले नै उहाँले दुःख आउन दिनुहुन्छ, यो देखाउनको लागि कि उहाँ नै आनन्द हुनुहुन्छ। निश्चय नै, यहि हो। त्यसैकारणले नै हामीसंग एउटा रात छ, यो प्रमाणित गर्नको लागि कि त्यहाँ एउटा दिन छ। त्यसैले नै हामीसंग रिस छ, यो देखाउनको लागि कि त्यहाँ शान्ति छ। निश्चय नै, यसको फाईदा र वेफाईदा। ओ, उहाँ अद्भूत हुनुहुन्छ।

76 अब, यो कसरी शुरू भयो? हामीहरु सिधै यसमा, जत्तिसक्दो चाडो जानेछौ, ताकी मैले तपाईलाई रातभरी नराखूँ। अब, त्यहाँ सबैकुराको शूरूवात हुनुपर्दछ।

77 र म तपाईलाई केहि कुरा सोध्न चाहन्छु। अब यो शायद...तपाईले यो आफ्नो भेस्टको खल्तीमा हाल्नुहोला। तपाईले यसलाई नियमितको खानासंग राख्नु पर्दैन। तर यसलाई सुन्नुहोस्।

78 यदि तपाई अनन्त प्राणी हुनुहुन्छ, त्यसो हो भने तपाईको कहिल्यै शुरूवात छैन, वा अन्त्य हुनसक्दैन। किनकि, *अनन्त* शब्द "जसको शुरूवात वा अन्त्य छैन" बाट आउँछ।

79 के तपाईलाई यो सम्भना छैन? मैले भने, यस बिहान, कि कसरी मल्किसेदेक, जब अब्राहमले राजाहरुलाई मारेर आउदा उहाँले भेट्नुभयो। र बाईबलले भनेको छ, हिब्रू ७ मा, कि—कि, "लेभीले मल्किसेदेकलाई दशांस चढाए, जब उनी आफ्नो पिता अब्राहाम कम्मरका भित्र थिए।"

अब्राहामले इसाहाकलाई जन्माए; इसाहाकले याकूबलाई जन्माए; याकूबले लेभीलाई जन्माए। त्यो बुवा, हजुरबुवा, र जिजीबा थियो। र जब लेभी उनको जिजी बुवाको कम्मर भित्र थिए, बाईबलले उनलाई मल्किसेदेकलाई दशांस तिरेको श्रेय दियो। अनन्तको बारेमा कुरा गर्नुहोस्! मेरो, मेरो! उहाँले कहिल्यै भन्नुभएन, "उनले छायाँमा गर्यो; उनले सम्भावित रूपमा गर्यो।" बाईबलले भन्यो, "उनले दशांस तिरे।" आमेन।

80 त्यसपछि, यदि हामी सहि बीउबाट आएका छौ भने, जब पावलले सुसमाचार प्रचार गरे म त्यहाँ थिए र तपाई त्यहाँ हुनुहुन्थ्यो। हामीहरु त्यसमा जानेछौ, केवल एक मिनेटमा, हाम्रो कानहरु तन्काऔ। ध्यान दिनुहोस्, त्यो धर्मशास्त्रले दावी गरेको छ, हामीलाई, यहाँसम्म कि धेरै पछाडिसम्म गएको छ।

81 केवल सोच्नुहोस्! लेभी; त्यसपछि याकूब; त्यसपछि इसाहाक; उनको पिता; त्यसपछि अब्राहाम, उनको पिता; उनको जिजी बुवा। जब लेभी उनको जिजी बुवाको कम्मर भित्र थिए, उनले मल्किसेदेकलाई दशांस तिरे।

82 म तपाईलाई सोध्न चाहन्छु। यो को हो, अय्युब २७...३८, जब उहाँले भन्नुभयो, "मैले पृथ्वीको जग बसाल्दा त कहाँ थिईस्? जब बिहानको ताराहरुले एकसाथ गाएका थिए, र परमेश्वरको पुत्रहरु आनन्दले कराउदा?" ती परमेश्वरको पुत्रहरु को हुन् जो आनन्दले कराईरहेका थिए? येशूले तिनीहरुलाई भन्नुभयो, कि, "संसारको उत्पत्ति हुनुभन्दा अगाडि म तिमीसंग आनन्दित थिए।" हामीहरु समय कालको सृष्टि होइनौ। हामीहरु अनन्तकालको सृष्टि हौं।

83 "मेरा पिताले नल्याएसम्म, कोहि पनि मकहाँ आउन सक्दैनन्। र सबै जना जो मकहाँ आउँछ, म तिनीहरुलाई अनन्त जीवन दिनेछु, र अन्तिम दिनहरुमा त्यसलाई उठाउनेछु। तिनीहरुलाई कसैले मेरो पिताको हातबाट खोस्न सक्दैन, जसले तिनीहरुलाई मलाई दिनुभएको छ।" कसरी तपाईले गुमाउने?

84 हेर्नुहोस्, तपाई डराउनुभएको छ। तपाई डराउनुभएको छ। तपाई यता दौडनुहुनेछ। र त्यो नै संसारमा, उत्तम प्रमाणहरु मध्ये एक हो, कि तपाई अझैसम्म कतै हुनुहुन्न। त्यो सहि हो। परमेश्वरले तपाईलाई कसरी बचाउन सक्नुहुन्छ यदि उहाँ...

85 यस मण्डलीमा तपाईहरु मध्ये कतिजनाले हात उठाउनुहुन्छ, र

परमेश्वर असीम हुनुहुन्छ भनि विश्वास गर्नुहुन्छ? तपाईलाई थाहा छ *असीम* शब्दको अर्थ के हो? त्यो केवल सिद्ध छ। असीम, तपाईले सक्नुहुन्न— तपाईले *असीम* शब्द व्याख्या गर्नसक्नुहुन्न।

86 के तपाईले आफ्नो क्यामेरा लिएर त्यसलाई असीममा मिलाउनुभएको छ? किन, यसको अर्थ मात्रै त्यसपछि हो। ठिक छ। त्यहाँ यसलाई फोकस दिने कुनै तरिका नै छैन।

87 ठिक छ, त्यो नै परमेश्वर हुनुहुन्छ। उहाँ असीम हुनुहुन्छ। र यदि उहाँ असीम हुनुहुन्छ भने, त्यहाँ कुनै एउटा किरा, एउटा झिंगा, एउटा उँपिया, एउटा जुम्रा, एउटा उडुस हुने थिएन, वा कुनै पनि कुरा जुन पृथ्वीमा थियो, वा हुनेछ, तर परमेश्वरलाई यो संसार बनाउनुभन्दा अगाडि नै थाहा थियो। यो असीमको केहि अवधारणा हो।

88 ठिक छ, त्यसपछि, एक असीम परमेश्वर जसले तपाईलाई यहाँ बचाउँहुन्छ, यो जानेर कि उहाँले तपाईलाई अर्को हप्ता गुमाउनु हुनेछ, वा अर्को महिना, वा अर्को वर्ष, किन, उहाँले उक्त उदेश्यलाई पराजित गर्दै हुनुहुन्छ। उहाँले तपाईलाई गुमाउन सक्नुहुन्न। "जसले मेरो वचन सुन्छ, र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यसमा अनन्त जीवन छ र त्यो कहिल्यै पनि न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा पार् गरेको छ।" यो गर्न सक्दैन। तपाईले सक्नुहुन्न...

89 "परमेश्वरबाट जन्मेकोले पाप गर्नसक्दैन; किनकी परमेश्वरको बीउ त्यसमा रहन्छ, र त्यसले पाप गर्न सक्दैन।" उसले कसरी पाप गर्नसक्छ जबकि त्यहाँ उसको लागि एउटा पाप–बलि छ?

90 म कसरी बिमार हुनसक्छु जब कि म पूर्ण स्वास्थ्यमा छु? म कसरी अन्धो हुनसक्छु जबकि म देख्न सक्छु? ओ, मेरो! कसरी म भवन भित्र र भवन बाहिर एकै समयमा हुनसक्छु? कसरी म वेहोशी र चनाखो एकै समयमा हुनसक्छु? तपाईले यसो गर्न सक्नुहुन्न।

91 र जब तपाई बचाईनुहुन्छ, तपाई प्रायश्चितको मुनि हुनुहुन्छ, र तपाईको पापहरु तपाईमा गनिदैन। के दाऊदले भनेन र, "त्यो मानिस धन्यको हो जसको पापको लेखा परमेश्वरले लिनुहुन्न"? परमेश्वरले उहाँको सृष्टिको विरुद्ध पाप राख्नुहुदैन। त्यो बलियो हो। त्यो मलाई निकालेको दुध होइन। तर त्यो बाईबल हो। परमेश्वरले धार्मिकहरुलाई पापको हिसाब राख्नुहुन्न।

92 “परमेश्वर,” उहाँको अनुग्रहद्वारा, पूर्वनिर्धारित, “कोहि पनि नाश नहोस, तर पश्चातापमा आओस्।” तर असीम भएको हुनाले, र को आउनेछ र को आउनेछैन भनि उहाँले जान्नुहुन्थ्यो, उहाँको इच्छामा काम गर्नको लागि उहाँले सबैलाई पूर्वनिर्धारित गर्नसक्नुहुन्थ्यो। उहाँले यो गर्नुभएन, उहाँले पहिलो स्थानमा पापलाई किन अनुमति दिनुभयो? जब उहाँ एउटा मुक्तिदाता हुनुहुन्थ्यो...यदि त्यहाँ कहिल्यै पनि एउटा पापी हुनेथिएन भने, उहाँ कहिल्यै पनि एउटा मुक्तिदाता बन्न सक्नुहुन्न थियो; गुणहरु, उहाँमा के थियो, उहाँले बाहिर निकाल्न सक्नुहुन्न थियो।

93 उहाँ कसरी एउटा चंगाईकर्ता हुनुभयो? उहाँ कसरी एउटा चंगाईकर्ता हुनुभयो? किनभने उहाँले रोगलाई आउने अनुमति दिनुभयो, ताकी उहाँले आफैलाई एउटा चंगाईदाताको रूपमा देखाउन सक्नुभएको होस्। उहाँ एक चंगाईकर्ता हुनुहुन्थ्यो। कसरी तपाई कहिल्यै...उहाँलाई कसरी चिनिनु हुन्थ्यो? कसरी उहाँको गुणले कहिल्यै काम गर्नसक्थ्यो? यदि त्यहाँ कहिल्यै रोग हुन्थेन भने, कसरी उहाँ कहिल्यै एउटा चंगाईकर्ता हुनसक्नुहुन्थ्यो? उहाँले रोग लाग्न दिनुपर्थ्यो।

94 आश्चर्यको कुरा होइन, पावलले भने, रोमी ८ मा, “मूर्ख मान्छे, कसले भन्नसक्छ कि—कि यसको बारेमा कुमालेले के गर्नुपर्छ भनि; को, जब माटो उठ्छ र भन्छ, ‘किन बनाको, तिमीले, मलाई यस्तो?’ के उहाँले उहि उदेश्यको लागि फारोलाई उठाउनुभएको होइन, ताकी उहाँले तल मिश्रमा उहाँको महिमा देखाउन सकोस्? उहाँले जसलाई इच्छा गर्नुहुन्छ त्यसलाई कठोर पार्नुहुन्छ, र जसलाई इच्छा गर्नुहुन्छ त्यसलाई धर्मी ठहराउनुहुन्छ। यो त्यो होइन जसले इच्छा गर्छ, वा जसले चलाउँछ, तर यो परमेश्वर हुनुहुन्छ जसले दया देखाउनुहुन्छ।”

95 त्यसैले, तपाईको यससंग कुनै सरोकार नै छैन। तपाईले गर्ने एउटा पनि कुरा छैन। यदि यो अनुग्रह हो भने, यदि यो एउटा सित्तैको उपहार हो भने, त्यहाँ एउटा पनि कुरा छैन जसको बारेमा तपाईले केहि गर्न सक्नुहुन्छ। परमेश्वरले यो तपाईलाई दिनुभएको छ, र त्यो परमेश्वरको इच्छा हो। त्यो परमेश्वरले तपाईको निम्ति पूर्व निर्धारित गर्नुभएको कुरा हो।

96 बाईबलले भन्यो कि हामीहरु “धर्मपुत्रहरुको रुपमा, परमेश्वरको पुत्रको रूपमा, संसारको उत्पत्ति हुनभन्दा पहिले नै चुन्नुभयो।” त्यसोभए, जब परमेश्वरले थूमालाई मार्नुभयो, उहाँको आफ्नै विचारमा, संसारको उत्पत्ति

हुनभन्दा अगाडि, उहाँको गुणहरु प्रमाणित गर्नको निमित्त, उहाँ के हुनुहुन्थ्यो; जब थूमा मारियो, हामीहरु पनि संगसंगै मारिएका थियौ। जब उहाँको आफ्नै मस्तिष्कमा थूमाको रगत समातिएको थियो, संसारको स्थापना हुनु अघि, त्यसबेला मेरो र तपाईको नामहरु पुस्तकमा लेखिएको थियो, सबै उहाँको महान विचारमा भएको थियो।

97 उहाँ असीम हुनुहुन्छ। यदि उहाँ हुनहुन्न थियो भने, किन उहाँले यसको अनुमति दिनुभयो? कुन चाहि बलियो हो, (मैले भनेको थिए,) एउटा मुक्तिदाता वा पापी? कसमा धेरै ताकत छ? त्यसोभए, बलियोले कमलाई अनुमति दिनपर्यो, र उहाँले यसो केवल उहाँको महिमाको लागि गर्नुहुन्छ। जब उहाँले लुसिफरलाई बनाउनुभयो, उहाँलाई थाहा थियो कि यो शैतान हुनेछ। उहाँले त्यहाँ यो हुन दिनुपर्थ्यो यो देखाउनको लागि कि उहाँ एउटा मुक्तिदाता, ख्रीष्ट हुनुहुन्थ्यो। उहाँले त्यहि तरिकामा यसलाई हुनदिन पर्ने थियो।

98 अब, के बाईबलले त्यो भन्दैन, कि, "परमेश्वरलाई प्रेम गर्नेहरुको भलाईको लागि सबै कुराहरु मिलेर काम गर्दछ"? त्यसैले तपाई के कुरामा डराउँदै हुनुहुन्छ?

आउनुहोस् हामी उठौ र गरौँ,
कुनै पनि झगडाको लागि एउटा हृदय;
मूर्ख गाईबस्तु जस्तो नबनौ! (भिक माग्नु पर्ने र मनाईनु पर्ने।)
र एक नायक बन्नुहोस्!

99 मलाई त्यो मन पर्छ। उभिनुहोस्! एउटा सानो कविता जसले मलाई धेरै मद्दत गर्ने गर्थ्यो जब म एउटा सानो केटा थिए, केहि यस्तो खालको छ:

त्यहाँ एउटा महान रोमन थियो,
रोमी सम्राटको दिनहरुमा,
जसले एउटा कायरको आवाज सुन्यो,
अगाडि महलले भन्दछ,
"ओ, यो यस्तो किल्लामा सुरक्षित छ,
त्यहाँ कसैले यसलाई हल्लाउन सक्दैन!"
"ओ, होइन," नायकले भन्यो,
"म एउटा बाटो खोज्छु या यसलाई बनाउँछु!"

100 त्यहाँ तपाई हुनुहुन्छ। त्यो सहि हो। यदि यो बाईबलले येशू ख्रीष्ट हिजो, आज र सधैंभरि एक समान हुनुहुन्छ भनि सिकाउँछ भने...यो सजिलो थिएन जब म त्यो दिन यस मण्डलीबाट बाहिर निस्किएको थिएँ, र सबैजनाले मलाई भनिरहेका थिए *यो* हुनेछ, र *त्यो* हुनेछ। "तपाईलाई एउटा पागल भनिनेछ, झ्यालखानामा फालिनेछ, र सबै चिकित्सा संस्था तपाईको विरुद्ध हुनेछ।" तर परमेश्वरले यो गर् भन्नुभयो। बाईबलले उहाँ हुनुहुन्थ्यो भन्यो। र स्वर्गको मुनि हरेक देशमा अहिले एउटा जागृतिको आगो बलेको छ। किन? यसमा उभिनुहोस्!

हरेक दिन तपाईले कसरी आफ्नो कार्य सम्हाल्नुहुन्छ?
के तपाई तपाईले पाउनुभएको कामबाट डराउनुहुन्छ?
के तपाई दिईएको कामको लागि सहि तरिकामा खडा
  हुनसक्नुहुन्छ?
के तपाईको दिमाग थकित र खाली छ? (म त्यो कुरा
  घृणा गर्छु।)
वा के तपाई अगाडि रहेको कामको लागि सहि तरिकामा
  खडा हुनसक्नुहुन्छ,
वा के डर यहाँबाट आईरहेको छ?
यदि त्यसो हो भने, तपाईले पाएको अर्कोको सामना
  गर्नुहोस्,
यो सोचेर कि तपाई यो गर्न जाँदैहुनुहुन्छ।

101 यो संगै बस्नुहोस्। निश्चय पनि। दानिएलले जस्तै, आफ्नो हृदयमा ठान्नुहोस्। परमेश्वरसंग बस्नुहोस्।

102 "यो सबै कहाँ भयो? यो कसरी हुन आयो? के कुराले मानिसलाई यस्तो बनाउँछ? किन हामी नष्ट पारिने तयारीमा छौं? भाई ब्रन्हाम, यो मलाई व्याख्या गर्नुहोस्। के कुराले तपाईलाई यो सोच्ने बनायो कि यो सबै कुरा मेटाईनु पर्छ?" यो पहिले एकपटक साफ गरिएको थियो, (के त्यो सहि हो?) प्राचिन विनाशमा। अब यहाँ केहि गहिरो कुराहरु आउँछ। र हामी पढ्नको लागि तयार हुनेछौ।

103 अब म चाहन्छु कि तपाई मसंग, अब, उत्पत्तिको पुस्तक, तेस्रो अध्यायमा पल्टाउनुहोस्। यदि तपाईले केहि कुरा जान्न चाहनुहुन्छ भने, म तपाईलाई यो उत्पत्तिको पुस्तकमा देखाउन सक्छु जहाँ सबै विधर्म र

सबै पन्थहरु, र सबैकुरा जुन हामीसंग ठिक आज छ, त्यो उत्पत्तिमा शुरू हुन्छ। कतिजनालाई थाहा छ कि *उत्पत्तिको* अर्थ "शुरूवात"? हो भनि थाहा छ निश्चित रूपमा।

104 हामीले क्याथोलिक मण्डलीलाई शुरूवातमा पाउँछौ, बेबिलोन, संस्थापक निम्रोद; हामीले यो बाईबलको बीचमा पाउँछौ, हामीले यसलाई बाईबलको अन्तिममा पाउँछौ; हामीले पाउँछौ, महिला प्रचारकहरुलाई ल्याउन खोजेको, बाईबलको शुरूवातमा, जराबाट बनेका साना मूर्तिहरुको पूजा गरेर। तपाईहरु कतिजनाले हिस्लोपको, *दुई बेबिलोन*, इतिहास पढ्नुभएको छ? ठिक छ। यी इतिहासहरुमा, खोज्नुहोस्। तिनीहरुसंग एउटा स्त्री थियो...र त्यसपछि, के तपाईलाई याद छ? यहाँसम्म कि याकूबले पनि उसको पिताको देवताहरु चोरेको थियो, र उनको छोरीले यसलाई लुकाएकि थिईन् र तिनीहरुसंगै उजाडस्थानहरुमा लगे, जसले पाललाई दूषित गर्यो, केहि समय पछि। ठिक छ।

105 आउनुहोस् यहाँ अब उत्पत्तिमा पढौँ।

> *परमप्रभु परमेश्वरले बनाउनुभएका वन–पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, के परमेश्वरले तिमीहरूलाई बगैँचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?*
>
> *...स्त्रीले सर्पलाई भनिन्, बगैँचाका रूखहरूका फल हामी खान सक्छौं:*
>
> *तर बगैँचाको बीचमा भएको रूखका फलको...विषयमा परमेश्वरले भन्नुभएको छ, त्यो चाहिँ नखानू* र तिमीलेहरूले *नछुनू, नत्रता* तिमीहरू *मर्छौ।*
>
> *सर्पले स्त्रीलाई भन्यो, तिमीहरू मर्दैनौ:*
>
> किनकि *परमेश्वर जान्नुहुन्छ कि जुन दिन* तिमीहरू *त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्,* (हेर्नुहोस्, नयाँ प्रकाश शिकार गर्दै) *र असल र खराबको ज्ञान पाएर, तिमीहरू परमेश्वरजस्तै हुनेछौ।*

106 हेर्नुहोस् कसरी यी साथीहरुले आज, बाईबललाई दूर लाने कोशिष गरिरहेका छन्? "किन, के यो खन्याउन, वा छिर्काउँन, वा *यो* तरिकामा,

वा *त्यो* तरिकामा गर्न सजिलो छैन र?" होइन, श्रीमान। परमेश्वरले एउटा कार्यक्रम राख्नुभयो, र त्यो नै हामीले पछ्याउनु पर्दछ, *यो।*

> *र स्त्रीले त्यस रूखको फल, खानलाई असल र* हेर्नमा *रहरलाग्दो, र बुद्धि* पाउनलाई...*त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको* फल *टिपेर खाइन्, र आफ्ना पतिलाई* पनि *दिइन्, र उनले पनि खाए।*
>
> *अनि* दुवैका *आँखा खुले, र नाङ्गै पो रहेछौं भनी तिनीहरूले... थाहा पाए; अनि अञ्जीरका पातहरू गाँसेर* आफ्ना *निम्ति तिनीहरूले वस्त्र बनाए।*

107 म यहाँ एक मिनेटको लागि रोक्न चाहन्छु। अब, सबैकुराको शुरूवात हुनुपर्दछ। तपाईको एउटा शूरुवात छ। अब हामी...यहाँनिर छ जहाँ म सबैकुरा अधार पार्न चाहन्छु, अहिले, हामीले यी अन्तिम दुई सभाहरुमा यस बारेमा बोलेका छौ, र यहाँको लागि।

108 अब, हामी फर्केर गयौ र नाटकीय ढंगमा प्रस्तूत गर्यौ, बाईबलमा, कि जब परमेश्वरले पृथ्वी बनाउँदै हुनुहुन्थ्यो, कि जब उहाँले वायुरुप द्रव्य बनाउँदै हुनुहुन्थ्यो; र त्यसपछि ती वायुहरु क्याल्सियम, र पोटाँस, र—र अन्य कुराहरू बन्यो। उहाँले तपाईको शरीर बनाउँदै हुनुहुन्थ्यो। उहाँले भवन बनाउँदै हुनुहुन्थ्यो, एउटा महान निपुण निर्माणकर्ता जस्तो, एउटा ठेकेदारले एउटा आवास परियोजना निर्माणको लागि आफ्नो सामाग्री बसालेको जस्तै। उहाँले तपाईको शरीर बनाउँदै हुनुहुन्थ्यो, र उहाँले यसलाई त्यहाँ बसाल्दै हुनुहुन्थ्यो। उहाँलाई राम्रोसंग थाहा थियो, उहाँको दिमागमा, के गर्न जाँदै हुनुहुन्थ्यो।

109 *यो* हात, परमेश्वरले त्यो हात उहाँले पहिले...जब उहाँले संसार बनाउँदै हुनुहुन्थ्यो; तर, मेरो आत्मा उहाँले संसारको उत्पत्ति हुनुभन्दा पहिले बनाउनुभयो। अब, तर यो हात र यो शरीर, उहाँले तब बनाउनुभयो जब उहाँले संसार बनाउनुभयो, किनकि यो शरीर पृथ्वीबाट आएको हो, र फर्केर पृथ्वीमा जाँदैछ। परमेश्वरले त्यो बनाउनुभयो। उहाँले यो सबै उहाँको रूपरेखा र उहाँको कार्यक्रममा राख्नुभयो।

110 अब, जब उहाँले पृथ्वी बनाउन जानुभयो, उहाँले मानिसलाई बनाउनुभयो, र मानिस ठिक देखिएन। अब हामीसंग त्यो थियो, यो बिहान, नाटकबाट भएर गयौ, कसरी कसरी पिता—पिता तल आउनुभयो र

उहाँको पुत्रलाई हेर्नुभयो, उहाँको प्रतिरूपमा बनाउनुभयो, र त्यस्तै नै हो। त्यसपछि उहाँले उसको लागि एउटा श्रीमती, एउटा सहयोगी बनाउनुभयो।

111 अब, याद गर्नुहोस्, कि, पृथ्वीको सबै सृष्टिहरु, आदमले तिनीहरुको नाम राखिदिएका थिए।

112 उहाँले गाईवस्तु, र पशुहरु, र सबैकुराहरु बनाउनुभएको थियो। र आज, हामी...कालक्रमविद् र—र विज्ञानका महान दिमागहरु, कोशिष गरिरहेका छौ, छ हजार वर्षसम्म, छुटेको सम्बन्ध पत्ता लगाउन, किन त्यो पशु...मानिस पशु जीवन हो। हामीलाई त्यो थाहा छ, कि हामीहरु बनाईएका छौ...

113 र एउटा स्त्री पुरुषको हिस्सा हो, एउटा उपोत्पादन। मूल सृष्टिमा स्त्री थिएन। परमेश्वरले सृष्टि गर्न बन्द गरिदिनुभएको थियो, वर्षौं देखि वर्षौंसम्म, जबसम्म उहाँले स्त्रीलाई उसको छेउको करङबाट बाहिर बनाउनुभएन। आदमले सबै सृष्टिको नाम राखिसकेका थिए, सबैथोकको, तर उसलाई आफ्नै लागि केहि पनि थिएन। त्यसैले, उहाँले उसको लागि एउटा सहयोगी बनाउनुभयो; उसको एक तर्फीबाट एउटा करङ लिनुभयो, गहिरो घाउँ छुनुभयो, र उसको लागि एउटा सहयोगी बनाउनुभयो। र मानिस, उसको आत्मामा, दुवै नर र नारी थियो।

114 र एउटा नारी केवल एक पुरुषको हिस्सा हो। र जब एउटा मानिसले आफ्नै लागि एउटा पत्नी ल्याउँछ, र यदि ऊ सहि रुपमा उसको पत्नी हो भने, परमेश्वरले दिनुभएको एउटा पत्नी, उनी उसको लागि केवल उसको हिस्सा हुन्छ।

115 यहि करणले गर्दा तपाईको विवाहमा धेरै झगडा हुन्छ, किनभने तपाई बाहिर जानुहुन्छ र राम्रो खैरो आँखा वा निलो आँखा, वा केहि त्यस्तै भएकि केटिलाई हेर्नुहुन्छ, र केहि सुन्दर आकृति भएको, र तपाई उसमा पर्नुहुन्छ। पहिलो पटक उनको पहिलो बच्चा हुँदा, ती दाँतहरु बाहिर आउँछ, र उनी चाउरी पर्छिन् र बुढी हुन्छिन्, र त्यसपछि तपाईले उसलाई निकाल्दिन चाहनुहुन्छ। र तपाईहरु मध्ये केहि स्त्रीहरुले राम्रो केश भएको कुनै केटालाई भेट्टाउनुहुन्छ, र उसको आमाको प्यारोले यसमा आधा फालिदिन्छ, र घुमाउरो। र यो सबै बाहिर खस्छ; म त्यो अनुभवले जान्दछु। तर के हुन्छ? यो के हो? तपाई त्यसको लागि लोभिनुहुन्छ।

116 तपाईले पहिलो, प्रार्थना गर्नुपर्छ, किनकि स्त्री तपाईको हिस्सा हो। र

यदि तपाईले एउटा स्त्रीलाई आफ्नो काँखमा अंगाल्नुभएको छ, र तपाईको पत्नी हुनको लागि ल्याउनुभएको छ, र तपाई...उसले तपाईमा छाप बनाउँछ। हामीले यसरी भन्छौ ताकी तपाईले यो बुझ्नुहुनेछ। र छाती विरुद्ध कुनै अर्को स्त्री त्यो छापमा अट्दैन। र परमेश्वरले तपाईलाई यसको निम्ति जिम्मेवार ठहराउनुहुनेछ। र तपाईले केवल त्यसलाई याद गर्नुहोस्।

117 तपाईहरु जसले कसैको श्रीमती लिएर बस्नुभएको छ...मैले यहाँ शहरमा भएको एउटा सानी केटिको बारेमा सुनेको थिए आज, एउटा गरिब सानो कुरा। म उनलाई जान्दछु। र कुनै जुवाडेले उनको लागि एउटा ठूलो राम्रो कपडा, र अन्य कुराहरु किन्दै थियो, र उनीसंग त्यसरी नै खेल्न खोज्दै थियो। एउटा मुसाले, त्यस्तो कामहरु गर्छ, एउटा मान्छे मान्न सकिदैन।

118 तपाई जान्नुहुन्छ, एउटा कुकुर त्यत्ति तल्लो गिर्दैन, र तैपनि तपाई आमा कुकुरलाई एउटा "वेश्या" भनि बोलाउनुहुन्छ। उसमा जेफरसनभिलमा भएका आधा महिलाहरुमा भन्दा धेरै नैतिकता छ। र तपाई एउटा बुढी माता सुँगुरलाई एउटा "सुँगुर," भन्नुहुन्छ र उनी होइन...ऊ संयुक्त राज्यको महिलाहरु भन्दा, धेरैजना भन्दा धेरै नै नैतिकवान छिन्। त्यो एकदम सहि हो। अब, मलाई थाहा छ त्यो कडा छ। र मैले तपाईलाई भनेको थिएँ कि म यसलाई घरमा पिस्न जाँदैछु, म तपाईले यो जानेको चाहन्छु। र त्यो सत्य हो। तिनीहरु सबै, आजकालका महिलाहरुलाई, नैतिकता के भन्ने पनि थाहा छैन। भन्छन्, "मेरो अन्तस्करणलाई चोट नपुर्याउ।" ठिक छ, तपाईसंग कुनै पनि छैन। ध्यान दिनुहोस्। हो, श्रीमान। जब, तपाईलाई के सहि र गलत थाहा छ।

119 अब ध्यान दिनुहोस्। यो पुरुष, जब ऊ बनाईएको थियो, परमेश्वरले उसको आत्मा छुट्ट्याउनुभयो। र उहाँले त्यस मानिसको एउटा टुक्रा लिनुभयो, उसको छेउको, र त्यसबाट एउटा स्त्री बनाउनुभयो। र त्यसपछि उहाँले नारीत्व लिनुभयो, पुरुषको मिठो आत्मा, र त्यसबाट एउटा स्त्री बनाउनुभयो। र उहाँले पुरुषलाई मर्द बनाउनुभयो, हृष्ट–पुष्ट।

120 र जब तपाईले एउटा—एउटा—एउटा सानो मानिसलाई देख्नुहुन्छ...तपाई जान्नुहुन्छ, मन्युकेयर, वा जे केहि पनि तपाईले भन्नुहुन्छ, उसको औंलाको नङहरु; र, तपाईलाई थाहा छ, एक तर्फी चार र अर्को तर्फी पाँच, र—र उसको कपाल तल झार्दै; अगाडि उसको मुख

थाम्नको लागि, र त्यस्तो खालको कुराहरु; यी राम्रा केटाहरु मध्ये एक। तपाई केवल याद गर्नुहोस्, बिहिनी, त्यो चरामा केहि खराबी छ। त्यहाँ केहि गलत छ। तपाईको आँखा उसमा राखेको राम्रो।

121 र जब तपाईले एउटा स्त्री आफ्नो मुखको एक तर्फी चुरोट सहित देख्नुहुन्छ, एक जोडि माथिल्लो पोशाक लगाएर, र भन्दैछ, "म तिमीलाई भन्छु, साथी, यो के हो!" भाई, तपाईले त्यो पुरानो केटिलाई ध्यान दिनुहोस्। त्यहाँ उनीमा केहि खराबी छ।

122 एउटा स्त्री, एउटा स्त्री हुनपर्ने हो, र उनले एउटा महिलाले जस्तो पोशाक लगाउन पर्नेथियो। जब परमेश्वरले एउटा मानिस बनाउनुभयो, उहाँले उसलाई एउटा कुरा बनाउनुभयो, र उहाँले स्त्रीलाई केहि अर्को बनाउनुभयो। र जब परमेश्वरले पुरुषलाई पोशाक लगाईदिनुभयो, उहाँले उसलाई एउटा तरिकाको बनाउनुभयो, र महिलालाई अर्को बनाउनुभयो। र बाईबलले भन्यो, "पुरुषले लगाउने लुगा एउटा स्त्रीले लगाउनु परमेश्वरको अगाडि घृणित छ।"

123 र तपाई महिलाहरु, यी पुरानो प्यान्ट र कुराहरु लगाएर हिड्छन्, र तिनीहरुलाई लगाएर हिड्छन्, सानो पुरानो...तपाईले के भनि बोलाउनहुन्छ, किन्करबोकर? तिनीहरुले के गर्छन्...? ओ, त्यो सामान के हो...? होइन, होइन, यो छोटो कट्टु होइन, यो अर्को चाहि हो, त्यसमा लामो खुट्टा हुन्छ। [कसैले भन्छ, "पेडल पुशर।"—सम्पा।] पेडल पुशर, र ओभरल्स, डुंगारिज।

भित्र गएर, भन्छ, "यो महिलाहरुको लागि हो।"

124 मैले भने, "होइन, तपाई गलत हुनुहुन्छ। युवतीहरुले ती कुराहरु लाउँदैनन्। महिलाले सक्लान्, तर युवतीले हुदैन।" त्यो सहि हो।

125 बाईबलले भनेको छ, "महिलाले यस्तो कपडा लगाउनु घृणित कुरा हो...र पुरुषले महिलाको लुगा लगाउनु।"

126 र पुरुषहरु दिन प्रतिदिन, झन्–झन् महिला जस्तो हुँदैछन्, र महिलाहरु अझै धेरै पुरुष जस्तो बनिरहेका छन्। के भयो? हामी बाईबलबाट, केहि मिनेटमा यो पत्ता लगाउन जाँदैछौं। महिलाहरु अब महिला रहेनन्। मैले तपाई इसाई महिलाहरुलाई भनेको होइन। म सामान्य स्थितिको कुरा गरिरहेको छु। तिनीहरु पुरुषहरु जस्तो काम गर्न खोज्छन्; तिनीहरुको कपाल पुरुषको जस्तो काट्न चाहन्छन्; तिनीहरुको हात माथि

बारमा, *त्यसरी*, राख्छन् र तिनीहरुको मुखको एउटा कुनामा चुरोट राखेर, *परमेश्वरले अमेरिकालाई आशिष दिनुभएको होस्* भनि गाउँछन्।

127 तल सडकमा जानुहोस्, पछाडि त्यहाँ त्यसरी, र ठिक राजमार्गमा। हामीले गन्यौ...म तपाईलाई केहि भन्न चाहन्छु। र तपाई महिला चालकहरु, सुन्नुहोस्। बिल्ली पल र म, देशको वरिपरी यो अन्तिम अभियानमा, छ महिना, मैले सडकमा कति धेरै नैतिक संकोचको गणना राखें। र सडकमा भएका तिन सय दुर्घटना मध्ये कति महिला चालक थिएँ, अनुमान गर्नुहोस्? त्यहाँ अभाव मात्रै थियो...ती मध्ये उन्नाईस जना पुरुष थिए। दुईसय अस्सी वा, म विश्वास गर्छु कि, दुई सय एक्कासी जना महिला चालकहरु थिए। महिला चालकहरु! अब, मैले यो भनिरहेको होइन कि त्यहाँ असल महिला चालकहरु छैनन्। तर उनी जसरी नि फर्किन्छिन्।

128 र तपाई केवल उनमा फर्केर जान खोज्नुहोस्? एउटा प्रहरी आएको बेलामा उनलाई एक प्रकारले राम्रो देखिएर, त्यहाँ उभिन दिनुहोस्, त्यो कपाललाई माथि धकेल्न दिनुहोस्। "किन," उसले भन्नेछ, "निश्चय, तिमी गलतमा छौ!" हम! हामीसंग कानून छैन।

129 तिनीहरुले प्रमाणित गरे कि अर्को दिन करको मुद्दामा जसबाट भएर म भर्खरै आएको छु। हामीसंग कुनै कानून छैन। यदि त्यहाँ...

130 कुनै आश्चर्य छैन कि बेलायतका महान न्यायधिषहरुले भनेका थिए, "लोकतन्त्र सबै जलयात्रा थियो र कुनै लंगर थिएन।" त्यो सहि हो, साबुनको बाकसमा उभिनु, चुनाव प्रचार–प्रसार गर्ने। लोकतन्त्र सडेको छ, र त्यसरी नै तानाशाह र बाकि सबै। सबैकुराहरु सडेको छ। त्यहाँ परमेश्वरले गर्ने एउटा बाहेक अरु कुनै काम छैन, त्यो सबैकुरा नाश गर्नु हो, जसरी उहाँले गर्छु भनि भन्नुभएको छ, र एउटा नयाँ शुरूवात गर्नुहुन्छ। अब हेर्नुहोस् तपाई आगमनको कति नजिक हुनुहुन्छ।

131 अब जब यो महिला...उहाँले उसको लागि एउटा सहयोगी बनाउनुभयो, र उनी उसको सहयोगी हुनपर्ने हो। र त्यसपछि...

132 अब, यहाँ, अहिले सम्म यो कुरामा सहमत हुने मैले एउटा पनि प्रचारक पाएको छैन। र तिनीहरुले यसलाई कुनै अर्को तरिकामा बनाउन खोज्छन्, तर अझै पनि यसले मेरो लागि कुनै अर्थ राख्दैन। तिनीहरुले भन्न खोज्छन् कि आदम र हव्वाले केहि स्याउ खाए। भाई, यदि...म यो अहिले ठट्टाको लागि भन्दिन, तर म यो भन्न चाहन्छु। किनकि, यदि स्याउ खानाले

महिलाहरुले आफु नग्न छु भनि थाहा पाउने हो भने, हामीले फेरी पनि स्याउ दिएको राम्रो हुन्छ। र तपाईलाई थाहा छ कि त्यो सहि हो।

133 तपाईलाई थाहा छ, स्याउ खानाले, तिनीहरुले गरेको त्यो थिएन, तिनीहरु नांगा छन् थाहा गराएको थिएन। निश्चित रूपमा, यो थिएन। यो यौनबाट आउनुपर्दछ। यसरी नै हुनुपर्छ, किनकि तिनीहरु नांगा छन् भनि थाहा पाएका थिए जब तिनीहरुले निषेधित गरिएको फल लिएका थिए। के महिला एउटा फलको रूख होइन र? के तपाई आफ्नो आमाको फल हुनुहुन्न र? त्यो नै फल थियो जुन लिनको लागि निषेध गरिएको थियो।

134 अब यहाँ एउटा ठूलो कुरा छ। अब विज्ञानले मानिस के हो भनेर जान्नुमा सबैभन्दा नजिक पुगेको भने...तिनीहरुले पुरानो हड्डीहरु खने, तिनीहरुले जिवाश्महरु लिन्छन्, र तिनीहरुले टाउको लिए, र तिनीहरुले खोपडी लिए, र हातहरु, र हड्डीहरु, र एउटा मानव जातिजस्तो देखिने बनाउने कोशिष गरे। र तिनीहरुलाई थाहा छ कि मानव जातिको खोजमा तिनीहरु सबैभन्दा नजिक पुगेको भनेको, यसको पछि, एउटा चिम्पान्जीमा हो। त्यो एउटा मानव जातिमा सबैभन्दा नजिकको प्रजाति हो; तरै पनि उच्चतम रूपमा, यो मानव जातिमा केहि पनि होइन।

135 जीवनको सबैभन्दा तल्लो रुप भनेको भ्यागुता हो; उच्चतम रुप चाहि मानव हो। परमेश्वरले तल्लोबाट शुरू गर्नुभयो र ठिक माथि बनाउनुभयो, जबसम्म उहाँले यसलाई आफ्नो स्वरूपमा ल्याउनुभयो। चराचुरुङ्गी र पशुहरुबाट ल्याउनुभयो, र माथि तर्फ ल्याउनुभयो, जबसम्म उहाँले परमेश्वरको प्रतिरूपसम्म ल्यानुभयो। उहाँले मानिसलाई त्यो स्वरूपमा बनाउनुभयो। त्यो नै उच्च रुप हो। सबैभन्दा तल्लो रुप भनेको पोलीवोग हो जुन भ्यागुतामा परिणत भयो, र यस्तै।

136 अब, छुटेको सम्बन्ध, जुन तिनीहरुले पाउन सकेनन्। अब धर्मशास्त्रलाई हेर्नुहोस्। तपाई, तपाई योसंग असमत हुन जानुहुनेछ, तपाईहरु धेरै जना, तर म चाहन्छु...तपाईले यो दिमागमा राखेको चाहन्छु। र यसको विरुद्ध पूर्वाग्रहि नहुनुहोस्। सुन्नुहोस्।

137 मलाई थाहा छ कि तपाईहरु मध्ये धेरैजनाले डा. डिहान लाई भर्खरै सुनेर आउनुभएको छ। म निश्चित रूपमा...आफ्नो क्षमताको व्यक्तिको रूपमा, र एउटा असल ब्याप्टिष्ट भाईको रूपमा, र म निश्चित रूपमा उहाँलाई सम्मान गर्छु। उहाँसंग धेरै बुद्धि र दिमाग छ, र—र मैले जीवनमा

जान्न सक्ने भन्दा बढि उहाँले भुल्नुहुन्छ; किनभने उहाँ ईश्वरताको—एउटा डाक्टर हुनुहुन्छ, र उहाँ एउटा चिकित्सा क्षेत्रको चिकित्सक हुनुहुन्छ, र उहाँ विज्ञानको पनि डाक्टर हुनुहुन्छ। उहाँ एउटा ज्ञानी मानिस हुनुहुन्छ। तर उहाँले भन्दै हुनुहुन्छ कि ती...जब परमेश्वरको छोराहरुले मानिसका छोरीहरुलाई सुन्दर देखे; उहाँले जोसेफसको अडान लिनुहुन्छ, र भन्नुहुन्छ कि त्यो "तिनीहरु—तिनीहरुले आफैलाई मानव शरीरमा ल्याए," र आफ्ना लागि पत्नीहरु ल्याए। र त्यहाँ नोदको भूमिमा राक्षसहरु थिए। "र तिनीहरुले आफ्ना निम्ति पत्नीहरु ल्याए र तिनीहरुसंग बसे, जब परमेश्वरका छोराहरु, पतित स्वर्गदूतहरु, देखे र मानिसका छोरीहरुलाई लिए; र यौन इच्छा यति ठूलो थियो, र यद्धपि तिनीहरु पतनबाट पापी भएका थिए, तिनीहरुले आफैलाई मानव शरीरमा ल्याए।"

138 यदि तिनीहरुले त्यसो गरे भने, तिनीहरुले दिव्य चंगाईलाई बिगारे, तिनीहरुले सबै कुरालाई बिगारे। यदि शैतानले सृष्टि गर्न सक्छ भने, त्यो परमेश्वरको बराबरी छ। शैतानले सृष्टि गर्न सक्दैन। मलाई तपाईले एउटा ठाउँ देखाउनुहोस् जहाँ शैतानले सृष्टि गरेको छ। त्यसले सृष्टि गर्न सक्दैन। त्यसले केवल सृष्टि भएका कुराहरुलाई विकृत गर्न सक्छ। त्यो सृष्टिकर्ता होइन। त्यो केवल भ्रष्टकर्ता मात्रै हो।

139 ठिक छ, त्यसोभए, के भयो त? हेर्नुहोस्। मेरो संस्करण यहाँ छ। यहाँ छुटिएको सम्बन्ध छ।

140 अब तिनीहरुले एउटा चिम्पान्जी पाए, तर तपाईले चिम्पान्जीलाई एउटा महिलासंग प्रजनन गरेर एउटा बच्चा निकाल्न सक्नुहुन्न। तपाईले मानिसलाई कुनै अर्कै पशुसंग प्रजनन गर्न सक्नुहुन्न। यो मिसिदैन। कुनै जनावरमा, तपाईले रगत मिसाउन सक्नुहुन्न।

141 जब म अफ्रिकामा थिए, तिनीहरुले ती गरीब काला रङ्गका मानिसहरुलाई यसरी व्यवहार गर्थे; कसैले मलाई भन्यो, भन्यो, "तिनीहरु पशुभन्दा बाहेक केहि होइनन्।"

142 मैले भने, "म क्षमा चाहन्छु। तिनीहरु उत्तिकै मानव हुन् जत्ति तपाई हुनुहुन्छ, शायद अझै धेरै होलान्।" म तपाईलाई भन्छु, जब तपाईसंग त्यस्तो खालको मनोवृत्ति हुन्छ, तपाई तल जनावर जस्तै बन्दै हुनुहुन्छ। मैले भने, "त्यो मानिस, यदि यो मानिस हुकुमको इक्का जत्तिकै कालो छ, वा ऊ फर्सी जत्तिकै पहेलो छ, वा यदि ऊ नील जत्तिकै निलो छ

भने, उसले तपाईलाई एउटा रगत दिएर तपाईको जीवन बचाउनसक्छ। तर तपाईले जनावरको रगत आफुमा कहिल्यै नहाल्नुहोस्।" वास्तवमै, ऊ एउटा मानव हो।

143 केवल एउटा छाला कालो, र अर्को खैरो, र अर्को पहेलो, र अर्को सेतो भएको हुनाले, त्यसको यससंग कुनै सम्बन्ध छैन। बाईबलले भनेको छ, "एउटा रगतको परमेश्वरले सबै मानिसलाई बनाउनुभयो।" र त्यो एकदमै सहि हो। हामी बस्ने ठाउँहरुमा, हाम्रो रङ्गहरु परिवर्तन गर्नु, यो संग कुनै सम्बन्ध छैन। परमेश्वरले एउटा—एउटा मानिसबाट सबै जाति बनाउनुभयो, एउटै रगत, सबै जातिहरु एकै हुन्।

144 चिनीहरु; अब अश्वेत मानिसले यो भन्न सक्दैन, कालो मानिसले अब भन्न सक्दैन, कि "त्यो चिनको मान्छे, ऊ—ऊ पहेलो छ, त्यससंग मेरो कुनै सरोकार नै हुनेछैन।" उहाँ तपाईको भाई हो। र तपाई सेतो मानिसले पहिलो मानिस वा कालो मानिसलाई यो भन्न सक्नुहुन्न कि, एक अर्काले भन्न सक्नुहुन, "मेरो तिमीसंग कुनै सम्बन्ध छैन।" उहाँ तपाईको भाई हो। एकदम सहि हो।

145 ध्यान दिनुहोस्, अब, यहाँ के घटना घटेको थियो। म विश्वास गर्छु, र बाईबलबाट यसलाई समर्थन गर्न सक्छु, कि यो सर्प थियो जसले यो गरको थियो। सर्प नै चिम्पान्जी र मानिसको बिचमा त्यो छुटेको व्यक्ति हो। किनकि, सुन्नुहोस्, अब यो ध्यान दिनुहोस्, कि त्यो सर्प एउटा सरीसृप थिएन। त्यो मैदानको सबैभन्दा "धूर्त" पशु थियो।

146 अब, म गए र शब्दकोष लिए, आज, सबैठाउँबाट ल्याए, यो शब्दलाई हेर्नको लागि, *धूर्त* शब्दको अर्थ के हो भनेर। यसको अर्थ, "होसियार हुनु, चलाख हुनु," हो र, हिब्रूको सबैभन्दा उत्तम—व्याख्या (बाट एम–ए–एच–ए–एच, महाः) मतलब, "जीवनको सिद्धान्तको वास्तविक ज्ञान भएको।"

147 अब एक मिनेटको लागि यो हेरौँ। ऊ होसियार, चलाख, र उसलाई "सर्प" भनिन्छ। तर, सम्झनुहोस्, ऊ त्यहाँ भएको सबैभन्दा बाठो थियो, र मैदानमा भएको अरु सबैभन्दा बढि मानव जस्तो थियो; मानव जातिको सबैभन्दा नजिक। ऊ एउटा सरीसृप थिएन। श्रापले उसलाई एउटा सरीसृप बनायो। र ऊ...बाईबलले भन्छ कि ऊ सबैभन्दा सुन्दर थियो।

148 र यहाँसम्म कि श्रापले पनि उसको सबै सुन्दरता लगेन; यद्धपि सर्पको

गौरवशाली रङ्गहरु, र उसको सुन्दरता र धूर्तता सुन्दर छ। श्रापले सम्म यसलाई हल्लाउन सकेन। तर, तपाई याद गर्नुहुन्छ, परमेश्वरले भन्नुभएको थियो कि यसको खुट्टा हट्नेछ र त्यो आफ्नो पेटले हिड्नेछ। र तपाईले सर्पमा एउटा पनि हड्डी भेट्नुहुन्न जुन एउटा मानव जातिको जस्तो देखिन्छ, र त्यसैकारणले विज्ञान हराएको हो। तर त्यहाँ ऊ छ।

149 परमेश्वरले यो बुद्धिमान र विवेकीहरुबाट लुकाउनु भयो, र परमेश्वरको छोराहरुलाई, अन्तिम दिनहरुमा प्रकट गर्नको निम्ति प्रतिज्ञा गर्नुभयो, जब परमेश्वरको छोराहरु प्रकट गरीनेछन्, जब, "परमेश्वरका पुत्रहरु जो संसारको उत्पत्ति हुनभन्दा अगाडि नै आनन्द मनाएका थिए।" जब अन्तिम दिनहरुमा ईश्वरत्वको र अन्य कुराहरुको महान प्रकाश ल्याईनेछ, उहाँले यी कुराहरु परमेश्वरका पुत्रहरुबाट प्रकट गर्नुहुनेछ। तपाईलाई थाहा छ कि धर्मशास्त्रले त्यो सिकाउँदछ। र यहाँ हामी छौ। त्यहि नै कारणले हो परमेश्वरले यी कुराहरु आज हामीलाई खोल्दै हुनुहुन्छ। परमेश्वरले उहाँको पुत्रहरुलाई प्रकट गर्न तर्फ ल्याउँदै हुनुहुन्छ। उहाँ कुनै पनि मानव ज्ञानको सिमा भन्दा बाहिर गएर, दूर आत्मिक प्रकाशबाट, तल ल्याउँदै हुनुहुन्छ। के हामीले सिकाईरहेका थिएनौ र, यो बाईबलमा, "यहाँ उसको लागि हो जसमा बुद्धि छ"? उसले कुनै सेमिनारीमा सिकेको कुरा होइन; तर परमेश्वरको अगाडि आफ्नो घुँडा टेकेर के सिक्यो, र उसलाई दिनको लागि परमेश्वरलाई के ले खुसी पार्यो त्यो कुराले हो। परमेश्वरको पुत्रहरु, प्रकट भएको छ!

150 यहाँ सर्प छ, अब यहाँ सर्प के थियो; म तपाईलाई उसको बारेमा मेरो आफ्नो विवरण दिन जाँदैछु।

151 हामीसंग...हामी तल आउँछौ, एउटा भ्यागुता देखि, माथि पोलिवोगसम्म, र तल र त्यस्तै, र *यस्तै–र–यस्तै,* जबसम्म तपाई बाँदर, अन्तमा चिम्पान्जीसम्म आउनुहुन्छ। र चिम्पान्जीबाट, अब हामी चिम्पान्जीबाट मानवमा जान्छौ, र हामी सोच्छौ किन।

152 "ठिक छ," विज्ञानले भन्छ, "अब पर्खनुहोस्! हामीले स्त्रीलाई बाँदरमा प्रजनन गर्नसक्छौ र त्यसपछि चिम्पान्जीमा, र त्यसपछि ठिक उल्टो, एउटा मान्छे चिम्पान्जीमा प्रजनन गर्न सकिन्छ।" यो काम गर्दैन। अर्को कुनै जनावरमा यसलाई प्रजनन गर्नुहोस्; यो काम गर्नेछैन। रगत मिसिने छैन; आफ्नो रगत लिनुहोस्, यो पूर्ण रूपमा फरक रगत हो, पूर्ण रूपले।

153 त्यहाँ केहि रगत छ बिचमा यहाँ, र तिनीहरुले जनावर भेट्टाउन

सक्दैनन्। ओ, हाल्लेलुयाह, म धार्मिक महसूस गर्न थाल्दैछु अहिले। ध्यान दिनुहोस्। किन? परमेश्वरले तिनीहरुबाट यसलाई लुकाउनुभयो। एउटा सर्पमा एउटा पनि हड्डी छैन जुन एउटा मानवको हड्डी जस्तो देख्छ। उहाँले यसलाई यति टाढा लानुभयो कि यो बुद्धिमान मानिसले पनि पत्ता लगाउन सक्दैन।

154 र म तपाईलाई देखाउन जाँदैछु कि त्यो बुद्धिमान मानिस कहाँबाट आयो, ऊ कहाँ—कहाँ छ, जसरी पनि। हेर्नुहोस्, ऊ त्यसको मार्फतबाट आउनसक्दैन।

155 यो प्रकाशद्वारा आउनुपर्दछ, "तपाई ख्रीष्ट हुनुहुन्छ, पुत्र..." "यो चट्टान माथि म मेरो मण्डली बसाल्नेछु; र नरकको ढोकाले त्यसको विरुद्ध विजयी पाउने छैन," आत्मिक प्रकाश। कसरी—कसरी हाबिलले एउटा थूमा चढाउनुपर्छ भनि जाने, जबकि कयिनले मैदानको फलहरु चढाएका थिए? यो उसलाई आत्मिक रूपमा प्रकाश गरिएको थियो। तपाईले यो सेमिनारीबाट पाउनुहुन्न। तपाईले यो नामधारी संगठित मण्डलीबाट पाउनुहुन्न। तपाईले यो स्वर्गबाट पाउनुहुन्छ।

156 अब सर्पलाई हेर्नुहोस्, यो सर्प जो पहिलो थियो। अब उसको तस्विर कोरौ अहिले। ऊ एउटा महान ठूलो साथी हुनुहुन्थ्यो। ऊ चिम्पान्जी र मानिसको बिचमा छ। र, सर्प; शैतान, लुसिफर, लाई थाहा थियो कि त्यो मात्रै एउटा रगत हो जुन मानव रगतसंग मिसिन सक्छ, एउटा मात्रै व्यक्ति जससंग त्यसले व्यवहार गर्न सक्छ। उसले चिम्पान्जीसंग व्यवहार गर्न सक्दैन, त्यो रगत मिसिदैन। त्यसले अरु कुरासंग व्यवहार गर्न सक्दैन। त्यसले भेडासंग व्यवहार गर्नसक्दैन। त्यसले एउटा घोडासंग व्यवहार गर्नसक्दैन। त्यसले अन्य कुनै जनावरसंग व्यवहार गर्न सकेन; यसले सर्पसंग व्यवहार गर्नुपर्थ्यो।

157 आउनुहोस् त्यसलाई लिऔ र हेरौ यो कस्तो देखिन्थ्यो। ऊ एउटा महान ठूलो जन्तु थियो, पूर्व–ऐतिहासिक विशाल जन्तु। त्यहाँनिर उनीहरुले यी ठूला हड्डीहरु भेट्टाए, र म तपाईलाई यो बाईबलमा देखाउनेछु। अब नजिकबाट हेर्नुहोस्। ठिक छ। ठूलो विशाल जन्तु, मानौ ऊ—ऊ दस फिट अग्लो थियो, ठूलो विशाल काँध भएको; एउटा मानिस जस्तै देखिन्थ्यो। र उसको रगत, तल आईसकेपछि, एउटा जनावरलाई अर्को जनावरसंग मिसाएर; तपाईले जनावरहरुलाई मिसाउन सक्नुहुन्छ; र यसले

उच्चस्तरीय रगत लिईरहन्छ, जीवन देखि उच्च, उच्च रुप लिँदै, तबसम्म कि यसले मान्छेको दायरासम्म चढ्दछ। तर अन्तिम सम्बन्ध यहाँ, बिचमा यहाँ, यो काटियो। कतिजनालाई थाहा छ कि विज्ञानले छुटेको सम्बन्ध भेट्टाउन सक्दैन? तपाईहरु सबैले त्यो जान्नुहुन्छ। किन? यहाँ ऊ छ, सर्प। यहाँ ऊ छ, एउटा ठूलो विशाल जन्तु।

र शैतान तल आउँछ, अब, उसले भन्छ, "म प्रेरणा दिनसक्छु।"

158 अब, जब तपाई स्त्रीलाई हेर्न जानुहुन्छ र स्त्रीको कर्मलाई हेर्नुहुन्छ, तपाई याद गर्नुहुन्छ, तपाई शैतानद्वारा अभिषेक हुनुभएको छ (र यो तपाईको आफ्नै श्रीमती होइन)।

159 ध्यान दिनुहोस्, अब, शैतान तल आयो र सर्पमा पस्यो। र उसले हव्वालाई अदनको बगैँचामा भेट्यो, नग्न, र उसले बिचको फलको बारेमा कुरा गर्यो। *बिचको* अर्थ "मध्य," र अन्य त्यस्तै; तपाई बुझ्नुहुन्छ, यो मिश्रित मण्डलीमा। र उसले भन्यो, "अब, यो सुखद छ। यो हेर्नमा चाख लाग्दो छ।" त्यसले के गर्यो? त्यसले हव्वालाई प्रेम गर्यो, र त्यो उनीसंगै बस्यो, एउटा श्रीमानको रुपमा।

160 र उनले यो आनन्ददायी देख्यो, त्यसैले उनी गईन् र आफ्नी पतिलाई भनिन्, तर उनी पहिले नै गर्भवती थिईन्, शैतानद्वारा।

161 र उनले आफ्नो पहिलो छोरा दिईन्, जसको नाम कयिन थियो, शैतानको छोरा।

"अब," तपाई भन्नुहुन्छ, "त्यो गलत हो।"

162 ठिक छ, हामी यो गलत हो या होइन भनेर पत्ता लगाउनेछौ। "र म स्त्रीको र सर्पको सन्तानको बिचमा शत्रुता हालिदिनेछु।" के? सर्पको बीउ! उनको एउटा बीउ थियो, त्यसको एउटा बीउ थियो। "अनि त्यसले तेरो शिर किच्नेछ, र तैले त्यसको कुर्कुच्चो डस्नेछस्।" र *डस्नेछ*, त्यहाँ, मतलव "एउटा प्रायश्चित बनाउनेछ।" अब त्यहाँ तपाईलाई सर्पको "बीउ" छ।

अब, ध्यान दिनुहोस्, यहाँ यी दुईवटा केटाहरु आउँछ।

163 अब, यो सर्प, जब त्यो त्यहाँ उभियो, यो ठूलो विशाल जन्तु त्यहाँ उभियो, त्यो आदमको श्रीमतीसंग व्यभिचार गरेकोमा दोषी थियो। आज पाप कहाँ छ? आज भएको अवस्थामा के कुराले यो बनायो? अब, म—म...

म केको बारेमा बोलिरहेको छु निश्चित रूपमा तपाईले समात्न सक्नुहुन्छ। र त्यहाँ यो थियो।

र जब त्यसले त्यसो गर्यो, परमेश्वरले भन्नुभयो, हव्वा र आदमलाई बोलाउन थाल्नुभयो।

र उसले भन्यो, "म नाङ्गो थिए।"

र उहाँले भन्नुभयो, "कसले भन्यो त नाङ्गो छस् भनि?"

164 त्यसपछि तिनीहरुले शुरू गर्छन्, सेनाको शैली, दोष लगाउदै। भन्यो, "अँ, तपाईले दिनुभएको स्त्रीले, यो गर्यो। मलाई मनाउने उनी नै हुन्।"

165 र उनले भनिन्, "सर्पले मलाई स्याउ दियो"? ठिक छ, प्रचारक, आफ्नो छेउमा जानुहोस्।

166 उनले भनिन्, "सर्पले मलाई छल गर्यो।" के तपाईलाई थाहा छ *छल* को अर्थ के हो? अर्थ हो, "अपवित्र" गर्यो। उनी...उनी...शै–...शैतानले उनलाई कहिल्यै पनि एउटा स्याउ दिएन। "सर्पले मलाई बहकायो।"

र त्यसपछि श्राप आयो।

167 उहाँले भन्नुभयो, "तैले आफ्नो पति सट्टामा सर्पलाई सुनेको हुनाले, तैले संसारबाट जीवन लिएको छस्। र तेरो—तेरो दुख वेदना म सारै गरि बढाईदिनेछु; र तेरो गर्भधारण तेरो पतिको हुनेछ," र यस्तै।

168 "र तैले मेरो साट्टोमा तेरो पत्नीलाई सुनेको हुनाले, (मैले तँलाई धुलोबाट लिएको थिए; सर्वोच्च जाति), फर्केर तँ धुलोमै जानेछस्।"

169 "र, सर्प, तैले यसो गरेको हुनाले, तेरो खुट्टा हट्नेछ। तेरो जीवनभरि, पेटले तँ हिड्नेछस्। र तँलाई घृणा गरिनेछ। र धुलो तेरो मासु हुनेछ।" त्यहाँ तपाई हुनुहुन्छ। त्यो छुटेको सम्बन्ध त्यहाँ छ।

170 अब यहाँ कयिन आउँछ। आउनुहोस् स्वभावलाई हेरौँ। यहाँ कयिन आउँछ। ऊ के हो? ऊ चतुर व्यापारी हो। उसले खेत जोत्छ। बाठो, बुद्धिमान; धार्मिक, अत्यन्त धमात्मी; हेर्नुहोस् उसको—उसको गुणहरु हेर्नुहोस् अब। म संगै केहि मिनेट बढि सर्नुहोस्।

171 यहाँ ऊ माथि आउँछ। उसलाई थाहा छ कि ऊ नैतिक छ। ऊ मण्डली जान चाहन्छ। उसले आफ्नो लागि एउटा मण्डली बनाउँछ, एउटा भेटि चढाउछ। एउटा वेदी ल्याउछ, र सबै। एउटा वेदी बनाउँछ, यसमा आफ्नो फूलहरु राख्छ। खेतको...खेतको फलहरु, परमेश्वरलाई भेटिदान गर्छ।

भन्यो, "त्यहाँ तपाई हुनुहुन्छ, प्रभु। हामी जान्दछौ कि हामीले स्याउ खायौ, जसले यो गरायो।" उनका कतिपय वंशधरहरुले पनि यहि प्रकारको विचार पाएका छन्। यो कहाँबाट आयो भनि देखाउछ। उसले आफ्नो स्याउ भित्र ल्यायो, खेतबाट बाहिर, त्यसलाई त्यहाँ राख्यो, भन्यो, "यसले प्रायश्चित बनाउनेछ।"

परमेश्वरले भन्नुभयो, "यो स्याउ थिएन।"

172 तर, आत्मिक प्रकाशबाट, हाबिललाई थाहा भयो कि यो रगत थियो। त्यसैले उसले एउटा थूमा ल्यायो, त्यसको घाँटी काट्यो, र यो मर्यो।

173 र परमेश्वरले भन्नुभयो, "त्यो सहि हो। त्यसले हो यो गरेको। यो रगत थियो।" तपाईलाई थाहा छ म कुन रगतको बारेमा बोल्दैछु। ठिक छ। "यो रगत थियो जसले यो गर्यो।"

174 अब हेर्नुहोस्। र जब कयिनले उसको पवित्र–भनाउदो भाई परमेश्वरको सामू स्वीकार भएको देखे, र चिन्हहरु र आश्चर्य कर्महरु भएको उनले त्यहाँ तल देखे, उसलाई डाह भयो। उसले भन्यो, "म यो कुरा अहिले यहाँ बन्द गर्नेछु।" उसको भाईलाई हेर्नुहोस्, उसको सन्तानलाई हेर्नुहोस्, आज। "अब, म यो भन्दा बुद्धिमान छु," त्यसैले ऊ क्रोधित भयो। *रिस* कहाँबाट आउँछ? के तपाईले भन्नसक्नुहुन्छ कि रिस...? उसले आफ्नो भाईको हत्या गर्यो। ऊ एउटा हत्यारा हो।

175 के तपाईले परमेश्वरलाई एउटा हत्यारा भनि बोलाउन सक्नुहुन्छ? र आदम परमेश्वरको छोरा थियो। बाईबलले भनेको छ, कि, "आदम परमेश्वरको छोरा थियो," त्यो शुद्ध शुरूवातबाट थियो। आदम परमेश्वरको छोरा थियो। र त्यो डाह र ईर्ष्या, र सबैकुरा, त्यो शुद्ध धाराबाट आउन सक्दैन।

176 यो अर्को ठाउँबाट आउनुपर्छ। [टेपमा रिक्त स्थान—सम्पा।] र यो शैतानबाट आयो, जो एउटा हत्यारा थियो, शुरूबाटै। बाईबलले भनेको थियो, "त्यो एउटा झुटो र हत्यारा थियो, शूरू देखि नै।" र त्यहाँ यो छ। र उसले आफ्नो भाईलाई मार्यो।

177 र त्यो ख्रीष्टको मृत्युको एउटा चित्रण थियो। त्यसपछि, त्यसबाट, अवश्य, उहाँले उसको स्थान लिनको लागि सेथलाई उठाउनुभयो। ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थान।

178 र हेर्नुहोस्, त्यसपछि, यहाँ तपाईको भीमकाय मानिसहरु। त्यसपछि कयिन नोदको देशमा गए। यदि उसको बुवा एउटा ठूलो विशाल जन्तु थियो भने, कयिन कस्तो थियो होला? उसको बुवाजस्तो। र ऊ नोदको देशमा गयो, र उसको दिदीबहिनीहरु मध्ये एकलाई लियो।

179 उसले गर्न सक्ने एक मात्रै तरिका थियो। त्यहाँ हव्वाको मार्फतबाट बाहेक, अरु महिलाहरु आउन सक्दैन थियो। तिनीहरुले दावी गर्छन् कि तिनीहरुको सत्तरीवटा छोरा र छोरीहरु थिए। यदि—यदि त्यहाँ महिला थिएन भने...बाईबलले महिलाहरु जन्मिदा अभिलेख राख्दैन थियो, केवल पुरुषको राख्थ्यो। र जब, यदि त्यहाँ हव्वा बाहेक अरु महिला थिएन भने, जब उनी मरिन्, मानव जातिको अस्तित्व समाप्त हुन्थ्यो। उनीसंग छोरीहरु हुनुपर्थ्यो। र उसले आफ्नै दिदीबहिनीलाई विवाह गर्नुपर्थ्यो।

180 ऊ नोदको देशमा गयो र—र आफ्नो लागि श्रीमती पायो। र जब उसले उनलाई त्यहाँ विवाह गर्यो, त्यहिनिर तिनीहरुले ती ठूला महाकाय मानिसहरु पाए, जो परमेश्वरको पतित छोराहरु थिए। जो तिनीहरुको आफ्नो बुवाबाट आयो, शैतान, कयिनबाट आयो। त्यहाँ तपाईको छुट्टिएको सम्बन्ध छ।

181 र सर्पको बीउलाई हेर्नुहोस्। अब हेर्नुहोस्। याद गर्नुहोस्, सर्पको बीउ धार्मिक छ। यसलाई शुरूबाट अहिलेसम्म आएको हेर्नुहोस्, केहि मिनेटको लागि। यहाँ यो जान्छ, सर्पको बीउ। तिनीहरुलाई के भयो? अब मलाई यहाँ केहि पढ्न दिनुहोस्, यो मैले दिउसो मात्रै लेखेको थिए।

182 हाबिलको वंशबाट के आयो? यसलाई सुन्नुहोस्। ठिक छ। संगै हाबिल आयो। हाबिल पछि सेथ आयो। सेथ पछि नोआ। नोआ पछि शेम। शेम पछि अब्राहाम। अब्राहाम पछि इसाहाक। इसाहाक पछि याकूब। याकूब पछि यहूदा। यहूदा पछि दाऊद। दाऊद पछि ख्रीष्ट, सिद्धतामा आयो।

183 त्यससमयमा हेर्नुहोस् कि परमेश्वरको आत्मा हाबिलमा कसरी बस्नुभयो। हेर्नुहोस् उहाँ कसरी सेथमा बस्नुभयो। हेर्नुहोस् उहाँ कसरी यहूदामा बस्नुभयो। हेर्नुहोस् उहाँ कसरी दाऊदमा बस्नुभयो। हेर्नुहोस् उहि आत्माले बोलाएको, धार्मिक बीउबाट, तलसम्म। तिनीहरुले के गरे त्यसले केहि फरक पर्दैन, तिनीहरु पूर्वनिर्धारित थिए।

184 याकूबलाई हेर्नुहोस्, एउटा फोहोर...म यो कुरा निन्दाको लागि भन्दिन। तर याकूब, एउटा बेईमान, सधै उसको आमाको वरपर झुण्डिरहने; चारैतिर

दौडिरहने, एउटा लाडे पल्टिने केटा। उसको माथि कुराहरु राख्नुहोस्, गएर आफ्नो पितालाई धोका दिए, आशिष पाउनको लागि; तर यो उसलाई संसारको जग बसाल्नुभन्दा पहिले नै दिईएको थियो। निश्चय नै, यो थियो।

185 त्यहाँ गएर आफ्नो ससुरालाई झुट बोले; र ती गाईवस्तुहरु गर्भवती हुँदा तर्साउनको लागि केहि लौराहरु, चिनारका लट्ठीहरु पानीमा राखे; तिनीहरुले धब्बा भएका गाईवस्तुहरु ल्याउनको लागि, ताकी उसले ठगी गरेर ती पाउन सक्नको निम्ति। यसमा परमेश्वरले उसलाई आशिष दिनुभयो। त्यो सहि हो।

186 जसले याकूबको बारेमा केहि भन्छ त्यसलाई धिक्कार होस्। तपाईलाई थाहा—थाहा छ झुटो अगमवक्ताले के भने...वा, उसले ठिक अगमवाणी बोल्दै थिए। बालम, उसले भन्यो, "उसलाई जसले आशिष दिन्छ त्यो आशिषित हुनेछ, र जसले उसलाई श्राप दिन्छ त्यो श्रापित हुनेछ।"

187 "मैले तँलाई लिएको छु, याकूब। मैले यसलाई एउटा...एउटा अन्जान देशमा भेटे। र जसरी चीलले आफ्नो गुँड हल्लाउँछ, मैले यसलाई हल्लाए र यसलाई बाहिर निकाले।" हाल्लेलुयाह! "न त बलले, न शक्तिले, परमप्रभु भन्नुहुन्छ, मेरो आत्माले।"

188 हेर्नुहोस् त्यो तल सिद्धतामा आएको। आत्माले तल ख्रीष्टमा सिद्धताको लागि काम गर्यो, तल प्रत्येक कुलपिताको माध्यमबाट, भएर ठिक तल आयो। तिनीहरुले के गरे त्यसले केहि फरक परेन, तिनीहरुले के भने, तिनीहरुले के गरे, तिनीहरु विल्कुल धार्मिकको बीउ थिए।

189 र, यहाँ, जब धार्मिक अब्राहाम...महिमा! ओ, मलाई साच्चै राम्रो लाग्छ। जब धार्मिक अब्राहामले मल्किसेदेकलाई भेटे, जो परमेश्वर आफै हुनुहुन्थ्यो।

190 मल्किसेदेक को थिए? "शालेमका राजा, जो यरूशलेमका राजा थिए, शान्तिका राजा। उहाँको कुनै पिता थिएन। उहाँको कुनै माता थिएन। उहाँको दिनको शूरुवात थिएन, न त जीवनको अन्त्य नै थियो।" उहाँ जो पनि हुनुहुन्थ्यो, उहाँ अझै जीवित हुनुहुन्छ। "उहाँ कहिल्यै पनि जन्मिनुभएको थिएन। उहाँ कहिल्यै मर्नुहुनेछैन। उहाँको कुनै पिता वा माता थिएन। उहाँको दिनको शूरुवात, वा जीवनको अन्त्य छैन।" मलाई भन्नुहोस् उहाँ को हुनुहुन्थ्यो। अनन्त परमेश्वर; जसमा हामीले भन्छौ एउटा...

191 ओ, मैले भुले भर्खर तपाईले के भन्नुहुन्छ त्यसलाई। ईश्वर–विभव, भनिन्छ। जस्तैमा...एउटा मिथक होइन; तर अझै पनि यो केहि कुरा प्रकट

गरिएको हो। जस्तो उहाँ अब्राहामकहाँ त्यहाँ पालमा आउनुभएको, एउटा स्वर्गदूत जस्तो, र अगमवाणी बोल्नुभयो, र सारा हासिन् भनि भन्नुभयो, उहाँको पछाडि, र त्यस्तै। कुरा, उहि कुरा।

192 र यहाँ उहाँ हुनुहुन्थ्यो। उनले मल्किसेदेकलाई भेटे। र जिजी–... जिजीबुवा अब्राहाम, धार्मिकको बीउमा, मल्किसेदेकलाई दशांस तिरे; र यो उनको खनातिलाई दिईएको थियो, धार्मिकको बीउलाई।

193 अब यहाँ सर्पको—बीउ आउँछ। अब, याद गर्नुहोस्, त्यहाँ तिनीहरु बीच, शत्रुता, युद्ध हुनेछ।

194 सर्पको बीउ संगै आउँछ, र यसले के उत्पादन गर्छ? अब पहिलो केहि वर्षलाई लिऔ। अब हेर्नुहोस् त्यहाँ के घटना घट्छ। हामी ठिक तल पढ्नेछौ, किनकि मैले भर्खरै यसलाई जाँच गरे। सर्पको बीउले कयिनलाई पैदा गर्यो। कयिन नोदको भूमिमा गयो, महाकाय मानिसहरु पैदा गर्यो, र त्यसपछि तिनीहरु नोआको भूमिमा आए।

195 तिनीहरु होसियार, शिक्षित, बुद्धिमान मानिसहरु थिए। के त्यो सहि हो? तिनीहरु निर्माणकर्ता, आविष्कारक, वैज्ञानिकहरु थिए; धार्मिकको बीउद्वारा होइन, तर शैतानको बीउ, सर्पद्वारा। तिनीहरु यस्ता पुरुषहरु थिए जो—जो वैज्ञानिक, निर्माणकर्ता, र महान मानिसहरु, शिक्षकहरु थिए। धर्मशास्त्रले त्यसरी भन्छ। तिनीहरुले काँसाका काम गर्थे। तिनीहरुले फलामका काम गर्थे। तिनीहरुले धातुका काम गर्थे। तिनीहरुले धेरै कुराहरु आविष्कार गरे। तिनीहरुले विभिन्न धातुहरु बनाए, र घरहरु बनाए, र त्यस्तै अन्य। धर्मशास्त्रले त्यसो भन्छ। र तिनीहरु स्त्रीको सन्तान, नोआ, धार्मिकजनको गिल्ला गर्थे। के त्यो सहि हो?

196 आउनुहोस् तिनीहरुलाई अभै टाढासम्म पछ्याऔ। त्यसपछि, हामीले तिनीहरुलाई डुंगासम्म पाउँछौ, सबै कुरा नष्ट पारियो। पापको यस्तो एउटा संघातमा, र तिनीहरुले शाषन लिए, र ज्ञानी र बुद्धिमान। जबसम्म, परमेश्वरले तल हेर्नुभयो, त्यहाँ धेरै जसो बाकि थिएनन्, त्यसैले उहाँले केवल नोआ र उनको परिवारलाई डुंगामा लानुभयो, र तल पानी पार्नुभयो र सबैकुरा नष्ट पार्नुभयो। हनोकलाई माथि लानुभयो, पहिले नै। त्यो सहि हो? त्यहाँ सबै बीउ थियो, लगभग सबै बीउ; तर पूरा गर्नको लागि त्यहाँ उहाँक उदेश्य थियो।

197 अब, नोआ र उनको छोराहरु, जो बाहिर आए, हाम, शेम, र येपेत, धार्मिकको वंशमा आए।

198 कसरी बीउ कहिल्यै समाप्त भयो? बीउ डुंगामा आयो, उस्तै गरि जसरी यो शुरूमा आएको थियो, स्त्रीको मार्फतबाट, तिनीहरुको पत्नीहरुबाट। तिनीहरुले शैतानको बीउ बोकेका थिए, जहाजबाट भएर ल्याए, जसरी हव्वाले शैतानको बीउ बोकेको थियो, कयिनलाई जन्माउनलाई, स्त्रीबाट।

199 तपाईले प्रचारकहरुको लागि महिलाहरुलाई मंचमा राख्नुहुन्छ, बाईबलले यसको निन्दा गर्छ! पावलले भने, "यदि कुनै मानिसले आफुलाई एउटा अगमवक्ता भन्छ, वा आत्मिक ठान्छ भने, उसले यो स्वीकार गरोस् कि म जे लेख्छु त्यो प्रभुको आज्ञा हो; तर यदि त्यो अज्ञानी छ भने, त्यसलाई अज्ञानी भईरहन देओ।"

200 त्यसैकारणले म ब्याप्टिष्ट मण्डलीबाट निस्केर यहाँ तल आए। भाई फ्रीमन केहि समय अगाडि यहाँ हुनुहुन्थ्यो; मलाइ लाग्छ उहाँ त्यस रात त्यहाँ हुनुहुन्थ्यो। डा. डेभिसले भने, "तपाई यहाँ खडा हुनुहुन्छ र यी महिलाहरुलाई प्रचारक हुनको लागि नियुक्त गर्नुहुनेछ।"

मैले भने, "म यो गर्नेछैन। होइन, साच्चै।"

उहाँले भन्नुभयो, "ठिक छ, म तपाईलाई बाहिर निकाल्नेछु।"

201 मैले भने, "मलाई राम्रो त बाहिर निकालेकै हुन्छ।" मैले भने, "यो परमेश्वरको वचन हो, र यसले यो कार्यको निन्दा गर्छ। र जे परमेश्वरले निन्दा गर्नुहुन्छ म त्यो कुरा समाएर बस्न सक्दिन।" होइन, श्रीमान।

202 जो कोहिले यो गर्छ, तिनीहरु झुटा शिक्षक, झुटा अगमवक्ताहरु हुन् भनि देखाउदैछन्। बाईबलले भन्यो कि तिनीहरु हुनेछन्। "हुन सके त चुनिएकालाई नि भर्माउनेछन्।" त्यहाँ तपाई हुनुहुन्छ।

203 अब यो ध्यान दिनुहोस्। र त्यहाँबाट बाहिर, त्यसपछि, हाम आयो, हाम आफ्नो श्रीमतीसंग आयो, र तिनीहरु। उसमाथि श्राप राखिएको छ। हामबाट निम्रोद आयो, जसले बेबिलोन बनायो। बेबिलोनबाट क्याथोलिक मण्डली आयो, त्यसको शूरुवात भयो। तल अहाब हुदै आयो। अहाबबाट तल आयो, यहूदा इस्कारियतसम्म, त्यसपछि, ख्रीष्ट विरोधी।

204 र अन्तिम दिनहरु, यहाँ ख्रीष्ट विरोधीको आत्मा र ख्रीष्टको आत्मा छ। ख्रीष्ट विरोधी आत्माले, भन्दै छ, "आश्चर्य कर्मका दिनहरु बितिसकेको

छ।" ख्रीष्टको आत्माले, भन्दैछ, "उहाँ हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ।" ख्रीष्ट विरोधी आत्माले भन्छ, "यसले केहि फरक पार्दैन यदि तपाई 'पिता, पुत्र, पवित्रआत्मा,' नाउँमा बप्तिष्मा लिनुभएको छ, खन्याउनुभएको छ, छिर्काएको छ, जे केहि पनि यो होस्, यसको अर्थ एउटै हो।" बाईबलले भन्यो कि परमेश्वर अचुक हुनुहुन्छ, र उहाँ परिवर्तन हुनसक्नुहुन्न। तपाई कसलाई सेवा गर्न जाँदैहुनुहुन्छ? यो तपाईमा भर पर्छ।

205 अब तपाईले भन्नुहुन्छ, "के तिनीहरुसंगै बस्न सक्छन्? तपाईले भन्नुभयो, त्यहाँ त्यो डुंगामा, भाईब्रन्हाम, तपाईसंग त्यहाँ दुवै हाम र सेथ थियो।" त्यो सहि हो, एकदम ठिक हो। हाम दुष्ट थियो। सेथ धार्मिक र धर्मी थिए। ठिक छ।

206 आउनुहोस् हामलाई पछ्याएर हेरौं। ठिक छ, अब, त्यहाँ हाम र सेथ डुंगामा थिए; एउटा धर्मी, र अर्को अधर्मी। त्यहाँ एउटै डुंगामा एउटा काग र एउटा ढुकुर थियो। त्यहाँ यहूदा र येशू एउटै मण्डलीमा थिए। त्यहाँ ख्रीष्ट विरोधी र पवित्र आत्मा एउटै मण्डलीमा थिए।

207 र, आज, उहि आत्माले काम गर्दछ। "ईश्वरभक्तिको एक रुप भएको, एकदम धार्मिक, ईश्वरभक्तिको भेष लगाउने तर शक्तिलाई इन्कार गर्ने; यस्तो मोडमा।" पवित्र आत्मा, दावी गर्दै, "येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि उस्तै हुनुहुन्छ।" तपाई कुन पक्षमा रोज्नुहुन्छ?

208 ख्रीष्ट विरोधीले भन्छ कि *यो* केवल धर्मको पुस्तक मात्रै हो। "हामी प्रेरितको सार दोहोर्याउने छौ।" म कुनै पनि प्रचारकलाई बाईबलमा प्रेरितको सार कहाँ पाईन्छ भनेर बताउन चुनौती दिन्छु: "म परमेश्वरमा विश्वास गर्छु, सर्वशक्तिमान पितामा, स्वर्ग र पृथ्वीको सृष्टिकर्ता; येशू ख्रीष्ट, उहाँको पुत्रमा। म पवित्र रोमन क्याथोलिक मण्डलीमा विश्वास गर्छु, सन्तहरुको संगतिमा।" तपाईले त्यो बाईबलमा कहाँ फेला पार्नुहुन्छ? र अझै पनि तपाई आफ्नो ठूलो मेथोडिष्ट र ब्याप्टिष्ट मण्डलीहरुमा दोहोर्याउनुहुन्छ। यो शैतानको एउटा सिद्धान्त हो, र झुटा अगमवक्ताहरुले यो सिकाईरहेका छन्।

209 र म आशा गर्छु कि म तपाईको भावनालाई चोट पुर्याउनेछैन, तर म यो मण्डलीलाई काटी ठोक्दैछु। तपाई ब्रन्हाम टेबरनेकलमा हुनुहुन्छ, त्यस्ता कुराहरुबाट टाढा रहनुहोस्। सन्तहरुको संगतिमा विश्वास गर्ने कुनै पनि कुरा अध्यात्मवाद हो। "परमेश्वर र मानिसको बिचमा त्यहाँ एउटा मध्यस्थकर्ता हुनुहुन्छ, र त्यो मानिस येशू ख्रीष्ट हुनुहुन्छ।" त्यहाँ कतिवटा मरियमहरु

छन् त्यसको वास्ता नगर्नुहोस्!

210 हेर्नुहोस् कसरी त्यो स्त्रीको बीउले पुरानो बेलामा के गर्यो? हेर्नुहोस् कसरी स्त्रीको बीउले त्यहाँ बोकेर ल्यायो?

211 हेर्नुहोस् आज, अमेरिकामा। अमेरिका शैतानको बीउ हो। यो के हो? ऊ महिलाहरुको देश हो। तपाईले सुन्नुभएको छ, "यो नारीको संसार हो।" त्यो सहि हो। यो एउटा नारीको राष्ट्र हो। तिनीहरुले ढाँचा बसाले।

212 म यहाँनिर गए, धेरै समय भएको छैन, स्विटजरल्याण्डमा। महिलाहरुले भन्दै थिए...एउटा सानो, पवित्र आत्मा पाएकि महिलाले भनिन्, "तपाईलाई थाहा छ, यदि म अमेरिकामा गएँ भने, तिनीहरुले भन्छन् कि महिलाहरुले स्वतन्त्रता पाएका छन्।"

213 मैले भने, "म तपाईलाई भन्छु यसले कहाँ लैजान्छ।" र मैले उनलाई भन्न थाले।

उनले भनिन्, "ओ, दया होस्, मलाई त्यस्तो केहि चाहिदैन।"

मैले भने, "त्यहाँनिर यसले लैजान्छ।"

तपाईलाई थाहा छ, तिनीहरुले त्यस्तो कुरा त्यहाँ गर्दैनन् जस्तो यिनीहरुले यहाँ गर्छन्।

214 यो के हो? म तपाईलाई देखाउनेछु अमेरिका एउटा महिला हो भनि। हाम्रो सिक्कामा एउटा महिलाको चित्र छ। यहाँ भएका सबै कुरा एउटा महिला हो।

215 मलाई भन्नुहोस्, देशमा पर्याप्त अवैधानिक रक्सिहरु छैन, हुनेथियो... तपाईले यो शहरमा चालिसवटा अवैधानिक रक्सि बेच्नेहरु राख्नुहोस, र तिनजना वेश्याहरु राख्नुहोस्, राम्री–देखिने महिलाहरु जसले आफैलाई त्यहाँ सडकमा राख्छे; तपाईले शहरमा राख्नसक्ने अवैधानिक रक्सी बेच्नेहरुले भन्दा, तिनीहरुले अभिलाषा देखाएर, धेरै प्राणहरुलाई नर्कमा पठाउनेछन्। त्यो एकदम सहि हो।

216 यो के हो त्यसोभए? यो महिला हो। उनी को हुन्? उनी अमेरिकाकि देवी हुन्।

217 यी पुराना चलचित्रका केहि कलाकारहरुलाई लिनुहोस्; तिनीहरु यहाँ उठ्छन् र चार वा पाँच पटक विवाह गर्छन्, एकै समयमा तिन वा चार फरक पतिहरुसंग बस्छन्; र यी मध्ये कतिपय पत्रिकाले पर्दाफास गर्दै र

तिनीहरुलाई भन्छन्, तिनीहरुको तस्बिरहरु यहाँ नग्न निकालेका छन्। र तपाई सानी केटिहरुले यसलाई तपाईको उदाहरणको रूपमा राख्नुहुन्छ, (किन?) किनकि तपाईको आमा तपाईको अगाडि छ, शायद, तपाईको हजुर आमा तपाईको अगाडि छ। तपाईले देख्नुहुन्छ सर्पको त्यो बीउले कहाँ काम गरेको छ? निश्चय नै, यो हो।

218 र यसले के गर्यो? यदि अधर्मले चौध पुस्तासम्म भेट्ने हो भने, व्यवस्थाको अधिनमा, यदि धर्मीहरुको बीउले काम गर्न लागेको छ भने, आजको दिनमा अधर्म यस दिनमा आयो भने? र परमेश्वरले भन्नुभयो एक समय आउनेछ, यदि उहाँले आफ्नो कार्यलाई छोटो बनाउनुभएन भने, त्यहाँ कोहि पनि बाकि रहनेछैन। हामीहरु अन्तिम समयमा छौं। आजराति धर्मीलाई खोज्नुहोस्; शहरहरु भएर जानुहोस्!

219 ओ, तपाईले मण्डलीमा सदस्यहरु ब्याप्टिष्टहरु र प्रेस्बिटेरियनहरु प्रति हुनसक्नेसम्म को वफादार भेट्टाउनुहुन्छ, र त्यस्तै। तर खरायोले हिउँको जुत्ता लगाउनुमा जत्ति सरोकार छैन उत्तिकै तिनीहरुको परमेश्वरसंग कुनै सरोकार छैन। यसको बारेमा केहि जान्दैनन्! जे पनि तिनीहरुलाई थाहा छ: "के तपाई एउटा इसाई हुनुहुन्छ?"

"म एउटा क्याथोलिक हुँ।"

"के तपाई एउटा इसाई हुनुहुन्छ?"

"म एउटा ब्याप्टिष्ट हुँ।"

"तपाई एउटा इसाई हुनुहुन्छ?"

"म प्रेस्बिटेरियन हुँ।"

"के तपाई एउटा इसाई हुनुहुन्छ?"

"म पेन्टिकोष्टल।" त्यसको यससंग कुनै सरोकार नै छैन।

220 तपाई एउटा इसाई हुनुहुन्छ किनकि परमेश्वरले, उहाँको अनुग्रहद्वारा, तपाईलाई बचाउनुहुन्छ। र तपाईलाई यसको बारेमा थाहा छ। र केहि कुराले तपाईको जीवन परिवर्तन गरेको छ, कि तपाई फरक जीवन बिताउनुहुन्छ। र ख्रीष्ट येशूमा तपाई एउटा नयाँ व्यक्ति र प्राणि हुनुहुन्छ। निश्चय नै।

221 तर तपाईले देख्नुहुन्छ सर्पको बीउ कहाँ छ? सर्पको बीउ के थियो? व्यभिचार। तपाई पछ्याउदै हुनुहुन्छ? हव्वासंग व्यभिचार। त्यसमा के भयो? त्यसले के ल्यायो? यो के हो आजराति?

222 पछाडि फर्केर हेर्नुहोस्, एउटा केहि समय अघि, जब पहिलो गीत आयो। तपाई वृद्धा मानिसहरु, जब...तिनीहरुले रेडियोमा गाउन दिनुअघि गीतहरु छान्ने गर्थे। र पहिलो बाहिर आयो, त्यो, "रोल एम, केटिहरु, रोल एम, मलाई तिम्रा राम्रा घुँडा देखाऊ," र सबै त्यस्तै। "बा र आमा प्रति हास्छन्, र तिनीहरु सबैलाई दिनुहोस् एउटा 'हा–हा–हा!'" त्यो नै पहिलो थियो जुन तिनीहरुले छाड्न दियो। तपाईलाई के लाग्छ त्यो गीत लेख्ने मान्छे आजराति कहाँ छ? ऊ मरिसक्यो।

223 तपाई क्लारा बो को बारेमा के सोच्नुहुन्छ, जो पहिला आयो र भन्यो, *खतरनाक वक्र,* र हजारौ आत्माहरुलाई नरकमा पठाउने किशोरी कलाकार? तपाईलाई के लाग्छ उनी कहाँ छिन् आजराति? उनी लामो समय देखि मृत छिन्। उनको शरीर सहित, उनी कहाँ छिन्? उता पल्टिरहेकी छिन्, धुलोमा सडिएको, किराहरु र किराले खाएको छ। अनि उनको आत्मा एक न्यायी परमेश्वरको अगाडि रहेकी छिन्।

224 कहाँ छ त्यो मान्छे जसले त्यस महिलालाई लियो र तिनीहरुलाई पुरानो फोहोर देखिने लुगा लगाउने बनायो, तिनीहरु सबैलाई एक तर्फि र अर्कोमा धकेल्न, तिनीहरुलाई गलत बनायो? भन्नुभयो, "तिनीहरुले यसको लागि के गरे? तपाईले किन त्यस्तो खालको कुराहरु लगाउनुहुन्छ?" किनकि तपाईलाई पुरुषले हेरेको तपाई चाहनुहुन्छ, र यसलाई प्रमाणित गर्ने अरु कुनै तरिका छैन।

225 र के तपाईलाई थाहा छ जब तपाईले त्यसो गर्नुहुन्छ, र कुनै पुरानो पापीले तपाईलाई हेर्छ, तपाईलाई थाहा छ के हुन्छ भनि? न्यायको अदालतमा...तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, म मेरो पति प्रति हुनसक्ने सम्मको सच्चा भए।" तपाईले व्यभिचार गरेकोमा दोषी ठरिनुहुन्छ। येशूले भन्नुभयो, "जसले कुनै स्त्रीलाई कुदृष्टिले हेर्छ, त्यसले आफ्नो हृदयमा पहिले नै व्यभिचार गरेको हुन्छ।" जब त्यस पुरुषले व्यभिचार गरेकोमा जवाफ दिनुपर्छ, को त्यसको कारक हुनेछ? जुन तरिकामा तपाईले पोशाक लगाउनुभयो र जुन तरिकामा आफुलाई प्रस्तूत गर्नुभयो।

226 अब, मैले भन्न खोजेको यो होइन कि तपाईले पुरानो बाकसबाट लिएर कुनै अर्कै किसिमको लुगा लगाउनुपर्छ। तर, तपाई एक महिला जस्तै देखिन सक्नुहुन्छ।

227 र यहाँ बाहिर निस्कनुहुन्छ, र तपाईको सानो छोटो लगाउनुहुन्छ,

र सानो रिबनले *त्यसरी* बान्नुहुन्छ, र तपाईको बच्चा चुरोटको ट्रे जस्तै आँखाले, तपाईको मुखमा चुरोट सहित, तल सडकमा हिड्दै। तपाईले त्यो असल उदेश्यको लागि त्यसो गर्नुहुदैन। यथार्थमा तपाई निर्दोष हुनुहुन्छ होला, तर शैतानले तपाईलाई एउटा उपकरणको रूपमा प्रयोग गरिरहेको छ जसरी त्यसले हव्वालाई गर्यो।

228 यो किन एउटा महिलाको देश हो? किनभने यसले ठिक क्याथोलिकवादको संगठन तर्फ डोहोर्याईरहेको छ। यो के हो आज? तिनीहरुले येशू उल्लेख गरेको तपाईले कहिल्यै सुन्नुहुन्न। "जय मरियम! मरियम, परमेश्वरको माता! सन्त सेसिलिया!" सबै प्रकारका सन्तहरु, मृत सन्तहरु। यहाँ धेरै समय भएको छैन, तल भित्र...

229 म तल मेक्सिकोमा थिए, गत साल। यहाँ एउटा गरिब महिला आईन्, तान्दै। उनको घुँडा, सबै त्यसरी घिसृएको थियो, र लुकाएको; रुँदै, र उनको हात समाउदै। र बुवा संगै हिड्दै, दुई साना बच्चाहरु बोक्दै, तिनीहरु रुँदै; आमाले धेरै पिडा भोगिरहेको थियो; किनकि केहि महिला, जसलाई तिनीहरुले एउटा सन्त भन्थे, उनी मरे। तिनीहरुसंग उनको मूर्ति माथि डाँडामा राखेको थियो। कुनै प्रेमीले उनलाई मारेको थियो। र जसै उनलाई त्यसरी मारियो, अवश्य, उनी एउटा सन्त भईन्; उनी एउटा क्याथोलिक थिईन्। त्यसैले तब उनी जाँदै थिईन्, पश्चाताप गर्नको लागि; र उनी दुई मिल टाढा घिस्रिनु पर्थ्यो, पारी ढुंगे गीटिमा, पश्चाताप गर्नको लागि।

230 भाई, यदि त्यहाँ एउटा काम छ जुन मैले गर्नुपर्छ भने, येशू ख्रीष्ट व्यर्थमा मर्नुभयो। अनुग्रह, म बचाईएको छु; र आफै—आफ्नै मार्फत होइन, तर परमेश्वरको इच्छाद्धारा, र परमेश्वरको भलाईद्धारा।

231 ती पत्रकारहरुले मलाई सोधे, भने, "श्रीमान. ब्रन्हाम..." सानो—सानो, मरेको बच्चा जीवित पारिएको थियो, र त्यहाँ केहि चिजहरु थिए। तिस हजार क्याथोलिक...होइन, म माफि चाहन्छु। यो बिस हजार थियो। तिस हजार अफ्रिकामा थियो। बिस हजार क्याथोलिकले ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा स्वीकार गरे, एकै पटकमा, जब त्यो भयो, मेक्सिको शहरमा उभिदै थिए। र ती पूजाहारीहरु, तिनीहरुले केहि पनि भन्न सकेनन्; धेरैले, एउटा दंगा शुरू गरे। धेरैजना त्यसको समर्थनमा थिए। त्यसैले उहाँले भन्नुभयो, "श्रीमान. ब्रन्हाम, के तपाई विश्वास गर्नुहुन्छ कि हाम्रा सन्तहरुले तपाईले गर्नुभएको जस्तै काम गर्नसक्छन्?"

232 तिनीहरुको सिद्धान्त जानेको हुँदा, मैले भने, “निश्चय नै, यदि तिनीहरु बाँचिरहेका छन् भने।” बुझ्नुभयो? त्यसैले, तपाई नमरेसम्म तपाई क्याथोलिकको सन्त बन्न सक्नुहुन्न, तपाईलाई थाहा छ।

त्यसैले उहाँले भन्नुभयो, “ओ, तपाई नमरेसम्म तपाई एउटा सन्त बन्न सक्नुहुन्न।”

233 मैले भने, “तपाईले त्यो कहाँ पढ्नुभयो? पावलले भने, ‘एफिससमा रहेका सन्तहरुका लागि,’ र तिनीहरु जो परमेश्वरद्वारा बोलाईएका छन्। ‘एफिससमा रहेका सन्तहरुका लागि,’ उनले आफ्नो पत्र पढिरहेका थिए; र सन्तहरु अर्को ठाउँमा थिए, गलातीमा, र—र ‘रोममा रहेका सन्तहरु,’ र त्यस्तै। *सन्तहरु*, ‘पवित्र जन।’ त्यसको बारेमा के हो?”

234 उहाँले भन्नुभयो, “अवश्य पनि, अब, हामीले बाईबलमा बहस गर्नुपर्दैन। किनभने, हामीहरु मण्डली हौँ, र मण्डलीले के भन्छ। बाईबलले के भन्छ हामीले वास्ता गर्दैनौ। यो मण्डलीले के भनेको छ।” भन्नुभयो, “त्यसोभए क्याथोलिक मण्डलीको विषयमा तपाईको धारणा के छ?”

235 मैले भने, “तपाईले मलाई यो नसोधेको भए हुन्थ्यो। किनकि तपाईले मलाई सोध्नुभयो, र म तपाईलाई सत्यता भन्न जाँदैछु।”

भन्नुभयो, “ठिक छ, तपाईले मलाई सत्य बताएको म चाहन्छु।”

मैले भने., “मैले जानेको मध्येको अध्यात्मवादको उच्चतम रुप हो।”

उहाँले भन्नुभयो, “तपाईले त्यो कसरी पाउनुभयो?”

236 मैले भने, “मृतकसंग मध्यस्थता गर्ने कुनै पनि कुरा अध्यात्मवादि हो।” मैले भने, “यदि त्यो सन्तले फर्केर बोल्छ भने, ऊ नरकमा हुनुपर्छ। किनभने, तिनीहरु जसले बाटो पार गरेका छन्, मेरो—मेरो बाईबलले भनेको छ कि त्यो फर्केर आउन सक्दैन।” त्यो सहि हो। र मैले भने, “यदि यो हो भने, यो सन्त जस्तै गरि शैतान बोलिरहेको हो, र कुनै पनि हालतमा, यो सन्त होइन।”

237 र उहाँले भन्नुभयो, “ठिक छ, अब, एक मिनेट।” भन्नुभयो, “तपाईले पनि, मृतकसंग मध्यस्थता गर्नुहुन्छ।”

मैले भने, “कहाँ?”

उहाँले भन्नुभयो, “येशू ख्रीष्ट मर्नुभयो।”

238 मैले भने, "तर उहाँ त फेरी जीवित भई उठ्नुभयो। उहाँ मृत हुनुहुन्न। तर उहाँ जीवित हुनुहुन्छ, मध्यस्तता गर्नको निम्ति, परमेश्वर र मानिसको विचमा एक मात्र मध्यस्थकर्ता।"

239 "म उहि हुँ जो मरेको थिए, र फेरी जीवित भएको छु, र सदाको लागि जीवित छु। मसंग मृत्यु र नरकको साँचाहरु छन्।" "जसले इच्छा गर्छ, उसले आएर सित्तैमा जीवनको पानीबाट पिओस्।" मेरो! त्यो हाम्रो परमेश्वर हुनुहुन्छ। त्यो हाम्रो परमेश्वर हुनुहुन्छ।

240 र धर्मीहरुको बीउ सकिन लागेको छ। यी कुराहरुको बारेमा मानिसहरुसंग कुरा गर्नुहोस्। मानिसहरुसंग फर्केर बाईबलको बाटोमा जाऊ भनि कुरा गर्नुहोस्। मानिसहरुसंग आश्चर्यकर्मको बारेमा कुरा गर्नुहोस्। मानिसहरुसंग त्यसको बारेमा कुरा गर्नुहोस्। तिनीहरुको "मण्डलीले यसलाई विश्वास गर्दैनन्," त्यसैले तिनीहरु नाजायज बच्चाहरु हुन्, परमेश्वरको लागि। बाईबलले भनेको छ कि यदि हामीले सतावट, परिक्षाहरु, निन्दाहरु, "पवित्र–भनाउदाहरु" भनि बोलाईएका र अन्य त्यस्तै, त्यस्तै कुराहरु, सहन गर्नसक्दैनौ भने, हामीले त्यो सहन सक्दैनौ भने, तपाई नाजायज बच्चा हुनुहुन्छ, र परमेश्वरको छोराछोरी हुनुहुन्न। बाईबलले त्यसो भनेको छ।

241 यदि तपाई चाहनुहुन्छ भने मलाई "पवित्र–भनाउदो," बोलाउनुहोस्। तपाईलाई इच्छा लागेको जे पनि भनि बोलाउनुहोस् मलाई। जबसम्म परमेश्वर प्रति मेरो हृदय सहि छ, र परमेश्वरको बाईबलसंग मेरो अनुभवहरु मिल्छ, म ठिक यहि दिशातर्फ अघि बढिरहन्छु। हो, श्रीमान। त्यहि नै हामीले विश्वास गर्छौं। त्यो जीवित परमेश्वरको मण्डली हो, जो धर्मज्ञानबाट आउँदैन। यो कुनै मानव–निर्मित, बौद्धिक अवधारणाबाट आउदैन। यो विल्कुल येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने प्रकाश गरिएको सत्यबाट आउछ।

242 यदि म संग केवल बौद्धिक अवधारणा थियो भने, किनभने ब्याप्टिष्ट मण्डली वा मेथोडिष्ट मण्डलीले मलाई त्यो *यस्तो–र–त्यस्तो* कुराहरु सिकायो, जब म यो बाईबललाई सुन्छु, यदि बाईबल...यदि म "पिता, पुत्र, र पवित्र आत्मा," को नाउँमा बप्तिष्मा भएको थिए र यो बाईबल पढ्छु, र एउटा प्रचारकले मलाई भन्छ कि त्यहाँ बाईबलमा कोहि पनि कहिल्यै पनि त्यसमा बप्तिष्मा भएको छैन तर येशू ख्रीष्टको नाउँमा मात्रै छ, र म यो पढ्छु र त्यो सत्य हो भनि देख्छु, म पानीमा जत्ति चाडो हुन्छ जानेथिए।

हो, श्रीमान।

243 यदि कसैले मलाई भन्यो कि—कि येशू ख्रीष्ट एउटा महान चंगाईदाता हुनुहुन्छ, र मेरो मण्डलीले मलाई भन्यो, “आश्चर्यकर्मको दिनहरु बितिसकेको छ,” र मलाई चंगाईको आवश्यकता छ, म जति हुन्छ चाडो दौडेर, त्यो वेदीमा, निको हुनको लागि जाने थिएँ। म पक्का छु म त्यसो गर्ने थिए।

244 यदि म एउटा प्रचारक थिएँ, र मेरो पुल्पिटमा एउटा—एउटा महिला प्रचारक थियो भने, र मैले त्यो बाईबलमा पढेँ र एउटी महिलाले प्रचार गर्नुहुदैन भने देखेँ, म उनलाई त्यहाँबाट बाहिर राख्ने थिए, यदि यसले मेरो ढाँड लुकाउन पर्ने अवस्था आए पनि।

245 याद गर्नुहोस्, एक रात, दिदी राईट बस्नुभएकै ठाउँमा बसिरहेर, केहि त्यस्तो गरेको कारणले एउटा महिलाले मलाई ढोकाबाट बाहिर निकाल्नेवाला थिईन्। हो, श्रीमान। मैले भने, “तपाई मेरो मण्डलीमा आउनुहुनेछैन आफ्नो पुरानो...” जब तिनीहरुले लाउने गर्थे, वा यसरी यहाँ तल तिनीहरु लुगा काट्ने गर्थे, र त्यो हास्यास्पद देखिने कुरा, र लगभग आधा जस्तो तिनीहरुको शरीर खुला देखिने गरि। मैले भने, “तिनीहरु यदि मेरो मण्डलीमा कहिल्यै आए भने, म पक्का तिनीहरुलाई बाहिर राखिदिनेछु।” र यहाँ तल केहि सानो पुरानो स्निकल–फ्रीच, त्यसपछि धेरै लामो बेर भएको थिएन उनी मरिन्; र त्यसपछि उनले मलाई बोलाईन्, मर्दै थिईन्। उनी एउटा क्याथोलिक केटि थिईन्, माथि हिडेर आईन् र त्यसरी त्यहाँ बसिन्। मैले फर्केर हेरे र मैले उनको जासुसी गरे, यहाँ बसेर, र तिनीहरु गीत गईरहेका थिए। मेरो कोट फुकाले, फर्केर त्यहाँ हिडेर गए, उनको काँधमा राखिदिए। मैले भने, “म्याडम, यदि तपाई मैले प्रचार गरेको सुन्न जाँदै हुनुहुन्छ भने, परमेश्वरको मण्डलीमा रहुन्जेल के तपाई यो कोट लगाउनुहुन्छ।” बुझ्नुभयो? पक्कै पनि।

246 उनी त्यहाँबाट बाहिर निस्किन्, र त्यो सानो ओठ फैलाईंन्। उनी भवनबाट बाहिर गईन्। उनले भनिन्, “यदि उहाँले धर्म पाउनुभएको छ भने, म मेरो गाईलाई त्यो खालको धर्म राख्न दिन्न।”

मैले भने, “चिन्ता नगर्नुहोस्, उसले त्यो राख्नेछैन।”

247 त्यसपछि हामीसंग पाल थियो, उनी मर्दै गर्दा तिनीहरुले मलाई बोलाए। उनलाई हृदयघात भएको थियो, र उनी मर्दै थिईन्। उनकी पति आए।

उहाँले, "सक्छौ, छिट्टो आउँ!" र म ठिक सभामा थिएँ। ठूलो, अग्लो केटो, ढोकामा उभिरहेको, मेरो लागि पर्खिरहेको थियो। र म चाडो गए...

248 म मेरो कारमा पसे र त्यहाँ चाडो गए। जसै म माथि गए, मैले त्यो वृद्धा नर्सलाई त्यहाँ बाहिर भेटे, जो अझै पनि, होवार्ड पार्कमा बस्नुहुन्छ। उनले भनिन्, "आदरणीय, आउनुपर्ने कुनै आवश्यकता छैन।" यो लगभग बिस वर्ष अगाडि भएको थियो, शायद अलि राम्रो भयो। भनिन्, "तिनी मरिसकेकी छिन्।" भनिन्, "तिनी मरेकी तिन मिनेट जस्तो भईसकेको छ।" भनिन्, "उनी सक्दो कडा चिच्याईन्, तपाईको लागि।" भनिन्, "तपाईको लागि म संग एउटा संदेश छ।"

भने, "के?"

249 भनिन्, "त्यो प्रचारकलाई भन्नुहोस्, कि मैले त्यो भनेको थिए, 'मलाई क्षमा दिनुहोला।'"

250 म त्यहाँ तल तिनलाई हेर्न गए। सुन्दर महिला; र तिनले यति कष्ट भोगेकी थिईन्। तिनको नाकमा साना धब्बाहरु थिए; एउटी सुन्दर महिला। र धब्बाहरु, यस्तो देखिन्थ्यो, बाहिर निस्केको थियो। र तिनको आँखा पूर्ण रूपमा बाहिर निस्किएको थियो, र आधा जस्तो पछाडि फर्केको थियो। अवश्य, उनको आन्द्रा र मृगौलाहरु सरेको थियो, र सबै ओछ्यानमा बाफ आउदै थियो, त्यस्तै थियो।

251 र उनको पतिले मलाई हेरे, अनि भने, "भाई ब्रन्हाम, प्रार्थना गरिदिनुहोस्, किनकि उनले तपाईलाई हेर्न चाहन्थिन्।"

मैले भने, "उनलाई अहिले प्रार्थना गरेर केहि पनि राम्रो गर्दैन।"

252 "जुन तर्फी रुख झुक्छ, त्यहि तर्फ त्यो गिर्छ।" बुझ्नुभयो? "धोखामा नपर्नुहोस्; परमेश्वरको गिल्ला भएको छैन। मानिसले जे रोप्छ त्यहि कटनी गर्छ।"

253 के तपाई देख्नुहुन्छ यो कहाँ छ? अब के भयो? हेर्नुहोस् एउटा महिलालाई जसले त्यसो गर्छ। त्यस महिलाहरुलाई हेर्नुहोस् जो पहिले जिउथे, कोरस केटि, उनको छोरी के थियो? एक शौकिन, एउटा शौकिनको छोरी के हो? एउटा रक–एन–रोल किशोरी। उनको छोरी के बन्नेवाला छ? हम! यो के हो?

धर्मीको बीउलाई हेर्नुहोस्?

254 तपाई ब्याप्टिष्टहरु हेर्नुहोस्। केहि समय पछाडि फर्केर जानुहोस्। जोन स्मिथमा फर्केर जानुहोस्, तपाईको संस्थापक, तपाईको ब्याप्टिष्ट। जब, उनले मानिसहरुको अधर्मको निम्ति प्रार्थना गरे, तबसम्म, उनी तबसम्म मानिसहरुको निम्ति रोए र प्रार्थना गरे कि उनको आखाँ सुन्निएर बन्द भयो, र उनको श्रीमतीले उनलाई मेचमा ल्याएर खुवाउनु पर्थ्यो, उनको बिहानको खाना।

255 र तपाई मेथोडिष्ट, यहाँ वरिपरी हुनुहुने, तपाईको नाक र कानमा गहना सहित, र शैतानको लागि उपकरण जस्तो; र बाहिर गएर, छोटो कपडा लगाएर, र त्यस्तै कुराहरु! जब, बुढो जोन स्मिथ, मेथोडिष्ट मण्डलीको पुरानो मध्ये एक, उनी पचास्सी वर्षको भएर मर्नुभन्दा पहिले, चार वर्ष एउटा छोटो प्रवचन प्रचार गरे, वा, चार घण्टा। तिनीहरुले उनलाई बोकेर पुल्पिटमा राख्नु पर्थ्यो। र यहाँ उनको अन्तिम शब्द थियो। उनले भने, “म मेथोडिष्ट मण्डलीको कार्य देखेर स्तब्ध भएको छु।” भन्यो, “मेथोडिष्ट मण्डलीका छोरीहरुले समेत तिनीहरुको औंलाहरुमा सुनका औंठी लगाईरहेका छन्।” तपाई के भन्नुहुन्छ अब, छोटो लुगा लगाएर, गायन समूहमा गाउदै गर्दा?

256 तपाई राम्रोसंग जाँदै हुनुहुन्थ्यो। के भयो? तपाई आफ्नो आमा जस्तै व्यवहार गर्दै हुनुहुन्छ। त्यो यस्तै नै हो।

257 त्यहि नै कारणले हामी यी नामधारी संगठित मण्डलीसंग हिड्न चाहदैनौ, यसमा, यहाँ अड्किन चाहन्नौ: “हामीहरु मेथोडिष्ट हौँ। हामीहरु ब्याप्टिष्ट हौँ।” हामीहरु केवल ख्रीष्टका हौँ। त्यो तरिकामा छोड्नुहोस्, स्वतन्त्र रहनुहोस्।

258 अब, सर्पको बीउलाई हेर्नुहोस्? त्यस्तो खालको महिलाले कुन हदसम्म जान्छ? त्यसले के गर्छ? के? तिनीहरु लागिरहे, तल झर्दै गरे। तिनीहरुले ब्याप्टिष्टलाई पछाडि धकेले, मेथोडिष्टलाई पछाडि धकेले, प्रेस्बिटेरियनलाई धकेले। तिनीहरुले के गरे? तिनीहरु सबै ठिक पछाडि गए, तिनीहरुको आमा जस्तै भए, पुरानो वेश्या। त्यहाँ तिनीहरु सबै छन्, उहि वेश्यवृत्ति गरिरहेका छन्। “ठिक छ, यसले केहि फरक पार्दैन। तिनीहरु डुबेका छन्। तिनीहरुको छिर्काउ भएको छ। तिनीहरु, तिनीहरु आएका छन्, स्वीकार गरेका छन्। तिनीहरुले आफ्नो छ महिने निषेध लिएका छन्; त्यो समय भरि तिनीहरुले धेरै पिएनन्, र त्यस्तै। तिनीहरुले धेरै

सदस्यहरु बनाएका छन्। तिनीहरुले राम्रो तिरेका छन्..." ओ, मेरो! त्यसको आत्माको फलहरुसंग कुनै सम्बन्ध नै छैन।

259 आत्माको फलहरु "विश्वास" हो, येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एक समान हुनुहुन्छ विश्वास भनि गर्नु हो; भाईहरुको निम्ति "प्रेम," "आनन्द, शान्ति, सहनशीलता, भलाई, कोमलता, धैर्य, नम्रता, संयमता।" त्यो कुरा हो, आत्माको फलहरु।

260 र हामीले एउटा मानिस लिन्छौ, "ठिक छ, ऊ—उसले छिमेकमा राम्रो जीवन जिउँछ।" त्यस्तै एसावले पनि गरेका थिए।

261 एसावले कहिल्यै पनि कसैलाई हानी गरेनन्, अनि एसाव शैतानका थिए; तर याकूब, एउटै गर्भबाट आएका थिए, उनी परमेश्वरका थिए। शैतानको बीउ; स्त्रीको बीउ, परमेश्वरको बीउ मार्फत आउँछ।

262 अब, तपाई देख्नुहुन्छ, यो सबै यहाँ तल आएको छ, संसारमा आज के बाकि रहेको छ? म यो साच्चै कठोर रूपमा भन्न जाँदैछु, यो तल लिएर जानुहोस्, त्यसपछि हामीले जागृति शुरू गर्नेछौ, अर्को सभामा। यो आकारमा पुगेको छ। र, कृपया, म यो अपमानजनक तरिकाले भन्दिन। म मतलबी हुनको लागि भन्दिन। यो यस्तो एउटा ठाउँमा पुगेको छ, एउटा ठूलो, धार्मिक नाजायज, हरामी बच्चाहरुको समूह भएको छ। त्यहाँ मेरो अन्तिम टिप्पणी छ। यो ठ्याक्कै यहाँनिर आएको छ। यो सत्य हो भन्ने कुरा तपाईलाई थाहा छ। यो मण्डलीमा–भर्ना हुने र मण्डलीको–सदस्य बन्ने, "ईश्वरभक्तिको भेष लगाउने, शक्तिलाई इन्कार गर्ने," ठाउँसम्म पुगेको छ जबसम्म यो धार्मिक, नाजायज बच्चाको समूह बन्न पुग्दछ। त्यो ठिक यहि नै हो।

263 अब के बाकि छ? त्यहाँ एउटा रकेट झुण्डिरहेको छ पारी, ती मध्ये धेरै, कोबाल्ट बम्बहरु र सबैकुराहरु। तिनीहरु केवल त्यो घडि आउनको निम्ति पर्खिरहेका छन्। र त्यहाँ आगोद्वारा विनाश हुनेछ, जस्तो त्यहाँ पानीबाट भएको थियो।

264 र, मित्रहरु, जे पनि तपाई गर्नुहुन्छ, यदि तपाई इसाई हुनुहुन्छ र परमेश्वर तपाईको हृदय भित्र छ भने, र तपाईलाई थाहा छ कि तपाई मृत्युबाट जीवनमा प्रवेश गर्नुभएको छ, तपाई संसारको सबैभन्दा खुसी व्यक्ति हुनुपर्दछ।

265 जब तपाई भित्र पवित्र आत्मा...जब बाईबलले भन्छ, “येशू ख्रीष्ट, हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ”: संगठित मण्डलीले भन्छ, “तर हामीले आश्चर्यकर्मका दिनहरु बितिसकेका छन् भनि विश्वास गर्छौं”; पवित्र आत्माले भन्नुहुन्छ, “आमेन, येशू ख्रीष्ट हिजो, आज र सधैंभरि एकसमान हुनुहुन्छ। यस्तै नै होस्।”

266 यदि बाईबलले भन्यो, “पश्चाताप गर, र तिमीहरु प्रत्येक पापहरुको क्षमादानको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ, र तिमीहरुले पवित्र आत्मा प्राप्त गर्नेछौ। किनकि प्रतिज्ञा तपाईहरुको निम्ति, र तपाईको छोराछोरीहरुको निम्ति, र अन्यजातिहरुको निम्ति, जो टाढा टाढा छन् सबैका निम्ति, जतिलाई हाम्रो प्रभु परमेश्वरले...” (जतिलाई हाम्रो परमप्रभु परमेश्वरले बोलाउनुहुन्छ, हेर्नुहोस्, यो होइन कि जतिलाई मेथोडिष्टले बोलाउँछ, ब्याप्टिष्टले बोलाउँछ, तर जतिलाई परमप्रभु हाम्रो परमेश्वरले बोलाउनुहुनेछ, यो पवित्र आत्मा प्राप्त गर्नेछन्, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिनुहोस्, जे बाईबलले भनेको छ): जब त्यसले तपाईलाई प्रहार गर्छ, तपाई भन्नुहुन्छ, “आमेन!”

267 मण्डलीले भन्यो, “ओ, यसले केहि पनि फरक पार्दैन।”

268 तर यो तपाई भित्र भएको पवित्र आत्माले भन्नेछ, उहाँको वचनलाई “आमेन।”

269 “मानिस रोटिले मात्रै बाँच्दैन, तर परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचनले जीवित रहँदछ।” त्यहाँ तपाई हुनुहुन्छ।

270 मलाई तपाईले एउटा धर्मशास्त्र देखाउनुभएको म चाहन्छु जहाँ यसले भनेको छ कि स्याउले कुरा शुरू गर्यो जुन अहिले भईरहेको छ। तपाईले मलाई त्यो देखाएको म चाहन्छु जहाँ तिनीहरुले स्याउहरु खाएको होस्। मैले तपाईलाई देखाएको छु कि कहाँ कयिनले यहि कुरा सोचेको थियो, र जहाँ उसको बीउले अझै पनि त्यहि नै सोच्दछ।

271 तर परमेश्वरको आत्मिक प्रकाशले प्रमाणित गर्छ, बाईबलबाट, कि पुरुष र महिला बिचमा अवैध रूपमा, यौन सम्बन्ध थियो। त्यहाँबाट तपाईको महाकाय मानिसहरु आए। त्यहाँबाट तपाईको पाप आयो। त्यहाँबाट तपाईको मरणशीलता आयो। त्यहाँबाट यो आउँदछ।

272 अब ध्यान दिनुहोस् यी सबै—यसमा, हेर्नुहोस्, सर्प—सर्प दुईगुणा धूर्त थियो। उसको बीउ सधै दुईगुणा चतुर छ। र म यो पुल्पिटमा चढेर

यो माईक्रोफोन मेरो हातमा लिन चाहन्छु, र मेरो खुट्टा पुल्पिटमा जोड्न चाहन्छु, र यो भन्छु। र, आज, तपाईको महान बुद्धिजीवीहरु कहाँ छन्? तपाईको पाष्टर जो तल गएका छन् र धेरै बुद्धिका ज्ञानहरु पाएका छन्, र ऊ यहाँ उभिन्छ; ऊ देशमा भएको सबैभन्दा ठूला मण्डलीहरुका पाष्टर हुन्, र त्यस्तै नै छन्। सर्पको बीउ कहाँ उभिन्छ? त्यस्तो खालको होसियार बुद्धिका ठाउँहरुमा; होसियार, बुद्धिले भरिएको बुद्धिजीवी। त्यहाँ ऊ छ। त्यहिनिर त्यो बस्छ।

273 "न त बलले, न शक्तिले, तर मेरो आत्माले, परमप्रभु भन्नुहुन्छ।" बुझ्नुभयो? त्यहाँ तपाई हुनुहुन्छ...

274 तब तपाईले कुनामा उभिरहेको एउटा सानो भाईलाई लिनुहुन्छ, उसको आँखा रोईरहेको, र शायद त्यहाँ तल पुरानो गिटार बजाउदै, भनिरहेको छ, "भाई, आउँ, प्रभुलाई खोज!"

275 पाष्टर त्यहाँबाट हिड्छ, भन्छ, "हँ! मेरो मण्डलीमा छैन...किन, म संगतमा राख्दिन, मेरो दिन्न...त्यस्तो खालको ठाउँमा लिङ्डी र जोनी र तिनीहरुले मलाई त्यहाँ देखेको म चाहन्न।" जानुहोस्, शैतानको सन्तान, तपाई जसरी पनि, आफ्नो अनन्त गन्तव्य तर्फ अघि बढ्दै हुनुहुन्छ। त्यो सहि हो। मैले त्यहाँ अर्को शब्द भन्न सक्थे, र भने, "नाजायज बच्चा," र यो कहाँ छ भन्ने बारेमा मात्रै हो। किनकि, तपाई देख्नुहुन्छ, तपाई...

276 "मेरा पिताले नल्याएसम्म कोहि पनि म कहाँ आउन सक्दैन। र मकहाँ आउने सबैलाई, म अन्तिम दिनहरुमा उठाउनेछु। त्यहाँ केहि पनि हराउनेछैन। मैले यो पाएको छु। म यो राख्नेछु। यो बाहेक, कुनै पनि मानिसले यो गर्न सक्दैन।"

277 सबैकुरा उहाँमा रहन्छ। तपाईले यो भन्न सक्नुहुन्न, "मैले एउटा काम गरे।" यो परमेश्वरको अनुग्रह हो जसले यो सबै गर्यो। त्यसैले, मैले केहि पनि गरिन। मसंग कहिल्यै गर्नको लागि केहि थिएन; तपाईले कहिल्यै गर्नुभएन, न त। तपाईले एउटा कुरा पनि गर्न सक्नुहुन्न। परमेश्वरले हरेक कुरा गर्नुभयो। तपाईले कहिल्यै पनि एक भागको लागि आफ्नो औंला कहिल्यै पनि फर्काउनुभएन। तपाईले भन्नुभएन, "ठिक छ, म एउटा असल परिवारबाट आएको छु। मैले *यो* गरे।" त्यसको यससंग कुनै सम्बन्ध नै थिएन। परमेश्वर नै हुनुहुन्छ जसले यो गर्नुभयो; परमेश्वरको कृपा।

278 मलाई अहिले माफ गर्नुहोस्, यो लगभग एघार बजेको छैन, तर म यो बन्द गर्न जाँदैछु, जे भए पनि। बुझ्नुभयो?

279 बाईबलले यी कुराहरु सत्य हुन् भनि बताउँछ भनेर कतिजनाले बुझ्नुभएको छ? विशेष गरी, तपाई ब्रन्हाम टेबरनेकलका मानिसहरु। अब, त्यो केवल हामीले सिकाएको र विश्वास गरेको मध्ये एक सोह्रौ भाग मात्रै हो। तर, याद गर्नुहोस्, तपाई दर्शकहरु, मैले यो भन्न सक्छु, तपाई मानिसहरु जो यहाँ एउटा सदस्यको रूपमा आउनुहुन्न। जुन तरिकामा हामीले यो विश्वास गर्छौं, कि *यो* बाईबल हो, र बाईबल परमेश्वरको सत्यता हो।

280 र हामी विश्वास गर्छौं, कि, पुरानो नियममा, अब, तिनीहरुसंग सत्य के हो र के चाहि होइन भनि जान्ने एउटा तरिका थियो।

281 अब, हामी सबैले जान्दछौ कि तिनीहरुसंग लिखित व्यवस्था थियो। तपाईहरु कतिजनालाई त्यो थाहा छ? व्यवस्था, आज्ञा—आज्ञा सन्दुकमा थियो, र त्यस्तै; ठिक छ, आज्ञाहरुमा व्यवस्था थियो। भन्नुभयो, "तैले व्यभिचार नगर्नु। व्यभिचार गर्ने सबैलाई ढुंगाले हानिनुपर्छ।" बुझ्नुभयो? त्यो—त्यो आज्ञा थियो, र आज्ञामा व्यवस्था थियो। अब, सन्दुक *यसरी* बसेको थियो; आज्ञा त्यहाँ तल थियो, र आज्ञाहरुको व्यवस्था सन्दुकको छेउको खल्तीमा थियो। यदि मानिस यहाँ तल आयो, व्यभिचार गरेर; यहाँ तल आयो र व्यवस्थाले के भनेको छ त्यो गर्यो भने, "उसलाई ढुंगाले हानिन्थ्यो।" तिनीहरुले उनलाई ठिक बाहिर लान्थ्यो र उनलाई ढुंगाले हान्थ्यो। त्यो नै आज्ञामा व्यवस्था थियो।

282 अब तिनीहरुसंग दुईवटा अन्य तरिकाहरु पनि थिए। त्यहाँ सधै पुष्टिकरणको रूपमा, तिनवटा छन्। तिनीहरुसंग जान्ने अर्को तरिका थियो, र त्यो कि त अगमवक्ताबाट हो वा एउटा सपनादर्शीबाट। तपाईहरु कतिजनालाई त्यो थाहा छ? "तिमीहरु मध्येमा यदि त्यहाँ एक जना छ जो आत्मिक, वा एउटा अगमवक्ता हो, म परमप्रभुले त्यसलाई सपनामा आफुलाई चिनाउनेछु, र त्यससंग दर्शनमा बोल्नेछु।" त्यो सहि हो। अब, उनी एउटा अगमवक्ता थियो।

283 अब, यदि कुनै मान्छे आउँछ, भन्छ, "ओ, हाल्लेलुयाह, मैले यो पाएको छु! म परमप्रभुको नाउँमा अहिले अगमवाणी बोल्दैछु। मैले प्रकाश पाएको छु।" तिनीहरुले त्यसलाई त्यत्तिकै जान दिदैन थिए, जस्तो तपाई मानिसहरुले गर्नुहुन्छ। पहिलो, तिनीहरुले त्यसलाई परमेश्वरद्वारा जाँच गर्थे।

284 अब, हारुनको छातीको पातामा तिनीहरुसंग उरीम थुम्मिम भनिने चिज थियो। तपाईहरु कतिजनाले पहिले त्यो शब्द सुन्नुनभएको थियो? यो के थियो? बाह्रवटा ढुंगाहरु थिए, बाह्र कुलपिताहरुको, छवटा एक तर्फि; जास्पर, यहूदा, र अन्य, र तल, बाह्र ढुंगाहरु थिए। र त्यसपछि तिनीहरुले यो अगमवक्ता, वा सपनादर्शीलाई लिन्थे, र तिनीहरुले यो छातीको पाता माथि झुण्डाउथे, र तिनीहरुले उसलाई त्यहाँ उभ्याउथे। र तिनीहरुले भने, “अब अगमवाणी बोल र आफ्नो अगमवाणीभन।”

“परमप्रभुले मसंग कुरा गर्नुभयो र निश्चित—निश्चित कुराहरु भन्नुभयो।”

285 यो जतिसुकै वास्तविक देखिए तापनि, यो सुन्नमा पूर्ण रूपमा सत्य हो जस्तो लाग्न सक्छ; तर यदि ती बत्तीहरु एकसाथ बल्न आएनन् भने र त्यसमा इन्द्रेणीको रङ्ग बनाउदैन भने, उरीम थुम्मिम, ती बत्तीहरु एकसाथ मिलेर, अलौकिक काम, पुष्टि गर्दैन भने। हेर्नुहोस्, परमेश्वरले सधै आफ्नो वचनलाई पुष्टि गर्नुभएको छ। बुझ्नुभयो? र त्यो अलौकिक प्रकाश त्यहाँ झिलिमिली गर्दैन भने, त्यसो हो भने म वास्ता गर्दिन त्यो जत्तिसुकै सत्य जस्तो किन नदेखियोस्, यो गलत थियो।

286 यदि एउटा सपनादर्शीले भन्यो, “मैले एउटा सपना देखे, र यो सपनाले भन्यो, कि, ‘इस्राएल यहाँबाट सरेर कुनै एउटा निश्चित ठाउँमा जानुपर्छ, किनभने सिरियालीहरुले *यस* तर्फ आएर घेरा हाल्नेछन्।’” तिनीहरुले त्यो सपनादर्शीलाई त्यहाँ तल लगे; उसले आफ्नो सपना भन्यो। यदि त्यो बत्तिले त्यहाँ झिलिमिली पार्दैन भने, त्यो मानिस गलत हो, जे भए पनि... यदि सिरियालीहरु युद्धको लागि पहिले नै बसिसकेका छन् भने, ऊ गलत थियो। होइन, श्रीमान। तिनीहरु, विल्कुल, यो उरीम थुम्मिमद्वारा प्रमाणित हुनुपर्थ्यो।

287 अब सबैजनालाई थाहा छ कि पुरानो पूजाहारीपन गयो, यो समाप्त भयो, र उरीम थुम्मिम त्यसैसंग गयो। हामीलाई त्यो थाहा छ, होइन र?

288 र नयाँ पूजाहारीपन आएको छ। के? के आज हामीसंग एउटा उरीम थुम्मिम छ? छ, श्रीमान। परमेश्वरको वचन! हो, श्रीमान। *यो* नै हो। यदि कुनै मानिससंग कुनै खालको एउटा प्रकाश छ, वा केहि कुरा भन्छ, वा कुनै सिद्धान्त छ जुन अनुरुप छैन र सह–...बाईबलसंग मिल्दैन, पूरा धर्मशास्त्रभरि मिल्दैन, ऊ गलत छ। मलाई मतलब छैन ऊ कुन संगठित

मण्डलीको हो, ऊ कति असल छ, ऊ कति बुद्धिमान छ, ऊ कति शिक्षित छ; ऊ गलत छ।

289 र जब कुनै मानिसले तपाईलाई यी कुराहरु भन्छ, कि जुन हामीले अहिले यहाँ मण्डलीमा सिकाएका छौ, र तपाईलाई भन्छ, कि, "यदि तपाई छिर्काउ भएको हुनुहुन्छ, यो ठिक हो," उसले तपाईलाई एउटा झुट बोलेको छ। त्यो उरीम थुम्मिममा चम्किनेछैन। जब उसले तपाईलाई भन्छ, कि, "खन्याउनु ठिक छ," उसले तपाईलाई झुट भनेको छ। उसले तपाईलाई भन्छ, "'पिता, पुत्र, पवित्र आत्माको नाउँमा बप्तिष्मा लिनु,' ठिकै छ," उसले तपाईलाई झुटो बोलेको छ। यदि उसले तपाईलाई भन्छ, "आश्चर्यकामका दिनहरु बिती गएको छ," उसले तपाईलाई झुटो बोलेको छ। यदि उसले तपाईलाई भन्छ, "महिलाले प्रचार गर्नु सबै ठिक छ," उसले तपाईलाई झुटो बोलेको छ। यदि उसले तपाईलाई भन्छ, "तपाई अघि गएर संगठित मण्डलीसंगै बस्नु ठिक छ," उसले तपाईलाई झुटो बोलेको छ। यो उरीम थुम्मिममा चम्किदैन। र दर्जनौ कुराहरु जुन बाहिर आउँछ, यो पुरानो "**वेश्या आमाको**," र तल त्यहाँ आउँछ, र त्यहाँ त्यसैकारणले हामी नामधारी संगठित मण्डलीबाट टाढा रहन्छौ।

290 ती संगठित मण्डलीमा भएका दाजुभाई र दिदीबहिनीलाई हामी प्रेम गर्छौं। तपाई यो भन्दै, नजानुहोस्, "म एउटा मेथोडिष्ट हुँ," र यसले तपाईलाई, मेरो अगाडि इसाई बनाउदैन। तपाई एउटा इसाई यसकारणले हुनुहुन्छ किनकि तपाई परमेश्वरको आत्माले जन्मनुभएको छ। तपाई मेथोडिष्ट वा ब्याप्टिष्ट हुनुपर्दैन। तपाई ती मध्ये कुनै हुनुपर्दैन। तपाई केवल परमेश्वरको आत्माले जन्मनु पर्दछ। के तपाई यो विश्वास गर्नुहुन्छ?

291 यी अधारहरुमा, यदि यहाँ कोहि हुनुहुन्छ र सहकार्य गर्न चाहनुहुन्छ र आराधनाको संगतिमा आउन चाहनुहुन्छ, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिन, डुब्न—डुब्न चाहनुहुन्छ, यहाँको पोखरीमा। उहाँहरुले एक मिनेटमा, बप्तिष्मा दिन जाँदै हुनुहुन्छ।

292 यदि त्यहाँ कोहि हुनुहुन्छ, यहाँ धेरैजना हुनुहुन्छ, कोहि आउन चाहनुहुन्छ, अरु कुनै तरिकामा? हामीहरु यहाँ छौ। त्यो सहि हो।

293 अब, हामी—हामीसंग कुनै सदस्यता छैन; तपाई केवल यहाँ यो मण्डलीमा आउनुहोस्। हामी विश्वास गर्छौं कि ख्रीष्ट मेथोडिष्ट मण्डलीमा हुनुहुन्छ, ब्याप्टिष्ट मण्डलीमा हुनुहुन्छ, प्रेस्बिटेरियन मण्डलीमा

हुनुहुन्छ। प्रत्येकमा उहाँको सदस्यहरु छन्। र आज, के कमि छ; झुटा अगमवाणीहरुले ती कुराहरुलाई ल्याईरहेको छ, ती मण्डलीहरुमा शिक्षाले, जुन बाईबलसंग विल्कुल विपरीत छ।

294 अब, यदि कसैले मलाई त्यति स्पष्ट बनायो भने, म निश्चित रूपमा आफैलाई पाउनेथिए...त्यो बाईबलमा खोज्न र आएर त्यसलाई सहि बनाउन, म विश्वास गर्छु कि त्यहाँ परमेश्वरको प्रशस्त आत्मा ममा छ। यदि म भर्खरै उठे प्रचारकसंग हात मिलाए, र मेरो नाम पुस्तकमा राखे, र अझै पनि मेरो हृदयमा घृणा र द्वेष थियो, र अझै पनि ईर्ष्या र कलह थियो, र अझै पनि येशू महान चंगाईकर्ता हुनुहुन्छ भनि विश्वास गर्दिन, र त्यस्तै अन्य कुराहरु, म गएर यो कुरा परमेश्वरसंग मिलाउथे, झट्टै जान्थे। म पक्का विश्वास गर्छु कि मैले त्यो गर्ने थिए। म—म त्यतिको इमानदार हुनेथिए यसको विषयमा। म जाने थिएँ र परमेश्वरसंग समाधान गर्थे। यदि म केवल झुण्डिन्छु किनकि म एउटा ब्याप्टिष्ट हुँ वा एउटा मेथोडिष्ट हुँ, म तल जाने थिएँ र मेरो हृदयमा इसाईत्व लिनेथिए। म यसो गर्ने थिए। हो, श्रीमान।

295 अब आउँदै गरेको जागृतिलाई याद गर्नुहोस्, जुन शुरू हुनेछ, प्रभुको इच्छा भए, यो आउँदो बुधबारको रातमा हुनेछ। यो यी आधारमा छन्।

296 सुन्नुहोस्, मित्रहरु, त्यहाँ साँचो र जीवित परमेश्वर हुनुहुन्छ। त्यो सहि हो। येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ। पवित्र आत्मा आज मण्डलीमा हुनुहुन्छ।

297 अब, यदि मलाई त्यो भनिदिनको लागि कोहि भईदिएको भए, मैले यसलाई संका गर्ने अधिकार हुनेथियो। तर, सुन्नुहोस्। एक दिन उता, एउटा सानो केटाको रूपमा, म एउटा रूखको मुनि उभिरहेको थिए; मैले उहाँलाई देखे। मैले उहाँलाई सुने। उहाँले मलाई भन्नुभयो, भन्नुभयो, "ती दुष्ट महिलाहरुबाट टाढा बस्। चुरोटबाट टाढा बस्। श्राप दिने, पिउने र अन्य यस्ता कुराहरुबाट टाढा बस्। त ठूलो भएपछि तेरो लागि मैले एउटा काम राखेको छु।" मलाई थाहा छ कि उहाँ एउटा साँचो, जीवित परमेश्वर हुनुहुन्छ जो उहाँको वचनसंग रहनुहुन्छ।

298 जब म थोरै हुर्किए, कसरी उहाँले मलाई भेट्नुभयो, कसरी उहाँले मसंग बोल्नुभयो! कसरी मैले उहाँलाई पारी देखे, जलिरहेको झाडी जस्तै, र पारी त्यो आगो वरपर चलिरहेको थियो! कसरी मैले उहाँले बोल्नुभएको देखे र ठिक के घटना हुनेछ भनि भन्नुभयो; र, हरेकपटक, उहाँ उत्तिकै

सिद्ध हुनुहुन्छ जतिको उहाँ हुनसक्नुहुन्छ, त्यस्तो सिद्ध।

299 उहि जसले ती सिद्ध कुराहरु भन्नुभयो, उहि नै हुनुहुन्छ जसले जुन तरिकामा म यसलाई सिकाउछु त्यो तरिकामा मलाई यो बाईबल सिकाउन प्रेरित गर्नुहुन्छ। त्यो सहि हो। त्यसैले, यो परमेश्वरबाट आउँछ। मलाई, यो सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ, र उहाँ हिजो, आज र सधैंभरि एकसमान हुनुहुन्छ।

300 येशूले भन्नुभयो, "म पिताबाट आएको हुँ, र म पिताकहाँ फर्केर जाँदछु।" जब उहाँ आउनुभयो...

301 जब उहाँ उजाडस्थानमा परमेश्वर हुनुहुन्थ्यो, उहाँ जलिरहेको ज्योति हुनुहुन्थ्यो। र कतिजनाले त्यो जान्नुभएको छ? उहाँ जलिरहेको ज्योति हुनुहुन्थ्यो, आगोको खम्बा।

302 र उहाँ यहाँ पृथ्वीमा आउनुभयो, र उहाँले भन्नुभयो, "म पिताबाट आए, र म जान्छु...म परमेश्वरबाट आए, र म परमेश्वर कहाँ फर्केर जान्छु।"

303 जब उहाँ मर्नुभयो, गाडिनुभयो, फेरी बौरी उठ्नुभयो, र दमासकसको बाटोमा पावलले उहाँलाई फेरी भेटे, उहाँ को हुनुहुन्थ्यो? अझै पनि एउटा आगोको खम्बा हुनुहुन्थ्यो। हो, श्रीमान।

304 उहाँ यहाँ पृथ्वीमा हुनुहुँदा उहाँले के गर्नुभयो? उहाँले पावललाई भेट्नुहुँदा उहाँले के गर्नुभयो? कसरी उहाँले उसलाई पठाउनुभयो? उहाँले उसलाई एक अगमवक्ताकहाँ पठाउनुभयो जसले उसलाई कसरी बप्तिष्मा लिने, के गर्ने भनेर बताईदिए; उसमाथि आफ्नो हात राखे र उसलाई निको पारे, उसलाई भने कि उहाँले एउटा दर्शन देख्नुभएको थियो।

305 त्यहि येशू आज यहाँ हुनुहुन्छ, उहि कार्य गर्दै हुनुहुन्छ, र अझै पनि उहि आगोको खम्बा हुनुहुन्छ, उहि कुरा सिकाउदै हुनुहुन्छ, यसलाई उहाँको वचन, र चिन्ह र आश्चर्यकर्मद्वारा पुष्टि गर्दै हुनुहुन्छ। म एउटा इसाई हुनुमा कति खुसी छु। के गर्ने मलाई थाहा छैन। म खुसी छु कि तपाई एक इसाई हुनुहुन्छ।

306 र तपाई, मण्डली यहाँ, मैले तपाईलाई भनेको थिए कि हामीहरु यसको नाम परिवर्तन गर्न जाँदैछौ। यो ब्रन्हाम टेबरनेकल हुनको लागि सहि छैन। त्यो केवल एउटा मानिस हो, हेर्नुहोस्। हामीहरु यसको नाम परिवर्तन गर्न जाँदैछौ, यसलाई कुनै अर्कै नाम बनाउछौ। हामीहरु त्यसमा काम गर्नेछौ, केहि समय पछाडि। मैले यो जीवित परमेश्वरको एउटा—एउटा मण्डली

भएको चाहन्छु। म यसलाई मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, पेन्टिकोष्टल् भएको चाहन्न। म...

307 सबै ती मानिसहरु, म मेरो सम्पूर्ण हृदयले प्रेम गर्छु। मलाई थाहा छैन कुन चाहि कुन हो। म तपाईलाई भन्न सक्दिन। मैले केवल वचन प्रचार गर्नुपर्छ। म जाल हान्छु र यसलाई तान्छु। त्यहाँ भ्यागुताहरु छन्, र त्यहाँ पानीको माकुराहरु छन्, र त्यहाँ सर्पहरु छन्, र त्यहाँ केहि माछाहरु पनि, छन्। त्यो निर्णय गर्ने परमेश्वरको हातमा छ। म केवल जाल फाल्छु, केवल वचनलाई प्रचार गर्छु र भित्र तान्छु, र भन्छु, "यहाँ तिनीहरु छन्, प्रभु, सबै वेदीभरी। तपाईले तपाईको आफ्नोलाई चिन्नुहुन्छ; तपाईले तिनीहरुलाई संसारको उत्पत्ति हुनभन्दा अगाडि देखि चिन्नुहुन्छ। मलाई थाहा छैन को चाहि को हो। तपाई जान्नुहुन्छ, त्यसैले यो तपाईमा निर्भर छ, प्रभु। मैले गर्नसक्ने उत्तम काम त्यहि नै हो। म यहाँनिर जान्छु र अब कतै माछाको जाल फाल्छु, र अर्को समूह भित्र ल्याउछु। मैले यति नै गर्न सक्छु।" ठिक छ।

ओ, म यात्रा गर्न चाहन्छु,
म यात्रा गर्न चाहन्छु;
मेरो स्वर्गीय घर उज्यालो र सुन्दर छ,
र म यात्रा गर्न चाहन्छु।

308 अब याद गर्नुहोस्, कसैले भेट गर्न चाहनुहुन्छ भने, यहाँ केवल श्री. मर्सीयरलाई कल गर्नुहोस् बट्लर २–१५१९। [टेलीफोन नम्बर परिवर्तन बहेको छ—सम्पा।] हामीहरु तपाईलाई देख्दा खुसी हुनेछौ। यदि तपाईको प्रिय भित्र आउनुभएको छ, जागृतिको समयमा हतार गर्नुपर्छ भने...अब म जाँदैछु, आजरातिबाट, आफैमा जान, र अब दुई दिनको लागि जानेछु, आफै।

309 म त्यहाँ भित्र जान्छु र अध्ययनको लागि जान्छु, यो जस्तै, "प्रभु, तपाई मेरो नजिक हुनुहुन्छ। म जान्दछु तपाई यहाँ हुनुहुन्छ। र तपाईको वचनले भनेको थियो कि तपाई तिनीहरुको नजिक आउनुहुनेछ जो तपाईको नजिक आउँदछन्।" म तब सम्म प्रार्थना गरिरहनेछु र हेरिरहनेछु जबसम्म म आगोको खम्बा चल्न शुरू हुदैन। म तब जान्दछु कि यो तयार छ भनि। तब म चंगाईको सेवाको लागि, प्रार्थना गर्न, र बिमारी र पिडितहरुलाई मद्दत गर्न म जे गर्न सक्छु त्यो गर्न मंचतर्फ हिड्नेछु।

310 हामी तपाई सबैको दयाको कदर गर्दछौ। र जब तपाई आउनुहुन्छ, विश्वास गर्दै आउनुहुन्छ, र हामी एउटा ठूलो सभाको अपेक्षा गर्दछौ। म त्यो भन्न चाहन्छु...

311 भाई जेफ्रिज, के उहाँ आजराती यहाँ हुनुहुन्छ? हामी हामी जेफ्रिज र उहाँको कामलाई कदर गर्न चाहन्छौ। मलाई लाग्छ उहाँ फर्केर टापूहरु, र अन्य त्यस्तै ठाउँमा जानुभईसकेको छ।

312 भाई र बहिनी राईट, र तपाईहरु धेरै मानिसहरुलाई देखेर खुसी लागेको छ।

313 र मैले अधिवक्ता रोबर्टसनलाई यहाँ देखे, केहि समय अगाडि, केहि अगाडि आउनुभएको थियो। मैले उहाँलाई उहाँको—उहाँको संदेशको लागि प्रशंसा गर्न चाहन्थे। यो को हुनुहुन्थ्यो भनि कसैले पनि भनेनन्। त्यो लज्ज्ञास्पद थियो। भविष्यवाणीको विषयमा उहाँले एउटा वास्तवमै असल संदेश दिनुभयो, केहि यस्तो जुन मैले आजराति प्रचार गरिरहेको छु।

314 र, त्यसैले, त्यसपछि त्यहाँ अर्को सेवक हुनुहुन्थ्यो यहाँ आज बिहान, वा गत राति, भाई स्मिथ, मेथोडिष्ट मण्डलीबाट हुनुहुन्थ्यो...वा परमेश्वरको मण्डलीबाट हुनुहुन्थ्यो, यहाँनिर। मलाई थाहा छैन आज उहाँ यहाँ हुनुहुन्छ, वा हुनुहुन्न। यदि तपाई कहिल्यै यो पुल्पिटमा उभिनुहुन्छ र त्यो तर्फि फर्केर हेर्नुहुन्छ, यो भन्न एक प्रकारले गाह्रो छ; यो समतल छ, तपाई देख्नुहुन्छ, र तपाईले भन्न सक्नुहुन्न। यदि तपाई यहाँ हुनुहुन्छ, भाई स्मिथ, हामी तपाईलाई सम्मान गर्छौ।

315 र के यो, ठिक यहाँ बसिरहनुभएको, यो सानो भाई जर्जियाबाट हुनुहुन्छ, ठिक यहाँ पछाडि बसिरहनुभएको भाई कोलिन्ससंग? [भाई नेभिलले भन्नुहुन्छ, "हो।"—सम्पा।] आजराति तपाईलाई फेरी यहाँ देख्न पाउँदा धेरै खुसी छु, भाई।

316 र बाकि रहेका हामी, तपाईहरु सबै, हरेकले चिन्नुहुन्छ तपाई को हुनुहुन्छ।

317 म विश्वास गर्छु कि यो बहिनी र भाई हुनुहुन्छ यहाँ जो त्यो समय केटिको लागि प्रार्थना गर्न जानुभएको थियो, ठिक यहाँ, एकजना डक्टर बसिरहनुभएको छ छेउमा। प्रभुले तपाईलाई आशिष दिनुभएको होस्, डक्टर।

318 अब, तपाई सेवकहरु र दाजुभाईहरु, कृपया म प्रति नरिसाउनुहोला, किनभने मैले जसरी कडाईका साथ यसलाई सक्दो कडा रूपमा लगे। यो हाम्रो मण्डली हो। हामी यसको लागि खडा हुन्छौ, र हामीले यसलाई त्यो वचनमा राख्न चाहन्छौ, र यसलाई हलाउनुहोस्। त्यसपछि, यदि तपाई कहिल्यै रेखाबाट टाढा जानुभयो भने, हामीहरु आउनेछौ र भन्छौ, "तपाईलाई राम्ररी थाहा छ। यहाँ यो टेपमा छ।" बुझ्नुभयो? तपाई त्यहाँ हुनुहुन्छ। "यहाँ यो टेपमा छ।"

319 हामीसंग त्यहाँ जानुपर्ने धेरै थियो, लियो। तर, तर हामी...तपाईले त्यति पाउनुभयो। तपाई ठिक त्यसको साथमा रहनुहोस्, र केहि समय पछि त्यसको बाकि रहेको प्राप्त गर्नेछौ। जस्तो खर्वुजा खाईरहेको, मान्छे थियो, भन्यो, "त्यो एकदम राम्रो थियो, तर त्यहाँ केहि अझै छन्।" त्यसैले हामीसंग यसको अझै धेरै छन्, अझै, आउदैछ।

320 प्रभुले तपाईलाई आशिष दिनुभएको होस्, अहिले एकदम राम्रो छ। जबकि हामी...ठिक अहिले बप्तिष्माको सेवा गर्न जाँदैछौ। के त्यो ठिक हो, भाई नेभिल? [भाई नेभिलले भन्नुहुन्छ, "हो, मलाई त्यस्तो लाग्छ।"—सम्पा] के यहाँ कोहि हुनुहुन्छ अहिले बप्तिष्मा लिनको लागि? तपाई को हुनुहुन्छ हामीले त्यो वास्ता गर्दैनौ; हामीहरु—हामीहरु यहाँ बप्तिष्मा दिन लागि बसिरहेका छौ। आफ्नो हातहरु उठाउनुहोस्, तिनीहरु जो बप्तिष्मा लिनुपर्नेछ। कोहि, म विश्वास गर्छु कि यो एउटा...यहाँ एकजना महिला हुनुहुन्छ। र अरु कोहि हुनुहुन्छ? अब, हामीसंग यहाँ पुरुष र महिला दुवैको लागि कपडा छ।

321 अब, हामीले भनिरहेका छैनौ, "ब्याप्टिष्ट मण्डली छोड्नुहोस्। मेथोडिष्ट मण्डली छोड्नुहोस्।" हामी त्यो भन्दैनौ। तपाई ठिक आफ्नो मण्डलीमा जानुहोस्। तर यदि तपाईले धर्मशास्त्र अनुसार बप्तिष्मा लिनुभएको छैन भने, प्रभुको येशूको नाउँमा...केवल "येशू" को नाउँमा मात्रै होइन, अहिले। "प्रभु येशू ख्रीष्ट" को नाउँमा, त्यो धर्मशास्त्र हो। तपाई गलत बप्तिष्मा हुनुभएको छ।

322 म नदिमा आउँदा कुनै समस्या चाहन्न। म सबै कुरा स्पष्ट रूपमा चाहन्छु कसरी, जब म त्यो टिकट समातीरहेको हुन्छु, बुझ्नुभयो, किनकि म त्यो बेला विदेशमा जान चाहन्छु। म तपाईलाई पनि त्यहि गर्नको लागि सुझाव दिन्छु।

323 आफ्नो मण्डलीमा फर्केर जानुहोस्। त्यो, तपाई र परमेश्वरको विचमा हो। मैले तपाईलाई भन्न सक्ने यति नै हो।

324 तर धर्मशास्त्रमा “प्रभु येशू ख्रीष्ट” नाउँमा बाहेक अरुमा कोहि पनि कहिल्यै बप्तिष्मा भएको छैन। र जो जति बप्तिष्मा भए, तिनीहरु सन्त पावलद्वारा आज्ञा गरिएका थिए, जसले भनेका थिए, “यदि स्वर्गदूतले अर्कै प्रचार गर्यो भने, त्यो श्रापित होस्।” तिनीहरुलाई आएर फेरी “प्रभु येशू ख्रीष्ट” को नाउँमा, पुनःबप्तिष्मा लिनको लागि आज्ञा दिएका थिए, त्यो सहि हो। र उहाँले यो गर्नुभयो। र उहाँले के गर्नुभयो, उहाँले हामीलाई गर्नको निम्ति आज्ञा गर्नुभयो; जुन हामीले गर्नेछौ, प्रभुको इच्छा भए।

हामी खुट्टा धुनेमा विश्वास गर्छौं। हामी प्रभु भोजमा विश्वास गर्छौं।

325 हामी ख्रीष्टको दोस्रो आगमनमा विश्वास गर्छौं, देखिने गरि, प्रभुको भौतिक शरीरमा; आत्मामा होइन, तर प्रभु येशूको भौतिक शरीर फेरी महिमामा आउदै गरेको।

326 हामी मरेकाहरुको शारीरिक पुनरुत्थानमा विश्वास गर्छौं, एउटा शरीर प्राप्त गर्नको लागि, हामी चिहानमा जाँदाको जस्तो बुढो र चाउरी परेको जस्तो होइन; तर एउटा नयाँवाला, युवावस्थाको आनन्दमा, सधै जिउनको लागि।

327 हामी प्राणको अमरतामा विल्कुल, विश्वास गर्छौं। हामी विश्वास गर्छौं कि त्यहाँ केवल एउटा मात्रै अनन्त जीवनको रुप छ, र त्यो जीवन त्यो हो जुन तपाईले ख्रीष्ट येशूबाट प्राप्त गर्नुहुन्छ। त्यो एकदम सहि हो।

328 त्यसैकारणले, हामी अनन्त दण्डमा विश्वास गर्दैनौ। हामी एउटा नरकको आगोमा विश्वास गर्छौं, जलिरहेको गन्धक, तर यो सधै जलिरहन्छ भनि विश्वास गर्दैनौ; यदि यो गर्छ भने, तपाईले अनन्त जीवन पाउनुभएको छ। त्यहाँ केवल एउटा अनन्त जीवन छ; त्यो परमेश्वरबाट आउँदछ। र त्यो सहि हो। तपाई जल्नुहुनेछ, हुनसक्छ शायद दस लाख, करोड वर्षको लागि, मलाई थाहा छैन, तर तपाईले अनन्त जीवन पाउन सक्नुहुदैन। तपाई सदाको लागि जलिरहन सक्नुहुन्न...तपाई सदाको लागि जल्न सक्नुहुन्छ, तर अनन्तको लागि होइन। हेर्नुहोस्, त्यहाँ अनन्त र सदा भिन्नता छ। *सदा* भनेको सधै र सधै हो, एक संयोजक, अर्थ एक “समयको स्थान।” तर, अनन्त, तपाईसंग अनन्त दण्ड छैन।

329 तपाईसंग अनन्त जीवन छ, किनकि त्यहाँ अनन्त जीवनको एक मात्र रुप छ। र जोसंग अनन्त जीवन छ, त्यो परमेश्वरबाट सदाको निम्ति जिउछ र आशिषित हुन्छ।

330 "तर पाप गर्ने हरेक प्राण, त्यो प्राण..." के? [मण्डलीले भन्छ, "मर्छ।"—सम्पा।] त्यो सहि हो। त्यसपछि, यसमा अनन्त जीवन छैन। निश्चित रूपमा। यो संग—यो संग यसको दण्ड छ, तर अनन्त जीवन छैन।

331 त्यसैले, तपाई देख्नुहुन्छ, त्यहाँ अझै धेरै कुराहरु सिकाउनको लागि बाकि छ, हामीले पछि गर्नेछौ। प्रभुले तपाईलाई आशिष दिनु भएको होस्।

332 अब दिदी बहिनीहरु त्यहाँ भित्र जाँदै गर्नुहुँदा, आउनुहोस् यो पुरानो राम्रो गीत गाऔ। म विश्वास गर्छु कि यो महिला यहाँ शायद...

333 रोजेल्ला, के उहाँ तपाईको आमा हुनुहुन्छ? [बाहिनी रोजेल्लाले भन्नुहुन्छ, "हजुर।"—सम्पा।] किन, तपाईको हृदयलाई आशिष होस्! तपाईलाई यहाँ देखेर खुसी लाग्यो, बहिनी, त्यो गर्दा। त्यो एकदम राम्रो हो।

334 रोजेल्ला ग्रीफिन, हामीसंग भएको मध्ये एउटा राम्रो साथी हुनुहुन्छ। उनी एउटा जवान युवती हुनुहुन्छ जो एकसमय धेरै पिउने गर्नुहुन्थ्यो; यहाँ भएका तपाई कतिपयलाई, शायद एउटा अन्जान हुनसक्छ। मैले त्यसो भन्दा रोजेल्लालाई फरक पर्दैन। जब उनी माथि त्यहाँ मंचमा आईन्—आईन् जहाँ...माथि यहाँ इन्डियानामा। तपाईले कहिल्यै दरिद्र देख्नुभएको छ, उनी ती मध्ये एक थिईन्, एउटा धेरै पिउने केटि। जहाँ, सिकागोका चारओटा महान चिकित्सकले भनेका थिए कि उनी...शराबी बेनामी, र सबैकुराले, उहाँलाई आश मारेको थियो। तर एक रात जब उनी सभामा आईन्, पवित्र आत्माले उनको जीवनलाई खुलासा गरिदिनुभयो र ठिक त्यहाँ उनलाई भन्नुभयो। त्यसले सबैकुरा मिलायो।

335 उनलाई अहिले हेर्नुहोस्, मलाई लाग्छ, तिस–केहि उमेरको हुनुभयो, अठार जस्तो हुनुहुन्छ; प्रिय, सुन्दर जवान युवती। त्यो बेला देखि कहिल्यै ह्विस्की चाख्नुभएको छैन; यसको कुनै चाहना नै छैन। ख्रीष्टको लागि बाँचिरहनुभएको छ, वरपरी सडकमा जाँदै, जताततै, परमेश्वरको महिमाको गवाहि दिदै, पापीहरु र जडियाहरुलाई, सबै स्किड रोजबाट भएर, र सबैकुराहरु, सिकागो भएर, प्रभुको लागि केहि गर्दै हुनुहुन्छ।

336 उनी प्रभु येशूको नाउँमा बप्तिष्मा भएकी हुन्, र उनकी आमा पनि आजराति त्यहि गर्न आउनुभएको छ; यदि परमेश्वरले उहाँलाई निको

पार्नसक्नुभयो भने, यदि येशूले उहाँलाई निको पार्नुभयो भने…"वचनमा वा काममा तिमीहरुले जे पनि गर्छौ, सबै नाउँमा गर्ने गर…" [मण्डलीले भन्छन्, "येशू ख्रीष्ट।"—सम्पा।] त्यो नै हो जे बाईबलले भनेको छ। त्यो सहि हो।

337 ठिक छ, अब हामी बप्तिष्माको सेवा गर्न जाँदैछौ। हामीले सेवालाई तयारी गर्दै गर्दा, हामीहरु बत्तिलाई निभाउनेछौ केहि मिनेटको लागि, बप्तिष्मा लिनको लागि, र—र त्यसपछि हामी प्रभुसंग राम्रो समयको अपेक्षा गर्नेछौ।

338 के आजराति हामी बप्तिष्माको सेवा गर्न जाँदैछौ? ठिक छ, तपाई—तपाई तयार भएको बेस हुन्छ। र म शुरू गर्नेछु, हामी अघि बढ्दै गर्दा म गीतहरुलाई अगुवाई गर्नेछु। उहाँहरुले बनाउदै गर्दा…[भाई नेभिलले भन्नुहुन्छ, "के त्यहाँ पछाडि कुनै कपडा छ यहाँ, डक?"—सम्पा।] बप्तिष्माको, लुका, डक, छिट्टो। ठिक छ।

339 यी मध्ये एउटा राम्रो पुरानो गीत गाऔ…[टेपमा रिक्त स्थान—सम्पा।]

340 हामीले त्यो गर्दै गर्दा, हामी छोड्दै गर्दा, हामीले के गर्नुपर्छ?

येशूको नाउँ हामीसंगै लानुपर्छ,
उनको पाउमा पराजित भई झूकी,
राजाहरुका पनि राजा स्वर्गमा, हामी उहाँलाई मुकुट
  पहिराउछौ,
जब हाम्रो यात्रा पूरा हुदछ।

ठिक छ, हाम्रो खुट्टामा उभिऔ।

येशुको नाउ तपाईसंग लिनुहोस्,
शोक र विलापको बच्चा;
यसले तपाईलाई आनन्द र सान्त्वना दिनेछ,

341 म तपाईलाई के गर्ने भन्छु। वरपर फर्किनुहोस् र त्यहाँ कसैसंग हात मिलाउनुहोस्, र भन्नुहोस्, "तपाई कस्तो हुनुहुन्छ, भाई? म तपाईसंग सेवामा हुँदा निश्चित रूपमा खुसी छु।"

अमूल्य नाम, ओ कति मिठो!
…र स्वर्गको आनन्द;
अमूल्य नाम, (अमूल्य नाम!) ओ…

58-0928E सर्पको बीउ
ब्रन्हाम टेबरनेकल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

Voice Of God Recordings, India Office
19 (New No: 28) Shenoy Road, Nungambakkam
Chennai 600 034, India
044 28274560 • 044 28251791
india@vgroffice.org

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org